बौद्ध मासिक

# धर्म चक्षु

वर्ष ८ अंक ८ पूर्णाङ्क ४४

## सोम बज्राचार्य -स्मृति अंक



सामूहिक ज्ञानमाला 'भजन' गाउँदै सोम बज्राचार्य (सेतो जाकेटमा)

# DHARMA CHAKSHU

मूल्य रू. १५/-

हाम्रा अत्यन्त सहयोगी ख्यातिप्राप्त गीतकार तथा संगीतकार **सोम बज्राचार्यको मिति २०६२ मंसिर २६ गते भएको असामयिक देहावसानले हामीलाई स्तब्ध पारेको छ ।**

हामी वहाँको सुखावती भुवनमा वास होस् भन्ने कामना गर्दै शोक संतप्त परिवारप्रति समवेदना प्रकट गर्दछौं ।

*कृष्ण बहादुर गुरुङ*

**अध्यक्ष**

**विश्व शान्ति स्तूप समिति परिवार, पोखरा**

---

हाम्रा संघका सहयोगी सदस्य गीतकार तथा संगीतकार

**सोम बज्राचार्यको असामयिक निधनबाट**

हामीलाई गहिरो चोट लागेको छ। हामी वहाँलाई श्रद्धाञ्जली अर्पण गर्दै शोक संतप्त परिवार प्रति समवेदना व्यक्त गर्दछौं ।

*महेन्द्रमान गुभाजू*

अध्यक्ष

पोखरा सुन चाँदी व्यवसायी संघ परिवार, पोखरा

---

अनिच्चावत संखारा

यस संघका भूतपूर्व अध्यक्ष तथा नेपाल राष्ट्रिय ज्ञानमाला समितिका केन्द्रीय सदस्य

**चर्चित गीतकार तथा संगीतकार सोम बज्राचार्यको निधनबाट**

हामी मर्माहत भएका छौं। वहाँले ज्ञानमाला भजनको क्षेत्रमा पुऱ्याउनु भएको योगदान अविस्मरणीय छ। हामी वहाँको निर्वाणलाभको कामना गर्दै शोक संतप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

*गोविन्द ताम्राकार*

अध्यक्ष

तथा ज्ञानमाला संघ परिवार

धर्मशीला बुद्ध बिहार, पोखरा

बौद्ध मासिक

# धर्म चक्षु

THE DHARMA CHAKSHU Buddhist Monthly – Pokhara, Nepal

धर्मशीला बुद्ध विहार, धर्मशीला मार्ग, नदीपुर, पोखरा फोन: ५२०५१७

वर्ष - ८, अङ्क ८, पूर्णाङ्क - ४४ पुस/माघ-२०६२

बुद्ध संवत-२५४९ ने.सं. ११२६ / Feb.: 2006

**प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द,- ५२०५१७

**प्रकाशक**

ज्ञानमाला संघ

**व्यवस्थापक**

अनागारिका कर्मशीला

(संस्थापिका, धर्मशीला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

(विकाशरत्न शाक्य, चेतन सिं ताड्वे, बलराम लामा)

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा शाक्य

**सहयोगीहरु**

याम कुमारी गुरुङ, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

फोन:- ५२०२४६

**मुद्रण**

हिमालय अफसेट प्रेस, नयाँ बजार

## विषय सूची

- सम्पादकीय.......................................................२
- सोमको सुमधुर सम्झना — हेमराज पहारी............३
- एउटा असहज मृत्यु — विश्व शाक्य..............६
- मेरो मानसपटलमा संगीतज्ञ..... — भूपनीधि पन्त..............८
- दिवंगत गायक सोम........ — तीर्थ श्रेष्ठ.................१०
- मलाई माफ गर सोम भाई — विजय वज्रिमय..............१२
- कहाँ गयौ सोम तिमी — सुवर्ण बज्राचार्य...........१३
- अधुरै रह्यो सोम-भोज — भोजराज ज्योपाने..........१४
- सोमको सम्झना — कृष्णबहादुर श्रेष्ठ.........१५
- सुरिलो कण्ठमा नाइलोनको..... — महेन्द्र श्रेष्ठ.............१७
- श्रद्धा सुमन — हरिदेवी कोइराला........१८
- ज्ञानमाला भजनको प्रवर्द्धन..... — गोविन्द ताम्राकार.........१९
- उदयमान ताराको अस्त...... — गेहेन्द्रभूषण पोखरेली....२२
- साथी सोम मेरो संझनामा — आनन्द श्रेष्ठ..............२३
- जीवनको अहम प्रश्न ? — ईश्वरमणि अधिकारी....२५
- सोम बज्राचार्य - मेरो नजरमा — कृष्णमान गुभाजू........२७
- संझनाका तरेलीमा: सोम दाई — दीपेन्द्र श्रेष्ठ..............२९
- सोम दाईसँगका सम्झना.... — आरजु विष्ट सल्यानी....३३
- सोम बज्राचार्य- व्यक्ति एक.... — उत्तम मान बुद्धाचार्य....३६
- श्रद्धाञ्जली.......................................................३९

सम्पादकीय

# श्रद्धाञ्जली सोम बज्राचार्य

सोम बज्राचार्य एक गायक तथा संगीतकार थिए। उनको स्वरमा आधुनिकता थियो, मिठास थियो, उनका गीतहरु सुनिरहुँ जस्तो लाग्दथ्यो। उनले संगीतको क्षेत्रमा सालको पात बजाउँदै आए, लोकगीत गाए। उनले यता हेर उता हेर बुद्धको खोजी गर, आफ्नै मनभित्र चियाइ हेर, यही पो रहेछ बुद्ध भनेर बुद्धलाई पाएको अनुभूति गरे र लेऊ शरणमा प्रभु हामीलाई, अभिवादन गर्छौं सदा तिमीलाई भनी भक्तिभाव प्रकट गरे। ज्ञानमाला भजन गाए। नेवारी भाषामा सीमित ज्ञानमाला भजनलाई नेपाली भाषामा गाए तथा त्यसलाई नेपालमा नै पहिलोपटक क्यासेटमा स्वरबद्ध गरी जनजनमा पुऱ्याए र लोकप्रिय पारे। उनले ती भजनको माध्यमबाट बुद्धधर्मको प्रचारप्रसार गर्ने काम गरे।

उनी बौद्ध थिए। जन्मजात बौद्धहरुको स्वभाव अनुकूल उनी धार्मिक सहिष्णुतामा विश्वास गर्दथे र सबै धर्म प्रति समभाव राख्दथे। उनले धर्ममा कहिले कट्टरता देखाएनन्। उनी हिन्दु भजन पनि उत्तिकै गाउँथे, दाफा भजन गाउँथे। जुनै पूर्णिमाको दिनमा दिवगत व्यक्तिको मुक्तिका लागि आयोजना गरिने रामायण गाउन उनी सधै तैयार हुन्थे, जहाँ बोलाए पनि खुशीसाथ जान्थे र सरल र स्वाभाविक रुपले रामायण गाएर हिड्थे। सबैलाई सहयोग गर्दथे। अब उनको सहयोग सबैका स्मृतिको विषय भएको छ।

संगीत क्षेत्रमा तल्लीन उनका गीतहरु लोकप्रिय बन्दै गएको हामी पाउँछौं। बीचमा आएर के भयो, उनले के सोचे, आफ्नो मति विग्रेको कुरा व्यक्त गरे, त्यो के हो कसैले थाहा पाएनन्, तर उनले सबैलाई राम राम छ भनेर गए, आफूले आफैलाई विसर्जन गरी २०६२ मंगसिर २६ गते सबैलाई स्तब्ध पारी गए।

२०१६ साल वैशाख १४ गते जन्मेका सोम बज्राचार्यको गीत र स्वर मात्र राम्रा भएका होइनन्, ती गीत र स्वर जस्तै उनी पनि राम्रा थिए। हँसिला, फरासिला, सधैं कलिलै देखिने उनी मिजासिला थिए, सबैलाई आदर र सम्मान गर्दथे। सबैको वचन राख्दथे। उनी उदार थिए र उदारतापूर्वक सहयोग गर्दथे। उनको उदारता र सहयोगका कारण संघ संस्थाको गति थपिएको र जीवन्त भएका उदाहरण यताउता पाउन सकिन्छ। पोखरालाई साहित्य संगीत र कलाको राजधानी बनाउने अभियान अन्तर्गत परिकल्पना गरिएको सिर्जनाग्रामको लागि सराङ्कोट गाविसको रमाइलो डाँडामा उनले पोखरेली युवा सांस्कृतिक परिवारलाई दुई रोपनी जमिन र निर्माण शुरु गर्न रु ५० हजार नगद प्रदान गरे, जसको कारण पोखराकै विशेषताका रुपमा चन्द्रलक्ष्मी सिर्जनाग्राम निर्माण भैरहेछ। यस्तो सहयोग धेरै ठाउँमा गरेर उनले आफूलाई उदारदाता का रुपमा स्थापित गरेका छन्।

उनी सानै उमेरदेखि बुद्ध विहारको संसर्गमा थिए। विहारको क्रियाकलापमा सक्रिय हुँदै उनी ज्ञानमाला संघको सदस्य र २०५० देखि २०५४ सम्म संघको अध्यक्ष पदमा रही नेतृत्व प्रदान गरे। उनले आफ्नो कार्यकालमा आफ्नै संयोजकत्वमा ज्ञानमाला भजन संग्रह प्रकाशित गरे। उनी ज्ञानमाला भजन गाउँदै बाग्लुड, लुम्बिनी, कपिलवस्तु, तानसेन, नारायणगढ, धरान, भक्तपुर, काठमाडौं हुँदै जापान सम्म पुगे। उनले क्यासेटमा ज्ञानमाला भजन संग्रह भाग १ र २ तथा अमृताञ्जली भजनमाला भाग १,२ र ३ प्रकाशित गरेका छन्। उनले ज्ञानमाला भजन गाउनमा पुऱ्याएको योगदानको कदर गरेर काठमाडौं स्थित स्वयम्भु ज्ञानमाला भजन खलले उनलाई "ज्ञानमाला रत्न शिरपा" प्रदान गरेको छ।

साहित्य, संगीत र कलाको प्रवर्द्धनका लागि स्थापित पोखरेली सांस्कृतिक परिवारको विभिन्न पदमा रहेर पनि उनले सेवा पुऱ्याएको स्मरणीय छ। उनले त्यो परिवारको संगीत संयोजक भएर लामो समय काम गरे पछि सचिव र त्यसपछि २०५८/५९ मा अध्यक्ष समेत भएर काम गरेका थिए।

त्यसपछि केही समय विश्राम लिन खोज्दा खोज्दै पनि उनले संगीत प्रशिक्षण केन्द्रको अध्यक्षको पद ग्रहण गर्नुपऱ्यो। त्यस केन्द्रलाई जीवन्त पारिराख्न उनले ठूलो योगदान पुऱ्याएका छन्। सोम बज्राचार्यले मोहरियाटोल सफाई जागरण अभियानको अध्यक्ष भएर पनि काम गरे। जुनबेला मोहरिया टोलको सफाइ उदाहरणीय थियो। उनले धेरै संस्थामा बसेर आफ्नो सेवा पुऱ्याएका थिए।

उनले त्यसरी पुऱ्याएको योगदानको कदर गरी पोखरेली युवा सांस्कृतिक परिवारले "नेत्र स्मृति पुरस्कार" र लोक कवि अलिमियाँ प्रतिष्ठानले "अलिमियाँ लोक वाङ्मय पुरस्कार" प्रदान गरेर उनको सम्मान गरेको थियो। यसरी उनी धेरै ठाउँबाट पुरस्कृत, सम्मानित र धेरै ठाउँमा चर्चित हुँदै गैरहेको बेलामा किन हो उनले आफ्नो जीवनलीला समाप्त गरे। आफ्नो जीवनलाई के कसरी लैजाने, त्यो उनको कुरा थियो भने उनले गरेका गुणानुस्मरण गर्नु हाम्रो कुरा हो, कर्तव्य हो। त्यही कर्तव्य निर्वाहको क्रममा **धर्मचक्षु**को यो अंक प्रकाशित गरिएको छ। हामी अनिच्छावत संस्कार... स्मरण गर्दै ज्ञानमाला संघको पूर्व अध्यक्ष सोम बज्राचार्यको निर्वाण लाभका लागि हार्दिक कामना गर्दछौं।

# सोमको सुमधुर सम्झना

*- हेमराज पहारी*

पोखराका वरिष्ठ संगीतकार तथा गायक सोम बज्राचार्यको आकस्मिक मृत्युवरणले म यति मर्माहत भएको छु कि उनीसँगका विगतका सबै सुमधुर सम्झना मेरो स्मृतिको पर्दामा चलचित्रका रिलझैं एक-एक गरी फनफनी घुमिरहेका छन् । उनीसँगको निकटता र आत्मीयता अहिले मेरा लागि एउटा गहिरो पीडाको विषय बन्न पुगेको छ । उनको घरको बाटो भएर कतै जाँदा, उनका समकालीन साथीलाई भेट्दा र उनीसँगका अतीतका क्षण सम्झँदा मलाई पीडाबोध भइरहन्छ र उनको अभाव खट्किरहन्छ ।



सिर्जनाग्रामको जग्गा हस्तान्तरण समारोहमा प्रमुख अतिथि सभामुख तारानाथ रानाभाटबाट सम्मान ग्रहण गर्दै सोम बज्राचार्य ।

उनी पोखरेली सांगीतिक आकाशमा उदाएका एउटा तारा थिए र सिंगो मुलुक नै उनको सुमधुर कण्ठबाट विस्तारै गुञ्जायमान हुँदै थियो । उनी सानैदेखि हुने विरुवाको चिल्लो पात थिए र उनीमा गीत र संगीतका अनन्त सम्भावना विद्यमान थिए । यसको अलावा सोम एउटा असल छात्र र समाजको उपयोगी व्यक्ति पनि थिए । टुँडिखेलस्थित माध्यमिक विद्यालयमा म विज्ञान शिक्षक हुँदा सोमले त्यहाँ एउटा असल र उदाहरणीय छात्रको रुपमा पाँच वर्ष बिताए । उनी सदा सर्वदा प्रफुल्ल मुद्रामा हुन्थे, नियमित रुपमा गृहकार्य गर्थे र सबै शिक्षकलाई सम्मान गर्थे । मैले उनलाई कहिल्यै गाली गर्न, कक्षामा उभ्याउन र उनीबारे कसैसँग शिकायत गर्नपरेन । बरु उनका सहपाठीसमक्ष मैले उनको उदाहरण पेस गर्थे र भन्थे- 'विद्यार्थी हुनु त सोमजस्तो ।'

उनी सबैका प्यारा सोम थिए । छ/सात जना दाजुभाइ र तीन/चार दिदीबहिनीका बीचमा सबभन्दा कान्छो सन्ततीको रुपमा उनको जन्म भएकोले पनि उनी सबैका हाईहाई थिए । परिवारको सांगीतिक वातावरणमा उनी हुर्के र आफ्नो सहोदर गायक दाजु सरोजगोपालको प्रसिद्धिले उनलाई पनि गीत-संगीतमा लाग्ने प्रेरणा प्रदान गऱ्यो । उनले स्थानीय तहकाराष्ट्रिय तहका केही गायक र गायिकासँग मिलेर भजन र गीत गाए । उनको उमेर बढ्दै जाँदा उनको शैक्षिक योग्यता, गाउने सीप र श्रीसम्पत्ति पनि बढ्दै गयो । सबै कुराले उनलाई साथ दियो । उनलाई कुनै कुराको अभाव महसुस गर्नुपरेन । सबै कुराले सुसम्पन्न हुने व्यक्ति अक्सर अहंकारी हुन्छन् । एक/दुई वटा गीत हिट हुने बित्तिकै कतिपय गायक गायिकाले आफूलाई स्वर सम्राट र स्वर साम्राज्ञी ठान्छन् । तर सोममा अहंकार र दम्भको एउटा तृण पनि देखा परेन । उनी सधैं नम्र र सबैको प्रियपात्र भएर रहे । जहाँ जसले बोलाए पनि उनी त्यहाँ पुग्थे र आफ्नो गरिमामय उपस्थिति प्रदान गर्थे । २०३१ सालमा हाइस्कुल पास गरेर गएपछि सोमको र मेरो धेरै वर्षसम्म नियमित भेटघाट भएन । २०-२२ वर्षको अन्तरालपछि म साहित्यिक फाँटमा देखा पर्न थालें र प्रत्येक साहित्यिक र सांगीतिक समारोहमा सोमको र मेरो पुनः नियमित भेटघाट हुन थाल्यो । गीत-संगीतमा आफ्नो प्यारो चेलाले प्राप्त गरेको प्रसिद्धिले म प्रफुल्ल थिएँ भने साहित्यिक क्षेत्रमा आफ्नो गुरुको आगमनले उनी पनि मसँग प्रसन्न थिए ।

हाइस्कूलकालीन उनको शिष्टता र

सौम्यतालाई सांगीतिक प्रसिद्धि र आर्थिक उपलब्धिले कत्ति पनि विचलित हुन दिएको थिएन । छात्रसुलभ प्रसन्नता र निश्चिन्तताले उनको चालिसे उमेरलाई पछ्याइरहेका थिए । सदासर्वदा प्रफुल्ल मुद्रामा प्रस्तुत हुने हँसिलो र रसिलो सोमलाई देख्दा मलाई यस्तो लाग्दथ्यो-'यो मान्छेलाई जीवनका काँडाले कोप्नै सक्दैनन् ।' जीवनको काँडाले नकोपेर हो वा त्यो कोपाइलाई दबाएर हो सोम प्रसन्नताका प्रतीक थिए । उनले मलाई बारम्बार भन्ने गर्थे-'तपाई राम्रा-राम्रा गीत लेख्दै जानोस् म गाउँदै-गाउँदै जान्छु ।' यसै क्रममा मैले सोमलाई दुई चार वटा गीतमा संगीत भर्न दिएँ । ती गीतले आफ्नो पालो पर्खेर बसेका थिए । तर ती अभागी गीतले सोमको सुमधुर गलाबाट स्वरवद्ध हुने अवसर पाएनन् । ती गीत पनि अनाथ हुन पुगे । सांगीतिक क्षेत्रको अपूरणीय क्षति तिनले पनि भोग्नुपर्‍यो ।

कुनै पनि संघसंस्था र व्यक्तिलाई उदारतापूर्वक आर्थिक सहयोग उपलब्ध गराउने सोम एउटा उदारमना गायकको रुपमा पनि चर्चित र प्रतिष्ठित थिए । आर्थिक सहयोगको आशामा उनको ढोकामा आउने कसैलाई पनि सोमले कहिल्यै रित्तो हात फर्काएनन् । एकपल्ट म आफै पनि साहित्यिक मित्र भीम रानाभाटलाई लिएर सोमकोमा गएँ र भनें-'सोम एउटा साहित्यिक पत्रिका निकालौं भनेको पैसाले पुगेन ।' सोमले प्रश्न गरे-'कति चाहियो सर ?' यति चाहियो भनेर मैले रकम तोकिन । उनको उदारताको नाजायज फाइदा उठाएर उनीबाट मोटो रकम असुल्न मलाई मन लागेन र मैले भने-' खोई । कति भनौं, अहिलेलाई अलिकति भए हुन्छ ।' तर सोमले हामीले अपेक्षा गरेभन्दा बढी रकम, सम्मान र सत्कार गरेर हामीलाई बिदा गरे । साहित्यिक पत्रिकाको लागि पैसा संकलन गर्ने सन्दर्भमा भीम रानाभाट र म तारे होटलका मालिक र बडेबडे धनाढ्यकोमा पनि पुगेका छौं । तर सोमको जस्तो सदाशयता र उदारता कसैले पनि देखाएनन् । बिदा हुने बेलामा मैले सोमलाई भने-'सोम, एकपल्ट श्रीमतीलाई लिएर मकहाँ चिया खान आउनुपर्‍यो ।' मेरो निमन्त्रणालाई सहर्ष स्वीकार गर्दै सोमले भने-'हुन्छ सर हामी जरुर आउँछौं ।' तर त्यो दिन अब कहिल्यै नआउने भयो ।

अलि मियाँ लोक वाङ्मय प्रतिष्ठानले सोमलाई सम्मान गर्‍यो । सम्मानित भएपछि हामीले हाँसो गर्दै सोमलाई भन्यौं-'अब तपाईंले सक्रिय रुपमा संगीत साधना गर्नुपर्दछ । अन्यथा हामी तपाईंका सबै मानपदवी खोस्छौं ।' सोमले हाँस्दै भने-'हुन्छ हुन्छ म अब सक्रिय रुपमा लाग्छु, तपाईहरु ढुक्क हुनुहोस् ।' हामीलाई आश्वासन दिएको एकवर्ष वर्षपछि सोमले आफैले मोडलिङ गरेका दुईवटा श्रव्य-दृश्य गीत सांगीतिक जगतलाई दिए पनि । तत्पश्चात् के कुरामा मन बिग्रारेर हो उनले हामी सबैलाई स्तब्ध पार्ने गरी गत मंसिर २८ गते आफ्नै नवनिर्मित घरमा झुण्डिएर आत्महत्या गरे । एउटा होनहार प्रतिभा ४६ वर्षको अल्पायुमै अस्तायो ।

संसारमा सबै कुराले सुसम्पन्न हुने सौभाग्य सबैका लागि सम्भव छैन । धेरै मानिस अभाव र पीडाका बीचमा पनि हाँसिरहेका छन् र बाँचिरहेका छन् । सोम लगभग सबै कुराले सुसम्पन्न थिए । शिक्षा, स्वास्थ्य, समृद्धि, प्रसिद्धि आदि सबै कुराले उनलाई साथ दिइरहेका थिए । उनीजस्तो व्यक्तिले त्यस्तो निन्दनीय मृत्युवरण गर्नुहुँदैनथ्यो । जीवन संघर्षमय हुन्छ र यो कसैका लागि पनि सजिलो हुँदैन । उनले कमसेकम आफ्नी श्रीमती या आफ्ना अन्तरंगसँग आफ्नो वेदना पोख्नुपर्थ्यो । यदि पोखेको भए त्यसको समाधान जरुर निस्कन्थ्यो । कुनै एक जनासँग पोख्नुपर्ने पीडा कसैसँग पनि नपोखेर उनले ठूलो गल्ती गरे । 'विचलित मनको वेगलाई रोक्न बुद्धको शरणमा जाऔं' भनेर हामीलाई आफ्ना राहतकारी भजनद्वारा आह्वान गर्ने सोम आफ्नै विचलित मनका शिकार बन्न पुगे । विचलित अवस्थामा आफू एक्लैले गरेका निर्णय प्रायः आत्मघाती हुन्छन् ।

मलाई लाग्छ, तमाम आत्महत्याका निर्णय यस्तै विचलित अवस्थाका आत्म-फैसला हुन् । यसरी मृत्युवरण गर्नेले आफूलाई एउटा अव्यक्त पीडाबाट मुक्त त गर्छन् तर गलत ढंगले । सोमले आफ्नो पीडालाई मात्र प्राथमिकता दिए तर आफ्नो मृत्युवरणले गर्दा अरुले भोग्नुपर्ने पीडाको ख्याल गरेनन् । उनीप्रति आश्रित उनका ९२ वर्षका वृद्ध

पिता, श्रीमती, दिदी, छोरा-छोरीलाई उनको देहावसानले पार्ने एउटा ठूलो बज्रपातलाई उनले पूर्वानुभव गर्न सकेनन् । सोमको शवयात्राको दिनमा सबैका आँखामा उर्लेका आंसु, उनका परिवारजनको रुवाबासी र गीत-संगीत क्षेत्रमा परेको क्षतिलाई उनले पूर्वानुमान र आंकलन गर्न सकेको भए उनले आत्महत्या गर्ने थिएनन् । राष्ट्रिय माध्यमिक विद्यालयका अन्य दुई/तीन जना विद्यार्थीले पनि केही वर्ष पहिले सोमले झैं निन्दनीय आत्महत्याद्वारा आफूलाई समाप्त पारे । त्यो बेला पनि तिनीहरुका आफन्तजन, इष्टमित्र र शुभेच्छुकमा यस्तै रुवाबासी चलेको थियो र यस्तै स्तब्धता, विह्वलता र सन्नाटा छाएको थियो । ती पनि क्षमतावान् र प्रतिभाशाली विद्यार्थी थिए ।

यस्ता क्षमतावान् व्यक्ति एउटा सानो कुराबाट किन विचलित हुन्छन् ? मलाई लाग्छ, यी सबै विचलित मनका घातक निर्णय हुन् । तसर्थ मन विचलित हुँदा आफूलाई सम्हाल्न नसक्ने एक्लै नबस्न, आफ्नो आन्तरिक वेदना कसैसँग व्यक्त गरुन् र पीडाबाट छुटकारा पाइने सही मार्गको अवलम्बन गरुन् । आधुनिक विज्ञान र मनोविज्ञानले मन्थन गरेर निकालेका दुख निवारणकारी औषधी र उपाय मनोचिकित्सकसँग छन् । मन विचलित हुनेहरु मनोचिकित्सककोमा जाउन् । अन्तरमनमा पीडा, व्यथा र वेदनालाई कसैले पनि नदबाउन् ।

अन्तरमनका वेगलाई बलजफ्ती दबाएर मर्द, बहादुर र आत्मसंयमी टोपलिन खोज्दा फिनल्याण्ड भन्ने देशका रुग्ण मानिसजस्ता बन्न पुगिन्छ । फिनल्याण्ड भन्ने देश आफ्ना कतिपय गुणका बावजुद एउटा दुर्गुणले ग्रस्त छ । त्यो देशका मानिस अरु देशका मानिसभन्दा डिप्रेशन (उदासिनता), अल्कोहोलिज्म (नशा-निर्भरता) र आत्महत्याले बढी आक्रान्त हुने गर्छन् । यसको दोष अन्तरमनका वेदना सितिमिति व्यक्त नगर्ने त्यहांको प्रचलनलाई दिइएको छ । आफ्ना अन्तरमनका व्यथा व्यक्त गर्ने र रुने मान्छेलाई त्यहाँ आइमाइ जस्तो र रुन्चे केटाकेटीजस्तो भनेर होच्याइन्छ भने व्यक्त नगर्नेलाई त्यहाँ बहादुर, मर्द र आत्मसंयमी भनेर तारिफ गरिन्छ ।

सामाजिक रुपले मान्य र स्वीकार्य बन्न खोज्दा मानिस मानसिकरुपले रुग्ण बन्न पुग्दछ । मनोचिकित्सक भन्छ-'यस्ता मानसिक रोगी नै उदासीन, जंड्याहा र आत्महत्यारा बन्न पुग्छन् ।' जीवनका झीना-मसिना र सानातिना कुराले विचलित भएर केटाकेटीझै सधैं रुँदै हिड्नु मनासिब र पुरुषोचित नठहरिने कुरा एक हदसम्म ठीकै पनि हो । तर अन्तरमनको वेदना कति पनि रुँदै नरुनुलाई स्वास्थ्योचित र मानवोचित कार्य भन्न पनि मिल्दैन । जुन क्रियाकलाप स्वास्थोचित र मानवोचित हुन्न त्यो कसरी पुरुषोचित र स्त्रीयोचित हुन सक्छ ?

फिनल्यान्डको मात्रै के कुरा, अन्य देशमा पनि महिलाभन्दा पुरुष चाँडै मर्छन् र महिलाले भन्दा पुरुषले नै बढी मात्रामा आत्महत्या गर्छन् । यसरी नारीभन्दा पुरुष छिटो मर्नुपर्ने र नारीले भन्दा पुरुषले बढी आत्महत्या गर्नुपर्ने विविध कारणमा अन्तरमनका वेदना व्यक्त नगर्नु र नरुनु पनि एउटा प्रमुख कारण हो । नारीले आफ्ना अन्तरमनका व्यथाहरु व्यक्त गरि रहने र रुने हुँदा तिनीहरुले आफूलाई सदासर्वदा हलुका पारिरहेका हुन्छन् । पुरुषले त्यसो नगर्ने हुँदा तिनका अन्तरमनका व्यथा थुप्रिदै जान्छन् र ती विष्फोटकरुपमा प्रस्तुत हुन्छन् । अतः अन्तरमनका पीडा र औडाहा व्यक्त नगर्दा मर्द र आत्मसंयमी ठहरिने घातक मान्यताबाट हामी सबै मुक्त होऔं । कुनै पनि मान्यता यदि स्वास्थ्योचित र मानवोचित छैनन् भने न ती पुरुषोचित हुन्छन् नत स्त्रीयोचित नै ।

भनिन्छ, हाम्रो शरीर मनको एउटा वफादार अनुचर हो । शरीरले मनको आशा शीरोपर गर्छ । यो मनोवैज्ञानिक तथ्यलाई सोमको अप्रत्याशित मृत्युवरणले पनि प्रमाणित गरिदिएको छ । विश्व ब्रह्माण्डको दिग्विजय गर्दै आएको चक्रवर्ती मानिस अन्ततः आफ्नै मनद्वारा पराजित हुन पुगेको छ । बाबु-आमाले माया गरेर यत्नपूर्वक हुर्काई दिएको बलियो-बाङ्गो शरीरलाई पनि मनको एउटा क्षणिक निर्णयले कर्कलाको डाँठ बनाउन सक्तोरहेछ ! औषधि विज्ञानले आफ्नो सयौं वर्षको अथक खोज र

***बाँकी ४७ पेजमा....***

***सोमको सुमधुर सम्झना........***

# एउटा असहज मृत्यू

- विश्व शाक्य

सोमले (सोम बज्राचार्यले) ऐच्छिक मृत्यु वरण गरेको भोलिपल्ट विहान ५:३० बजेतिर फोनको घण्टी बजेको थियो। यो समयतिर प्रायस अस्ट्रेलियाबाट कान्छा छोरा निशेषले फोन गर्ने गर्थ्यो। किनभने छ बजेतिर पंक्तिकार निस्किहाल्थें। कान्छा छोराको फोन आयो भनेर बूढीलाई उठाउँदै पंक्तिकार हतपत् फोन उठाउन गयो। उताबाट आएको स्वर कान्छा छोराको थिएन। सधैं झैं कान्छा छोरा भनेर पंक्तिकारले "के छ त यार विहान विहानै ?" भनेर वार्तालाप सुरु गरेको यार त यार सम्धियार पो पर्नु भएछ। नदीपुरबाट सम्धिभाइ झलक शाक्यले सोमको ऐच्छिक मरणबारे जानकारी दिन एकाविहानै फोन गर्नु भएको रहेछ। सोमले मृत्युवरण गर्‍यो भन्ने वित्तिकै उनीभित्र अवश्य केही मानसिक दुर्घटना भयो भन्ने पंक्तिकारले सोच्यो। हामी सम्धि बीचको कुरागराई सुनेर बुढीले "कस्को फोन रहेछ ?" भनेर सोधी। पंक्तिकारले सोमले राती ऐच्छिक मृत्युवरण गरेको कुरा सुनाउँदा उनी पनि आश्चर्यमा परिन्। यो खवर सुन्नासाथ पंक्तिकारको अन्तरमन र चेतनाले भन्यो-"सोमले मर्न जानेन छ।" यही कुरा पंक्तिकारले बुढीलाई पनि सुनाए। बुढीले "सोम भाइलाई के त्यस्तो परेछ होला र यस्तो अप्रीय निर्णय गर्नु पर्‍यो होला" मात्र भनिन्।

मंसीर २७ गते विहान ७ बजेतिर सोमले मृत्युवरण गरेको घर लक्ष्मी निवास पंक्तिकार पुग्यो। सोमललाई चिन्ने सबैखाले मान्छेको भीड त्यहाँ लागि सकेको थियो। पंक्तिकार केहीबेर त्यहाँको वातावरण हेरी घर फर्क्यो। अस्पतालको कानुनी प्रकृया र बेलायत पढन गएको छोरा अन्त्यष्टिमा सामेल हुन आउने भन्ने कुराले समय लाग्ने निश्चित थियो। भयो पनि त्यस्तै। २८ गते मात्र अन्त्यष्टि हुन सक्यो। सोमको अन्त्यष्टिमा सामेल भएका सबै उमेर र खालका मान्छेहरुको भीड देख्दा सोमको यो आत्मनिर्णय गलत थियो भन्ने मान्न सकिने यथेष्ट आधार थियो। यति विघ्न उमेरको पावन्दि नभएका सबैखाले मान्छेले सोमलाई माया मान्दा रहेछन् भन्ने उनको शवयात्रामा सामेल भएका जनसमूहले बताइ रहेको थियो। फेरि पनि उनले यस्तो अप्रिय आत्म निर्णय गरे, जुन उनको क्षणिक आत्म सन्तुष्टिका लागि त ठिकै भयो होला तर बहुसख्यकका लागि ठीक भएन। किनभने सोम आफूले आफूलाई एक्लो नितान्त एक्लो निरीह व्यक्ति सम्झे पनि वास्तवमा उनी व्यक्तिभन्दा धेरै माथि उठेर एउटा संस्था बनिसकेका थिए, तर त्यसको आभापसम्म उनलाई भएन। उनले आफूलाई अति एकांकी लिन बाध्य तुल्याए। त्यसैले पनि पंक्तिकार लाई उनको मृत्यु खबर प्राप्त हुनासाथ लागेको थियो कि सोमले वास्तवमै मर्न जानेन।

सोमको मृत्यु खबरले पंक्तिकारलाई एकाएक २६०० वर्ष अगाडि भगवान् सम्यक सम्बुद्धको समकालमा पुर्‍याएको थियो। भगवान् गौतम बुद्धले यही धरतीमा जन्मेर आजभन्दा २६०० वर्ष अगाडि यही धरतीको सेरोफेरो र हावापानीमा मान्छेलाई विशुद्ध मान्छे भएर वाँच्नका लागि मात्र होइन आत्म सन्तुष्टिका साथ सहज मृत्युपनि सिकाउनु भएको थियो। सन्तुष्टिकासाथ सहज मृत्यु वरणलाई उहाँ 'निर्वाण' भन्नु हुन्थ्यो। सिद्धार्थ गौतमले बुद्धत्व ज्ञान प्राप्त पछिका सम्पूर्ण आफ्नो समय जानेर नजानेर मृत्युसँग भयभित, दुःख पाइरहेका मान्छेहरुलाई निर्वाणको वाटो देखाए। सहज मृत्युवरणको उपाय सिकाए। दुःखबाट विमुक्त हुने ज्ञान सिकाए। तर आज उनको ज्ञान प्रचारमा क्रान्तिकारी पाइला बढाएर हिंड्ने सोम बज्राचार्य, बुद्धको ज्ञानको माला उनेर काठमाडौं खाल्डोमा मात्र सीमित नेवारी भाषी ज्ञानमाला भजनलाई नेपाली भाषामा गाएर, लेखेर, सङ्गीत भरेर पूर्व मेची देखि पश्चिम महाकालीसम्म मात्र होइन्, नेपाली भाषाभाषीको जनजिब्रो सम्म पुर्‍याए, तर आफू एकाकी मृत्यू वरण गरे। यो कुनै

पनि दृष्टिकोणले न्यायोचित थिएन । बुद्धको अनुयायीको हिसावले त झन एकदमै उचित थिएन । किनभने बुद्धले जहिले पनि मान्छेलाई सचेत मान्छे भएर बाँच्न सिकाए । वेहोशीमा मान्छेले हुने नहुने जे काम पनि गर्नसक्ने भएको हुँदा पूर्ण होस हवासमा बाँच्न सिकाए । पूर्ण होस हवासमा आफूमात्र होइन, अरुलाई पनि बाँच्न दिनुपर्छ भनेर आफू बाँच्ने र सुखी हुनको साथसाथ अरुको सुखका लागि पनि प्रेरित हुन सिकाए । यही 'आफू पनि सुखी हुने र अरुलाई पनि सुखपूर्वक बाँच्न दिने' मूल धम्म मन्त्रलाई परिपालना गराउनका लागि बुद्धले बुद्धत्व प्राप्ती पछिको आफ्नो सम्पूर्ण समय दुःख पाइर हेका मान्छेहरुको दुःखमुक्तिका लागि दुःख, अनित्य अनात्म वारे बोध गराउँदै हिड्नु भयो । जो जो व्यक्ति



सोमबज्राचार्य 'ज्ञानमाला भजन' गाउँदै ।

बुद्धको संसर्गमा आए, धम्मको संसर्गमा आए, ती व्यक्तिहरुले मृत्यूलाई चिने, दुःखलाई चिने, मृत्युपीडाको कारणलाई चिने त्यसको निवारणमा जुटे । अन्ततः मृत्यु माथि विजय प्राप्त गरे र निर्वाणलाभी भए । जो बुद्धको संसर्गमा आएर पनि, धम्मको संसर्गमा आएर पनि दुःख, अनित्य, आनात्म भावलाई बुझ्न सकेन, दुःखका कारणहरुको निवारणमा जुट्न सकेन, तिनले मृत्युलाई पहिचान गर्न सकेनन् । तिनले मृत्युमाथि विजय प्राप्त गर्न सकेनन् र भवचक्रमै अलमलि रहे । अनाम मृत्युहरु वरण गर्दै रहे ।

यसरी बुद्धले सिकाएको निर्वाणको गीत गाउँदा गाउँदै सोम गीतमै सीमित रहे । बुद्धले सिकाएको मृत्युबोधका कुरा उनले स्मरण गरेको भए उनी त्यसरी एक्लै एक्लै मृत्यु वरण गर्ने थिएन मलाई यस्तै लाग्छ । उनी एक्लै एक्लै आफ्नै लागि मात्र मर्ने थिएनन् । मर्नै थियो भने पनि सबैका लागि मर्थे । जे होस् हुने हुनामी भैसक्यो । सोम जुनबाटो हिंडन सक्थे, सोमले जुन बाटो हिड्न क्षमता राख्दथ्यो सायद त्यो क्षमताको प्रयोग उनले गरेनन् उनी गलाका धनी थिए, कलाका धनी थिए, मनका पनि धनी थिए फेरि पनि सोम जसले निर्वाण लाभ गर्ने क्षमता राख्थ्यो कता बाटो बिरायो ? यतिखेर पंक्तिकारको मन सार कट्कटिएको छ । मानिसको चोला मरणशील चोला हो । मानिस जन्मेपछि मर्नु त छ छ । तर सोम जस्ता एक होनहार युवा जसले समाजका लागि धेरै कुरा दिन सक्थे, आफू सुखसँग बाँचेर अरुलाई पनि निर्वाध सुख पुऱ्याउन सक्थ्ये, समाजको लागि ठूलो सम्भाव्यता बोकेर अगाडि बढिरहेका थिए, एकाएक कसैको मनमा किन्चितमात्र पनि सन्देह नछोडेर कसरी इहलिला समाप्त गऱ्यो ? यो घटना हामी उनका हितैषी, शुभेच्छुक र परिवारजनका लागि एउटा चेतावनी भएको छ । कि हाम्रो बेहोशीले, हाम्रो मार्गदर्शनको कमजोरीले, कि हामीले दिनुपर्ने आत्मिक सहयोगको उपेक्षाले हाम्रो आफ्नै सम्भाव्यताको ईतिश्री त गरेनौ । यो सोमले गरेको ऐच्छिक मृत्युवरणको घटनासँगको सम्बन्धी कुरा मात्र होइन, समाजमा घटित हुने यस्ता हर एक सवालमा सेरो-फेरोकाले सजगता अपनाउनु पर्ने हुन्छ । होइनभने आज सोमले जसरी दूर्भाग्यपूर्ण निर्णय लियो भोली हामी बीचनै अरु कसैले नलेला भन्ने के ग्यारेन्टी ?

*(सोम बज्राचार्य पंक्तिकारको उमेरका साथै पारिवारिक हिसाबले पनि भाइ भएको हुँदा औपचारिकता जन्य सम्मानार्थ शब्द प्रयोग गरिएको छैन -लेखक)*

# मेरो मानसपटलमा सांगीतज्ञ सोम बज्राचार्य

- भूपनिधि पन्त

राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा समेत पर्यटकीय नगरको नाउँले प्रसिद्धि पाएको पोखरा उपत्यका, केवल प्राकृतिक सौन्दर्यमा मात्र सीमित नभएर साहित्य, सङ्गीत र कलाको क्षेत्रमा समेत आफ्नो छुट्टै विषेशता दर्शाइरहेको छ । पोखराको अग्रणी साहित्यिक संस्था पोखरेली युवा सांस्कृतिक परिवारले आफ्नो परिचय चिन्हको साथ 'साहित्य, सङ्गीत र कला-हाम्रो प्रण' भनेर जुन वचनवद्धता प्रकट गरेको छ त्यसमा प्राचीनताको अस्तित्व र नवीनताको संयोग समावेश भएको पाइन्छ । उक्त संस्थाको माध्यमबाट करीव बाह्वर्ष अघिदेखि नै म साङ्गीतज्ञ सोम बज्राचार्यसंग परिचित भएको थिएँ । सङ्गीतको क्षेत्रमा उनको छुट्टै स्थान र विशेषता थियो । बसन्तपञ्चमी जस्ता महोत्सवहरुमा पोयुसांपको प्राङ्गणमा रङ्गीविरङ्गी पर्दाले सजाइएको मञ्चमा विभिन्न प्रकार का प्राचीन र आधुनिक बाजाका साथ सोम बज्राचार्यले पोखरा उपत्यकाका नयाँ र पुराना सङ्गीतकारहरुलाई जुटाएर साङ्गीतिक कार्यक्रम चलाउने गर्दथे । सङ्गीत जुनसुकै ठाउँमा जसरी भएपनि चलाउने अन्य साहित्यिक कार्यक्रम जस्तो विषय रहेनछ भन्ने कुरा सोम बज्राचार्यद्वारा संचालित साङ्गीतिक कार्यक्रमले दर्शाएको पाइन्थ्यो । उनको अग्रसरतामा धेरै युवापिंढी उत्साहित थिए । आधुनिक युगमा पोखरा सङ्गीतको महत्वपूर्ण क्षेत्रको रुपमा विकसित हुँदै गएको थियो ।

पोखरामा सङ्गीतको बारेमा चर्चा गर्दा हामीले राणाकालीन बडा-हाकिम धन शम्सेर जवरालाई विर्सन हुदैन । उनी स्वयम पनि कलाका पारखी सङ्गीतकार रहेछन् । उनका सुपुत्र त्रैलोक्य शम्सेर (हरिराजा) त प्रसिद्ध उस्ताद नै थिए भन्ने कुरा 'राणाकालीन मैले सुनेका र देखेका कुराहरु' भन्ने किताबमा पुरुपोत्तम शम्सेर जवराले उल्लेख गरेका छन । पोखराका अग्रणी हरीका शास्त्रीय सङ्गीतकार सर्वज्ञमान प्रधानाङ्ग भन्दछन्- 'मेरा गुरु पनि हरिराजा नै थिए ।' राणाकालमा आजकालको जस्तो मनोरञ्जनका अनेक साधन थिएनन् । त्यसैले उच्च ओहदाका घरानिया राणाहरुले भारतका प्रसिद्ध सङ्गीतकारहरु झिकाएर दरवारमा सङ्गीत महफिल जमाउने गर्दथे भन्ने कुरा यस विषयमा चासो राख्ने धेरै मानिसहरु अहिले पनि बताउने गर्दछन । पोखरामा सङ्गीतको श्रोत यसरी प्रवाहित हुँदै आएको पाइन्छ ।

सोम बज्राचार्यको सङ्गीत गुरु को थिए त्यो त मलाई थाहा छैन, तर उनी एउटा राम्रो सङ्गीतकार थिए भन्ने चाहीं मैले बुझेको छु । बाजागाजाका साथ वा बाजारहित अवस्थामा पनि सोम बज्राचार्यले गाएको साङ्गीतिक ध्वनि म आफ्नो कानमा गुंजिरहेको पाउंदछु । उनी मनोरञ्जनात्मक गीत मात्र होइन धार्मिक भजन पनि गाउने गर्दथे । राष्ट्र र राष्ट्रियता झल्काउने कतिपय गीतहरु- राघवलाल वैद्य, तेजनाथ घिमिरे र तीर्थ श्रेष्ठका रचनाहरुको पनि उनले रेकर्ड गरेको पाइएको छ । केवल नेवारी भाषामा मात्र गाइने बुद्धका भजनहरुलाई सोम बज्राचार्यले नेपाली भाषामा गाएर उक्त क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए भन्ने कुरा तिलकमान गुभाजूले कुनै समय भनेको पनि मेरो संझनामा रहेको छ । सोम बज्राचार्यको सङ्गीतबाट मात्र होइन उनको हँसिलो अनुहार र मिलाएर लगाइएको सफेद लुगाबाट पनि म बेलाबखत उनीप्रति आकर्षित भइरहेको हुन्थे । एकपटक त मैले उनलाई राघवलाल वैद्य संग पनि तुलना गरेर हेरेको थिएँ । प्रकृतिले यी दुईलाई एकै प्रकारको अनुहार दिएर सौंदर्य उपासक बनाएको हो कि जस्तो भान मलाई परेको थियो ।

२०६२ साल मार्ग २७ गते पूर्वान्ह म आफ्नो कार्यालय, लयर्स क्याबिनमा बसिरहेको थिएँ, त्यो समय मेरो प्रिय सङ्गीतकार सोम बज्राचार्य गएराति आत्महत्या गरेर मरेछ भन्ने खवर कसैले मलाई सुनायो । एकैचोटी मैले छ प्रश्नहरु- कहाँ ? कैले ? कसरी ? केकारणले

? किन ? को ? जस्ता शब्दहरु द्वारा उक्त खबरको बारेमा विस्तृत जानकारी लिन प्रयत्न गरे । आखिर उही सोम बज्राचार्य रहेछ भन्ने मलाई स्पष्ट भयो । एकैछिन गंभीर मुद्रामा रहेर मैले सोचें- महाभारतमा यक्षले युधिष्ठिरलाई सोधेको प्रश्नले मलाई सचेत गरायो । आश्चर्य भनेकी के हो ? युधिष्ठिरले जवाफ दिएका थिए, "प्रतिदिन यो संसारमा अनन्त मानिसहरु आइरहेछन, गइरहेछन, तर यसप्रति कोही चिन्तित नहुनु नै आश्चर्य हो ।" सोही दिनको साँझमा मैले सोम वज्राचार्यको आत्महत्यालाई आफ्नो दैनिकीको विषय बनाएँ ।

**०६२/८/२७ सन्ध्याकाल**

दिउँसो कसैले सुनायो- 'आज राति सोम बज्राचार्यले झुँडिएर आत्महत्या गरेछन् ।' म त छक्कपरें । को सोम बज्राचार्य ? सोधें । विंध्यवासिनी टोलका भन्ने जवाफ आयो । बुझ्दा, उही हाम्रो चिर परिचित सोम बज्राचार्य नै रहेछ । जो पोयुसाँपको अध्यक्ष थियो र कुनै समय सङ्गीत प्रशिक्षण केन्द्रको पनि प्रमुख थियो । हाल सायद उ तिनै संस्थाहरुको संरक्षक र सल्लाहकार पनि हुँदो हो ।

कति सुन्दर थियो उसको अनुहार, कति राम्रो मिलाएर उ लुगा लगाउने गर्दथ्यो, उ कति विनयशील थियो हाम्रो बीच र उसको विशेषता चाहीं सङ्गीतमा नै थियो । कस्तो ओजस्वी तरिकाले उ सङ्गीत गाउने गर्दथ्यो । उसले पोखरामा सङ्गीतको नयाँ लहर नै ल्याएको थियो । उसले धेरै क्यासेट पनि भरेको छ ।

किनहोला सोम बज्राचार्यले त्यसरी आत्महत्या गरेको ? उसले लेखेको कागजको टुक्रामा,'आफ्नै ईच्छाले आत्महत्या गरेको, कसैको संलग्नता छैन' भनेर लेखेको छ भन्ने सुने । कारण के रहेछ भनेर बुझ्दा कुनै तथ्यताको निकट पुग्न सकिएन ।

**अर्को दिन २८ गते बिहानको मेरो दैनिकी यस्तो थियो -**

राति प्रत्येक ब्यूँझाइमा सोम बज्राचार्यलाई सम्झिरहें । किन आत्महत्या गरेको होला उसले ? आत्महत्या त कमजोर मनस्थितिमा मात्र गरिन्छ । जर्मनको विश्व विजयको सपना देख्ने हिटलरले सन् १९४५ मा आफू पराजय भएको निश्चय भएपछि क्रमशः आफ्नो मन परेको कुकुर अनि मन परेको श्रीमतीलाई गोली हानेर हत्या गरी आफूले समेत आत्महत्या गरेको इतिहास छ । यसरी नै दोश्रो विश्वयुद्धको पराजय पछि जापानी रक्षामन्त्रीले हाराकिरी गरेर प्राण विसर्जन गरेको अर्को घटना पनि यथार्थ हो ।

हत्यारा तानाशाहहरु पराजयमा आत्महत्या गर्दछन् । तर अहिंसावादीहरु अरुद्वारा हत्या गरिन्छन् । अमेरिकन राष्ट्रपति अब्राहम लिंकन, जोन एफ केनेडि, भारतका राष्ट्रपिता अहिंसावादी नेता महात्मा गांधी, पाकिस्तानका राष्ट्रपति जुल्फीकर अलि भुट्टो आदि र अफ्रिकन स्वतन्त्र संग्रामका नेता प्याट्रीस लुबुम्बालाई अरु दुष्ट चरित्रकाहरुले हत्या गरेका थिए ।

सोम बज्राचार्य, पोखराका गौरव, सङ्गीत क्षेत्रका अग्रणी प्रतिभा नेपाली भाषामा बुद्धधर्मको भजन क्यासेटमा रेकर्ड गर्ने प्रथम व्यक्तित्व, त्यत्तिकै जनप्रिय व्यक्ति यसरी मर्न हुने थिएन । उनको निधनले पोखराको साहित्य, संगीत र कलाको त्रिवेणीमा अपूरणीय क्षति भएको छ ।

मेरो मानसपटलमा रहेका सोम बज्राचार्य यस्तै थिए । म संझन्छु उनका निकटवर्ती साहित्यकार, संगीतकार र कलाकारका साथै अरु परिवार तथा इष्ट मित्रहरुलाई कस्तो चोट परेको होला, उनको आकस्मिक निधन आत्महत्या कमजोर मनस्थितिको प्रतीक हो, स्वयमप्रतिको अपराध हो । आत्महत्या गर्न खोज्नेले एकछिन घोरिएर आफ्नो व्यक्तित्व र परिधिका बारेमा सोच्ने गर्नु पर्दछ । आफ्नो मृत्युले अरु कति मानिसलाई दुःखदायी चोट पर्न सक्छ भनेर सोच्ने हो भने कसैले पनि आत्महत्या गर्दैन । आत्महत्या गर्नेहरु प्रति मानिसको सहानुभूति पनि त्यति हुँदैन । तर सोम बज्राचार्य उनका गुणले गर्दा अपवाद भित्र पर्दछन् । पोखरालाई संस्कृतिको राजधानी घोषणा गर्ने कवि तीर्थ श्रेष्ठलाई संगीत क्षेत्रका अग्रणी प्रतिभा आफ्ना हार्दिक मित्र सोम बज्राचार्यको अभावले हृदयमा कति गहिरो चोट पारेको होला ? तर काबू बाहिरको घटनालाई हामीले सहनै पर्दछ । अहिले म बाल कृष्ण समको "भक्त प्रल्हाद" नाटकको एक उक्ति संझिरहेको छु- "सहू, सहू, सहू, बाबु, सहनै नसके पनि "।

# दिवंगत गायक सोम बज्राचार्यको संम्झनामा

- तीर्थ क्षेष्ठ

पोखराका ख्यातिप्राप्त गायक सोम बज्राचार्यले अकल्पनीय रुपमा देहत्याग गरे । उनको देहत्यागबाट नेपाली सांगीतिक जगतमा एक अपूरणीय क्षति पुगेको छ । वैयक्तिकरुपमा मैले अत्यन्त निकटको सहृदयी मित्र गुमाएको छु । उनको परिवार माथि उनको मृत्यू बज्रपात समान भएको छ ।

सोम बज्राचार्य आफ्ना माता पिताका कान्छा सन्तान थिए । पिता चन्द्रमान बज्राचार्य र माता स्व. लक्ष्मी कुमारी बज्राचार्यका ७ भाई छोरा र ४ बहिनी छोरी मध्ये अन्तिम सन्तानका रुपमा २०१६ बैशाख १४ गते पोखरामा उनको जन्म भएको हो । पिता चन्द्रमान र माता स्व. लक्ष्मी कुमारी दुवैको संगीत प्रति गहिरो अनुराग थियो । दाजू स्व. सूर्यलाल, सुवर्ण, सरोज गोपालहरुमा समेत संगीतमा दिलचस्पी मात्र नभएर दक्षता समेत भएको कारण बाल्यावस्था देखि नै उनले सांगीतिक परिवेश पाएका थिए । विन्ध्यवासिनी मन्दिर र बालगोपाल भजन गुठी मोहरिया टोलमा हुने भजन कार्यक्रमहरुमा उनी सानै उमेरबाट संलग्न र हदै आए । प्रज्ञारत्नको संगतबाट उनले ज्ञानमाला भजनलाई नेपालीमा गाउन थाले । शुरुमा ज्ञानमाला भजन नेवारीमा गाइन्थ्यो । प्रज्ञारत्नले त्यसलाई नेपालीमा रुपान्तर गरेर गाउन शुरु गर्नु भएपछि त्यसको अनुशरण सोमले राम्रै ढंगबाट गरे । फलतः नेपालीमा ज्ञानमाला भजन संग्रह (एल्वम) निकाल्ने उनी प्रथम ज्ञानमाला भजन गायक बने ।



दाजु सरोज गोपालले "देउराली उकाली चढेर" तथा "नक्कलीलाई भगाइ लग्यो झिल्केले" जस्ता लोकगीत गायन मार्फत श्रोताहरु माझ लोकप्रियता कमाएकै प्रेरणाबाट उनी लोकगीत गाउन उत्साहित भए । "पारीबाट को आयो सालको पात बजाउदै" लोकगीत मार्फत उनले आफ्नो गायकीको प्रखरता नेपाली श्रोताहरु माझ पस्किए । उनले आफ्नो गला राष्ट्रिय गीतहरुका निमित्त पनि राम्रैसंग उपयोग गरे । राघवलाल बैद्यद्वारा रचित "म आस्था खोजि रहेछु" र "चौरी चर्दै वुकेनीमा" सरुभक्तको "शीरमा राखि माछापुच्छ्रे मनमा फेवाताल" यस पंक्तिका लेखकद्वारा रचित "पहाडको लाली गुराँस" र "मैरै हिमाल जस्तो हेरिरहुँ पोखरा" जस्ता राष्ट्रिय भावनाले ओतप्रोत गीतहरुलाई आफ्नो कला र गलाले उनले जीवन्त पारे । सोम बौद्ध परिवारमा जन्मे पनि धर्मको संकीर्ण परिभाषामा आफूलाई सीमित नराखेर हिन्दू धर्म सम्वन्धी भजनहरु पनि गाए । दिवंगत आत्माको शान्तिका लागि गाइजात्रामा निकालिने "रामायण" मा उनको सक्रिय संलग्नता रहने गर्दथ्यो । संगीतकर्मी, गीतकार तथा भजन रचयिता कृष्ण श्रेष्ठको "हे शिवशंकर देवाधिदेव", स्व. अर्जुन नेपालीको संगीतमा उनले गाएका छन् । उनले आफ्नो प्रतिभा सुगम

संगीतका लागि समेत उपभोग गरेका छन् । कृष्ण श्रेष्ठको रचना "कसरी तिम्रो म कैदी भएँ" राघवलाल बैचको "हिउँ पुरीको शिर मुनी" विद्या अधिकारीको "तिमी छेउ आउने नातै रहेन" आरजु विष्ट सल्यानीको "आउ है चेली माइतीलाई संभ्रेर" जस्ता सुगम संगीतको परिभाषामा पर्ने गीतहरु गाए । तेजनाथ घिमिरे र अदिती शर्माद्वारा रचित राष्ट्रिय भावधाराका गीतहरु पनि गाएका छन् । पछिल्लो पटक हरिदेवी कोइरालासँग उनले "लेउ रुमाल फूल भरेर" लोकगीत रेकर्ड गराएका थिए । उनले गाएका गीतहरुका रचनाकार अधिकांश पोखरेली रहेका छन् । यसबाट स्थानीय प्रतिभाहरु प्रति उनको सम्मान तथा प्रेमभाव स्पष्ट हुन्छ ।

सोमले गाएका अधिकांश गीतहरुमा संगीत उसैको हुन्थ्यो । उनी आफ्ना गीतहरुका नवोदित प्रतिभाहरुलाई पनि स्थान दिन्थे । कतिपय नवोदित गीतकारहरुका गीत पनि खोजेर गाउंथे। नयाँ प्रतिभालाई उत्साहित गर्ने काममा समेत उनले निर्वाह गरेको भूमिका उल्लेखनीय छ ।

बौद्ध भजनहरु स्वरबद्ध गरि रेकर्ड गर्ने गायकहरु मध्ये संभवतः उनको स्थान अग्रपंक्तिमा आउँछ । झण्डै ५० वटा भन्दा बढी बौद्ध भजनहरुमा उनले आफ्नो स्वर दिएका छन् । "अमृताञ्जली" भजन माला- भाग १,२,३ र "ज्ञानमाला भजन संग्रह" भाग १ र २ उनीद्वारा स्वरबद्ध भजन संग्रहका क्यासेटहरु प्रकाशित छन् । उनको "हत्केलाले छेकिएको घाम" नामक लोक, राष्ट्रिय र आधुनिक गीतहरुको संग्रहको क्यासेट पनि प्रकाशित भएको छ । ज्ञानमाला भजन संघ कास्कीको अध्यक्ष तथा नेपाल राष्ट्रिय ज्ञानमाला संघको केन्द्रीय सदस्यको रुपमा ज्ञानमाला भजनको प्रचार प्रसार र विकासमा उनले पुऱ्याएको योगदान बौद्ध धर्मका उपासक उपासिकाहरुका सामु अविस्मरणीय रहेको छ ।

पोखरेली युवा सांस्कृतिक परिवार र संगीत प्रशिक्षण केन्द्रको स्थापना र विकासमा उनको महत्वपूर्ण योगदान रहेको छ । यी दुवै संस्थाको संस्थापक सदस्य तथा अध्यक्ष बनेर उनले नेतृत्व समेत प्रदान गरेका थिए । संगीतको विकासमा उनले दिएको योगदानको कदरस्वरुप पी.यु.सां. परिवारले "नेत्र स्मृति पुरस्कार" र अलिमियाँ लोक वाङमय प्रतिष्ठानले "अलिमियाँ लोक वाङमय पुरस्कार" प्रदान गरेका छन् । विभिन्न संघ संस्थाहरुबाट उनी सम्मानित भएका छन् ।

पोखरेली युवा सांस्कृतिक परिवारद्वारा निर्माणधीन "चन्द्रलक्ष्मी सिर्जना ग्रामलाई" दस लाख मूल्य बराबरको २ रोपनी जग्गा र नगद रु. ५०००० /- (पचास हजार) प्रदान गरेर सिर्जनाग्रामको परिकल्पनालाई मूर्त बनाउने काममा अविस्मरणीय योगदान पुऱ्याउने सोम वज्राचार्यले स्व. अर्जुन नेपालीको स्मृतिमा संगीत प्रशिक्षण केन्द्रद्वारा स्थापित "अर्जुन नेपाली स्मृति संगीत पुरस्कार"को स्थापनाका लागि पनि विशिष्ट योगदान पुऱ्याएका छन् । उनले धेरै संघ संस्था र प्रतिभाहरुलाई यथासक्य आर्थिक सहयोग गरेका छन् । उनको उदारताका कारण उनलाई "दानवीर सोम" भन्नेहरुको पनि कमी छैन ।

"सफाइ जागरण अभियान" मोहरियाटोलका अध्यक्ष हुँदा उनले विजुलीका पोलहरुमा गमलाहरु राखेर शहर सिंगार्ने यौटा नयाँ सोंच पनि ल्याएका थिए । सिर्जना प्रा.वि. लामागाउँको संचालक समितिका सदस्य, पोखरा बहुमुखी क्याम्पसका आजीवन सदस्यका रुपमा समेत उनले पोखरेली समाजको विकासमा योगदान पुऱ्याएका छन् ।

एम.ए. सम्म अध्ययन गरेका सोम एक श्रीमती शान्ति, एक छोरा नीतिन, दुई छोरी संजिला र श्रृङ्खला, ५ दाजूहरु, ४ दिदीहरु र वयोबृद्ध पितालाई शोकमा डुबाएर गएका छन् । उनको आत्मघातले उनका सबै साथीहरु, श्रोताहरु र शुभेच्छुकहरुमा असहनीय पीडा छोडेको छ ।

उनको जस्तो आफ्नो देह आफै विसर्जन गर्ने बुद्धि कसैलाई नआओस् भन्ने प्रार्थना गर्दै आत्मीय मित्र सोमको दिवंगत आत्मा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । संपूर्ण शोकाकुल परिवारजनलाई धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनि कामना गर्दछु ।

❖❖

# मलाई माफ गर सोम भाई

– बिजय वज्रिमय

सोम भाई ! ज्यादै सहज/सरल/सौम्य/स्वनाम धन्य व्यक्तित्व- सोम बज्राचार्य को अनायास निधनको खबरले अझै विश्वास पाउन सकेको छैन । अकल्पनीय दुर्घटनालाई पचाउन गाह्रो हुँदोरहेछ। त्यस्तै भइरहेछ अल्पायु मै असामयिक निधन भएछ - सोम बज्राचार्य भाइको खवर पाउँदा म स्तब्ध भएछु । अझै भइरहेको छु । यति बेला सम्झनाका पानाहरुबाट क्रमबद्ध रुपमा सोम भाइसँग बिताएका ती पलहरुले पछ्याइरहेको छ ।

सोम भाइसँग पछिल्लो पल्ट मेरो घरमा नै भेट भएको थियो । मेरो बुवा स्वर्गीय हुनु भएको ४५ औं पूण्य तिथिका दिन अपरान्ह प्रसाद ग्रहण गर्ने कार्यक्रममा म र कवि तीर्थ श्रेष्ठसंग लगभग १ घण्टा भला कुसारी गर्दै बसेका थियौं । दुर्भाग्य भन्छु-त्यो नै अन्तिम भेट भइदियो । झल्झलि सम्झनामा आइर हेछ त्यो दिन ।

पोखराको सांगीतिक सभा/समारोह/उत्सवमा सोम बज्राचार्यको उपस्थिति सौहार्दपूर्ण हुने गर्दथ्यो र उल्लेखनीय पनि हुन्थ्यो । भक्ति संगीत/राष्ट्रिय गीत/आधुनिक गीत/लोक संगीत सबै विधामा सिद्धहस्त सोम बज्राचार्यको साह्रै सानो उमेर देखि नै सांगीतिक क्षेत्रमा लगनशील सहभागीता हुँदै आएको थियो । एकातिर छिमेकी भाइको नाता अर्को तिर मेरो सहकर्मी सरोज गोपालको भाइको नाता । यो दोहोरो नाताले नै हामी दुईबीच दाइ/भाइ निकै नजिक भएका थियौं । गायक सरोज गोपाल/बाबा राणा/नवराज कार्की/बाबु थापा/ मोहन सिं थापाको सहकार्यमा 'वागिना सांस्कृतिक' परिवार गठन गरेका थियौं-२०३७ साल तिर ! 'वागिना' का कार्यक्रमहरुमा उत्साही सोम बज्राचार्यको उपस्थिति हुने गर्दथ्यो । सोमका कलिला हातहरु गीतार/तबला/हार्मोनियममा नाच्ने गर्दथ्यो/सुरिलो/मनमोहक स्वर गुन्जिन थाल्दथ्यो । मेरो घर नजिकै अर्चलबोटमा सोम भाइले 'लक्ष्मी निवास' भवन बनाए पछि म बेला-बेलामा पोखरा जाँदा त्यहाँ जाने गर्नथाले । सोम भाइले पनि बेला-बेलामा त्यही भवनमा साथी भाइको जमघट गराउँथे । पोखरेली युवा साँस्कृतिक परिवार र संगीत प्रशिक्षण केन्द्रका प्रत्येक साथीहरु त्यस भवनमा पुग्न/भेट्न लालायित हुन्थे । म प्रायश विहान/कहिले कहीं साँझ पुग्दथें । ती दिनलाई कोट्याउँदै जाँदा अहिले मलाई तीतो/तीतो/खल्लो/खल्लो अनुभूति भइरहेको छ ।

पोखराको ज्ञानमाला भजन कार्यक्रममा बुद्ध जयन्तीको रथ यात्रामा, टोल-टोलमा आयोजना हुने रामायणमा सोम बज्राचार्यको उल्लेखनीय सहभागीता हुने गर्दथ्यो। पोखराको सांगीतिक संगतीहरुलाई समेटेर हुने गरेका सांस्कृतिक कार्यक्रमहरुमा सोम भाइको अनिवार्य उपस्थिति र योगदान हुने गर्दथ्यो । पोखरामा स्थापित संगीतसग सम्बन्धित संघ/संस्थाहरुमा सोम भाइको संलग्नता स्मरणीय छ ।

सोम भाइलाई उदार हृदयका व्यक्ति भनेर आफूले आफैलाई प्रमाणित गराएका छन्, भन्दा अतिशयोक्ति हुने छैन । पोखराको साहित्य/संगीत कलाको उत्थानमा संलग्न 'पोखरेली युवा साँस्कृतिक परिवार' संगको हेलमेलबाट प्रेरित भएर 'सिर्जना ग्राम' निर्माण गर्ने सोंचलाई मूर्तरुप दिन सोम भाइ अग्रसर हुनु भयो । आफ्नै बुवा आमाको नाम समेत अमर हुने गरी सिर्जना ग्राम निर्माणार्थ २ रोपनी जग्गा प्रदान गरेर उदारताको परिचय दिएका छन् । उक्त जग्गामा निर्माणाधीन 'चन्द्रलक्ष्मी सिर्जना ग्राम' अहिले पोखरेली युवा साँस्कृतिक परिवारको ऐतिहासिक कार्य भएको छ ।

विगत केही समय देखि सोमसंगको भेटमा मेरो गीत गाउने इच्छा सहित गीत दिन आग्रह हुने गर्दथ्यो । मैले सहर्ष दिन्छु नै भनेको थिएँ । नढाँटी

भन्छु-सोमलाई गाउन दिन्छु भनेरै दुइटा नयाँ गीत लेखेको पनि छु । पछिल्लो पल्ट भेट हुँदा साह्रै घोच्ने गरी भने पनि- बिजय दाइले पत्याउनु भएन । एउटा गीत पनि दिनुभएन । यथार्थता त्यसो होइन । मेरो लापरवाही हो । जहिले पनि पोखरा जाँदा गीत लिएर जान बिसन्थें । मेरो जीवनको यो दोश्रो दुर्भाग्यपूर्ण दुर्घटना हो । यस अघि स्वर सम्राट नारायण गोपाल पोखरा पुगेका थिए-नारायण गोपाल साँझ साँगीतिक कार्यक्रम लिएर । विहानको चियापानको लागि मेरो घरमा नारायण गोपाल दाइलाई निम्त्याएको थिएँ । चियापानकै क्रममा अघिल्लो पटक लेखेको एउटा गीत नारायण गोपाललाई सुनाएको थिएँ । बिजय यो गीत म गाउँछु भनेर लिन खोजे । मैले भर्खरै लेखेको अलिकति परिमार्जन गरेर दिन्छु भने । त्यस पछि धेरै पटक नारायण दाइसंग भेटघाट बस उठ भइरह्यो । नारायण दाइले त्यो गीत मागिरहनु भयो । मैले दिन्छु भनेर लिएर हिंड्दा उहाँ नभेटिने । उहाँ भेटिदा मसंग गीत नहुने । त्यस्तै त्यस्तै दिनहरु विते । मेरो गीतले नारायण गोपालको अनमोल स्वर पाउन सकेन । सोम भाईसंग पनि त्यही दुर्घटना दोहरियो । अनायास भएको दुर्घटना हो सोम भाई । मलाई माफ गर सोम भाई । मैले समयमा सोम भाईलाई गीत दिन सकिन । अहिले पछुताउनु सिबाय मसंग के नै रह्यो र ?

# कहाँ गयौ सोम तिमी

- सुवर्ण बज्राचार्य

कहाँ गयौ सोम तिमी संसारलाई छाडी
लाला वाला अर्धाङ्गीनी बिचल्लीमा पारी
दाजुभाई दिदी बहिनी वृद्ध बाबा छाडी
साथी संगी आफन्तलाई घर घर पारी
घरवार जनधन सबै सायाँ पारी
कहाँ गयौ सोम तिमी संसारलाई छाडी
दया धर्म पुण्य कर्म गऱ्यौ तिमीले भारी
मृदुभाषी मिलनसार कोमल हृदय धारी
दीनहिन असहाय सबका हितकारी
कहाँ गयौ सोम तिमी संसारलाई छाडी
विधाताले पारी दिए प्रतिभाको धनी
ईर्ष्या गरी जलन भए दुष्ट काल पनि
टप्प टिपी लग्यो तिमीलाई जगत रुवाई
कहाँ गयौ सोम तिमी संसारलाई छाडी
मैत्री प्रेम उदारताको सन्देश हौ तिमी
आँखा भित्र राख्दा पनि नबिझाउने तिमी
अजम्वरी गीत सुनाउँदै गयौ जीवन त्यागी
कहाँ गयौ सोम तिमी संसारलाई छाडी

# अधुरै रह्यो ...सोम-भोज

– भोजराज न्यौपाने

काठमाडौंमा बढेको चिसोले बिहान सितिमिति बाहिर निस्कन सकिन्न, त्यसैले घरमै थिएँ। मंसिर २७ गते बिहानै पत्रकार मित्र अमृत भादगाउँलेले फोन गरे।

'पोखराको ब्याड न्यूज छ' उनले भने।

'कस्तो ब्याड न्यूज ?' म हतारिएँ।

'सोम दाइले आत्महत्या गर्नु भएछ।'

अमृतको उत्तरले म मर्माहत भएँ। हातगोडा पानी भए। सोधें-'के कारण थाहा पाउनु भयो ?'

'त्यो त थाहा छैन, घटना भएको थाहा पाएर तपाईलाई खवर गरेको।' मैले लगत्तै तीर्थ दाइ (कवि तीर्थ श्रेष्ठ) संग फोन सम्पर्क गरे। उहाँलाई समवेदना प्रकट गरें। उहाँको आवाज कामीरहेको थियो। घनिष्ट मित्रको दुखद अवसानको भयानक पीडामा उहाँ राम्रोसंग बोल्न सक्नु भएको थिएन।

मलाई सोम दाइको स्वमृत्यूवरणले निकै दुखी तुल्यायो। डिप्रेशनका कारण आत्महत्या गरेको थाहा पाएपछि मनमा सहनै नसक्ने पीडाको अनुभव भयो। उहाँसंगका प्रत्येक क्षणले मलाई उहाँको गहिरो सम्झना दिलायो।

सोम बज्राचार्यका भजनहरु मैले रेडियोबाट पहिलापनि सुन्दै आएको थिए। तर उनी पोखरेली हुन भन्ने थाहा थिएन। २०५५ सालको भदौ महिनामा म पोखरा पुगेदेखिनै उनी पोखराको बासिन्दा भन्ने सुनेको थिए। आफूपनि गीत संगीतलाई माया गर्ने भएको हुनाले होला मैले सोम दाइलाई भेट्न चाहेको थिएँ। तर समय व्यवस्थापन गर्न नसकेर त्यो मौका मिलेको थिएन।

मिति याद भएन। हङकङबाट प्रकाशित हुने नेपाल पोष्ट ओभरसिजका लागि मैले उहाँको छोटो प्रोफाइल तयार गर्न चाहेको थिएँ। त्यही सन्दर्भमा भेटेर कुराकानी गर्न २०५८ साल फागुन महिनाको एक शनिबार बिहान अमृतजी र म उहाँको घरमा पुग्यौ। उहाँ हारमोनियम बजाउँदै हुनुहुन्थ्यो। संगीतको नोटेशनमा डुबीरहनु फुर्सदको दैनिकी नै थियो उहाँको। उहाँसंग कुराकानी गर्दा समय गएको पत्तै भएन। हामीले उहाँको गीत सुन्यौ। उहाँको अनुरोधमा मैले पनि केही गीत सुनाएँ। त्यो पहिलो भेटमै सोम दाइसंग मेरो घनिष्टता बढेको थियो।

पोखरेली युवा साँस्कृतिक परिवारका कार्यक्रमहरुमा उहाँसंग निरन्तर भेटघाट हुन्थ्यो। एकदिन तीर्थ दाइ, सरुभक्त दाइ, अमृतजी र म बसेको बेला प्रसंगवश सोम दाइले मेरो स्वरको प्रशंसा गर्नुभयो र भन्नुभयो-'भोजराजजी तपाईं र म मिलेर एल्बम निकालौं।'

अमृतजीले तत्कालै भन्नुभयो-'प्रस्तावित एल्बमको नाम 'सोम-भोज' हुनेछ।' संयोग नै भनौं त्यसको केही दिनमै मेरो कविता संग्रह 'आकाशमाथिको देवता' को विमोचन पोखरेली युवा साँस्कृतिक परिवारको आयोजनामा भयो। परिवारका अध्यक्ष भएका नाताले विमोचन कार्यक्रको सभापतित्व सोम दाइले नै गर्नु भएको थियो। मन्तव्यका क्रममा सोम दाइले हाम्रो प्रस्तावित एल्बम 'सोम-भोज' चाँडै निकाल्ने घोषणा गर्नुभयो। कामको शिलशिलामा म केही समयदेखि काठमाडौंमै बसोबास गरिरहेको छु। तर उहाँ भने पोखरा। त्यसैले पहिलाको जस्तो हाम्रो भेट शुलभ हुने कुरा भएन।

पछिल्लो केही समयदेखि म गीत छनौट गर्न लागेको थिएँ। र सोम दाइ केही गीतमा संगीत भर्न लाग्नु भएको थियो। हामीले गीत छनौट गरी नसक्दै उहाँले हामीलाई छाडेर जानु भयो। र, 'सोम-भोज' सधैंका लागि अधुरै रह्यो।

सोम दाइ वाङ्मयको क्षेत्रमा काम गर्न निकै उत्साही हुनुहुन्थ्यो। २०५९ सालको फागुनतिर मैले तालै तालको शहरमा तालमाथि बसेर कवि गोष्ठी गर्ने प्रस्ताव तीर्थ दाइ र सोम दाइलाई राखे। त्यो बेला उहाँ पोयुसाँपको अध्यक्ष हुनुहुन्थ्यो। उहाँले तत्कालै यो गोष्ठी आफ्नै कार्यकालमा गर्न अनुरोध गर्नुभयो। र, २०५९ चैत १४ गते फेवातालमा रमाइलो कवि गोष्ठी गरियो।

सोम दाइ दानविर हुनुहुन्थ्यो। चन्द्र-लक्ष्मी सिर्जनाग्रामका लागि १० लाख बराबरको जग्गा दान दिनु सानो कुरा होइन। धेरै धन हुनेहरु मुठ्ठी कसेरै बसेका बेला उहाँले हार्दिकतापूर्वक सहयोग गरेर नेपाली वाङ्मयको क्षेत्रमा उदाहरणिय सहयोग पुऱ्याउनु भएको छ। यसले उहाँको भौतिक शरीर नरहेपनि उहाँलाई सधै बचाइ राख्नेछ। वाङ्मयप्रति हार्दिकतापूर्वक सहयोग गर्ने प्रिय सोम दाइलाई हार्दिक श्रद्धासुमन।

# सोमको सम्झना

- कृष्णबहादुर श्रेष्ठ

सांगीतिक क्षेत्रका होनहार प्रतिभा सोम वज्राचार्यले कल्पनानै गर्न नसकिने गरी आफूले आफैलाई विसर्जन गरे। झट्ट सुन्दा पत्याउनै नसकिने, विश्वासै गर्न नसकिने गरी उनले हामी सबैलाई छोडेर गए, कहिले नफर्कने गरी निष्ठुरी भएर गए, सांगीतिक क्षेत्रलाई अपूरणीय क्षति पारेर गए।

जीवनका हर क्षणहरु रमाइलो गरि बिताउनु पर्छ भन्ने मान्यता राख्ने सोम आफ्ना साथीहरुलाई पनि रमाउने वातावरण सिर्जना गर्ने चेष्टा राख्दथ्यो। यस्तो रंगिन स्वभाव भएको सोमले कहिले काहीं रातको ९, १० बजे तिर बोलाउथ्यो र मलाई उसले बोलाएको ठाउँ जान बाध्य बनाउंदथ्यो। दुःख नदेखेको नभोगेको सोम कहिले पनि गम्भीर हुन जानेन जहिले पनि उत्ताउलो पाराले केटा केटी झै बोल्ने हास्ने उनको बानी थियो। अनि मैले भन्ने गर्थे "ए सोम कहिले काहि त गम्भीर हुन पनि सिक जहिले पनि केटा केटी जस्तो हुने त भएन नि" अनि उनले भन्थे "ल... म त तपाईहरु भन्दा केटा केटी नै छु नि त।" यसरी उनले मेरो कुरालाई हाँसो मै टारिदिने गर्दथ्यो। सोमले हाँसो खुशीहरु त बाँड्न जान्यो तर दुःख बाँड्न कहिल्यै जानेन। मलाई लाग्छ यहि नै उसको कमजोरी हो र त्यही कमजोरी को परिणाम हुन सक्छ यो कठोर मृत्यु वरण।

आफ्नो तथा आफ्ना पुर्खाहरुको कीर्ति अनन्त सम्म रहि रहोस भन्ने अति उच्च विचार भएको सोम वज्राचार्यले धेरै दान पुण्यका कामहरु गरेका छन। उसको अगाडी झोला फैलाए पछि केहि न केहि सहयोग प्राप्त भई नै हाल्थ्यो। कहिले पनि रित्तो हात फर्काउन जानेन। अनि भन्ने गर्दथ्यो "आफूले सकेको सहयोग गर्ने हो के रे नसके के लाग्छ र" उनले वाङमय क्षेत्रमा अविस्मरणीय योगदान पुऱ्याएको छ, चाहे त्यो पोखरेली युवा सांस्कृतिक परिवार होस, चाहे त्यो संगीत प्रशिक्षण केन्द्र होस, चाहे त्यो अर्जुन नेपाली स्मृति होस। त्यसो त उनले पोखरामा हुने सांस्कृतिक कार्यक्रम, जस्तो की शिवरात्री, तीज, कृष्णाष्टमी, बुद्ध जयन्ती, गाईजात्रा जस्ता पर्वहरु, वान्ह भैरव नृत्य जस्ता परम्परागत संस्कृतिमा कुनै न कुनै तरिकाबाट सहयोग गरेकै हुन्थ्यो।

ज्ञानमाला भजनबाट संगीत क्षेत्रमा प्रसिद्धि पाएको व्यक्ति सोमले ज्ञानमाला भजनमा त अमित छाप नै छाडेर गएको छ नै, हिन्दू परम्परा अनुसार दिवंगत आत्माको चीर शान्तिको लागि गाईजात्राका दिन प्रस्तुत गरिने रामायणको गीति यात्रामा पनि उनको अविस्मरणीय योगदान रहेको कुरा पोखरेलीहरुको हृदयमा अनन्तसम्म रहिरहने छ।

अति नै कर्णप्रिय, अति नै हृदयस्पर्शी स्वरका धनी भाई सोम अति नै मिलनसार, मृदुभाषी, हँसिलो, रमाइलो, परोपकारी, सहयोगी थिए। उनका स्वरले गुञ्जेका लोक गीत, आधुनिक गीत, राष्ट्रिय गीत, ज्ञानमाला भजन, हिन्दू भजन सबै सबैनै मनमोहक तथा आकर्षक रहेका छन्। उनको स्वरमा एउटा अलौकिक शक्ति थियो जसले मानिसलाई मन्त्र मुग्ध पार्दथ्यो। संगीत क्षेत्रमा लागेका सबैलाई प्रोत्साहित गर्ने उनको बानी थियो। कहिले काही उः मेरो कोठामा आउँथे र मैले रचेको गीत, भजन तथा संगीत हेर्थे र सुन्थे अनि उसले मलाई सधै भन्ने गर्थे "दाई तपाई कोठा भित्र मात्रै सीमित हुनु भएन तपाई जस्तो प्रतिभाशाली व्यक्ति बाहिर निस्कनु पऱ्यो"। अनि मैले "सोम तिमी अति अब्बल छौ, यति मिठो स्वरका धनी यो सानो पोखराको परिधि भित्र रहनु भएन अभ्यास गर्नु पऱ्यो, जोस जाँगर चलाउनु पऱ्यो, राष्ट्रिय मात्र होइन अन्तरराष्ट्रिय क्षेत्रमा पनि छाउनु पऱ्यो।" उनी मुस्कुराउदै भन्थे "हुन्छ नि तपाईहरुले सहयोग गर्नु पऱ्यो मलाई म तपाईहरुले सोचे जस्तो भई दिन्छु।" यसरी हामी एक आपसमा प्रोत्साहन दिने लिने गर्दथ्यौं।

पोखराका प्रतिभाहरुलाई अगाडी बढाउनु पर्छ

भन्ने उनको मान्यता थियो । त्यसैले उनले राघवलाल वैद्य, तीर्थ श्रेष्ठ, सरुभक्त, तेजनाथ घिमिरे, मेरो आफ्नै गीत भजनहरु गाउन थाले भने आरजु बिष्ट सल्यानी, विद्या अधिकारी जस्ता नवोदित गीतकारहरुको गीत गाएर पोखराका कवि, गीतकार, संगीतकारहरुलाई प्रत्यक्ष वा परोक्ष प्रोत्साहित गरेका थिए । उनले स्थानीय गायक कलाकारलाई लिएर गाउने गर्दथ्यो । उनको गीतको श्रव्य दृश्यहरुमा पनि स्थानीय कलाकार एवं मोडेलहरुलाई लिएका थिए । यो उनको स्थानीय कलाकार प्रति कर्तव्य बोधको एक नमुना हो ।

हामीहरु कार्य विशेपले वा रसरंग खानपिनमा व्यस्त रहदा छिनका छिन घरमा फोन गरि आफू भएको ठाउ, साथमा रहेका साथी भाइहरु र आफु घर फर्कने समयको जानकारी गराई रहने सोमको बानी थियो । मैले भन्थे "कति फोन गर्नु पर्ने छिनका छिन" अनि उनले भन्थ्यो "घरमा बृद्ध रोगी बुवा हुनुहुन्छ, शान्ति (सोमको अर्धांगिनी) एक्लैछ के गर्ने घर व्यवहार पनि हेर्नु पर्‍यो नि" । यसरी सँधै घरको, परिवारको, व्यवहारको जिम्मेवारी प्रति अति नै सजग रहने व्यक्ति त्यो दिन उनले किन सम्झन सकेन यी कुराहरु, बृद्ध बुबा, श्रीमती, विदेशमा अध्ययनरत छोरा, कलिला छोरीहरु, दिदीलाई त्यो आँखा अगाडी झलमल्ल किन देख्न सकेन होला, त्यति नरम मिजासको व्यक्ति कसरी कठोर बन्न सक्यो होला, सँधै हाँसो खुशीले कोलाहाल हुने लक्ष्मी भवन (उनको अर्चलबोट स्थित नयाँ घर) र उनका साथी संगीहरुलाई कसरी चट्टक्कै माया मार्न सक्यो होला । उनले गाउन तयार गरेका गीत र संगीतका धुनहरु उनको कोकिल कण्ठले कसरी बिर्सन सकेको होला । उनले गर्नु पर्ने व्यवहार कर्तव्यहरुलाई कसरी सम्झन सकेन होला, यस्तै अनगिन्ती अनुत्तरित सवाहरु ।

# निर्वाण कामना

**सयपत्री संगीत प्रशिक्षण केन्द्रका सहयोगी मित्र**

**ख्यातीप्राप्त गीतकार तथा संगीतकार सोम बज्राचार्यको**

**अकल्पनीय निधनबाट हामी स्तब्ध भएका छौं । हामी वहाँको**

**सुखावती भुबनमा वास होस् भन्ने कामना गरी**

शोक संतप्त परिवार प्रति

हार्दिक समवेदना प्रकट गर्दछौं ।

*श्यामलाल श्रेष्ठ*

प्रवन्ध निर्देशक तथा

**सयपत्री संगीत प्रशिक्षण केन्द्र**

**चिप्लेढुङ्गा, पोखरा ९ फोन: ५२५१५२**

# सुरिलो कण्ठमा नाइलोनको पासो

*- महेन्द्र श्रेष्ठ*

पोखराका प्रसिद्ध गायक, संगीतकार सोम बज्राचार्यले आफ्नो प्राण त्याग गरे । हजारौं पोखरेलीहरु श्रद्धाञ्जली व्यक्त गर्दै शवयात्रामा सरिक भए । उनको अन्त्यष्टी भयो, उनी खरानी भए । भनिन्छ, निश्चित कुरा संसारमा एउटै छ त्यो हो मृत्यु । मृत्यु बाहेक संसारमा अन्य कुरा सबै निश्चित छ भन्न सकिदैन । जस्तै मान्छेको जन्म, आपत विपत, दैवी प्रकोप जस्ता कुरा हुन पनि सक्छन् नहुन पनि । प्राणी जब जन्मन्छ, तव ऊ अवश्य मर्छ मर्छ । यो शाश्वत छ । यही सत्य कुरालाई स्वीकार गरेर नै विश्वमा हजारौं मान्छेहरुले आफ्नो जीवनलाई ऐतिहासिक बनाएका छन् । मान्छेको आयु ज्यादै छोटो छ । यसैको आत्मबोधले गर्दा मान्छे हरु आफ्नो आयु सकेर पनि हजारौं वर्ष बाँच्न चाहन्छन् । यो जीवनको एउटा ज्यादै नै रोमाञ्चक पक्ष हो । जसलाई मृत्युको यथार्थ बोध छ, उसले इतिहास अवश्य बनाउंछ । चाहे त्यो ठूलो होस् चाहे सानो । यो एउटा मानव समाजको अर्को रमाइलो सत्य हो । यही सत्यतामा मान्छे जातिले अनेक अनेक मृत्युलाई अंगालेको इतिहास हामीले पढेका छौं, सुनेका छौं । आफ्नो आस्था र विश्वासका लागि प्राण विसर्जन गरेको, राष्ट्रको लागि बलिदान दिएको । प्रेमको सर्वोच्च आस्थामा अमर भएको इतिहास भएको यस दुनियाँमा आज एउटा प्रतिभावान्, दानवीर युवा समाजसेवीले आफ्नो प्राण त्याग गरे स्वेच्छाले । उनले आकस्मिक रुपमा किन पासो लगाएर मरे कसैलाई थाहा छैन । तर सबैलाई थाहा भएको एउटा कुरा के भने, उनले जे गरे ठूलो गल्ती गरे, गर्न नहुने काम गरे । चाहे कारण जेसुकै किन नहोस् ।

सोम बज्राचार्य सम्पन्न परिवारका छोरा थिए । उनले आफ्नै संघर्षबाट पनि धेरै कुरा आर्जेका थिए । प्रशस्त धन-सम्पत्ति, असल र प्रतिभावान् छोराछोरी, सरल र सहयोगी श्रीमती, विभिन्न प्रतिष्ठित साथीभाइहरुबाट उनी विभूषित थिए । र उनको सबैभन्दा ठूलो सम्पत्ति भनेको उनको सुरिलो स्वर थियो । उनको सुरिलो कण्ठ केवल उनको मात्र थिएन । त्यो सम्पूर्ण नेपालीहरुकै सम्पत्ति थियो । उनको स्वरले नछोएको कुनै पोखरेली थिएन । उनको सुरिलो कण्ठले के वृद्धा, के युवा, के बच्चा सबैलाई मोहित पारेको थियो । आज त्यस्तो सुरिलो कण्ठमा उनले स्वेच्छाले नाइलोनको पासो लगाए । फलत: पोखरेलीहरुले सहनै नसक्ने दुर्घटना घटाए ।

विहान करिब ८ बजेको थियो क्यारे । श्रीमतीले एक्कासि एकदम नराम्रो समाचार छ भन्दै सुनाइन्, "सोम बज्राचार्य दाइले झुण्डिएर आत्महत्या गर्नुभएछ ।" एउटा ज्यादै नै अप्रिय, असत्य, विश्वास गर्न नसकिने समाचार सुन्नुपर्‍यो । आखिरमा विश्वास नगर्दा-नगर्दै पनि कुरा सत्य रहेछ । सत्य कुरा सुनेपछि मन ज्यादै नै रोयो र मैले सोम दाइलाई धिक्कारें । तर विधिको विडम्बना ! मन र मस्तिष्क आक्रोशित भएर के गर्ने । मैले तत्काल सोमदाइको विगत र उहाँको स्वरलाई सम्झें । जुन केहिबेर अघि वर्तमान हुँदाहुँदै पनि इतिहास भैसकेको थियो । दैनिक बज्ने उनको गीत, बेलाबेलामा गाउने गरेको सुमधुर भजन मेरो मानसपटलमा सर्र घुम्न थाल्यो र यसैबीच मेरोमनमा एउटा परि कल्पना आयो कि कस्तो भयो होला त्यो क्षण जुन क्षणमा उनको सुरिलो कण्ठमा नाइलोनको पासो कसियो । सायद त्यतिखेर पनि त एउटा आवाज निस्कियो होला नि ! म सोच्न पनि सक्दिन कि त्यस्तो सुरिलो कण्ठमा नाइलोनको पासो कस्सिंदा कस्तो स्वर निस्कियो होला भनेर । कुनै न कुनै स्वर निस्कियो अवश्य तर त्यो स्वर न त उनले सुने न त अरु कसैले । यसरी एउटा अमूल्य स्वरका धनी सोम बज्राचार्यको स्वर सदाका लागि बन्द भए । उनले स्वेच्छाले आफ्नो स्वर बन्द गरे तर कसैलाई स्वीकार्य भएन । फलत: उनको प्रतिभा, त्याग, योगदान र स्वरप्रति हजारौं नरनारीहरुले

श्रद्धासुमनस्वरुप आँसु झारे । तर उनी फर्कनन् । उनले एउटा यस्तो गल्ती गरे, त्यसलाई सच्चाउन न त पैसा समर्थ भयो, न त विज्ञान । न त साथीभाइ सफल भयो न त इष्टमित्र नै । उनले कसैलाई मौका नै नदिई सदाका लागि निदाउने प्रण गरेका थिए क्यारे । त्यसैले उनी आफ्नो प्रयासमा पूर्ण सफल पनि भए । यद्यपि आफ्नो सफलताको अनुभव गर्न नपाए पनि ।

आज हाम्रो सामू न सोम बज्राचार्य रहे न उनको सुरिलो स्वर नै । केवल रहे त उनले छोडेर गएको अनेक प्रश्नहरुमात्र । आज उनको आत्महत्याले धेरै सवालहरु जन्माएको छ । हरेक चोक र बजारमा आज उनले अंगिकार गरेको मृत्युमाथि बहस चलेको छ । प्रश्नहरु थुप्रै छन् तर अनुत्तरित । यथार्थमा भन्नुपर्दा उनले गरेको आत्महत्या बहसको विषय भएको छ । जुन कसैलाई पनि मन परेको छैन । किनकि आत्महत्या गर्नु भनेको कुनै पनि मूल्यमा सच्याउन नसकिने गल्ती गर्नु हो । यो गल्ती कि त कायरहरुले गर्छ कि मूर्खहरुले । त्यसैले भन्नैपर्ने हुन्छ आत्महत्या गर्नु भनेको कायरता र मूर्खताको पराकाष्ठ हो । यो पराकाष्ठतामा पुग्ने व्यक्तिलाई परिवार, समाज र भगवान्ले समेत माफी दिन सक्दैन होला । अतः एउटा तुच्छ निर्णयको परिणतिमा आज सोम बज्राचार्यको परिवार मात्र नभै उनको सम्पूर्ण शान सौकत, इज्जत र प्रतिष्ठा नै दाउमा परेको छ । यसले कसलाई दुःख लाग्दैन र ! तर यस दुःखको घडीमा उनले गरेको गल्तीलाई क्षमा दिन नसकिए पनि उनले गरेका त्याग र योगदानलाई स्मरण गरौं, श्रद्धा गरौं, सायद यही नै उनीप्रतिको सहानुभूति र श्रद्धाञ्जली हो ।

# श्रद्धा सुमन

*- हरिदेवी कोइराला*

चन्द्रलक्ष्मी सिर्जनाको सारथी हो सोम
संगीतको पूजा गर्ने आरती हो सोम
साहित्यलाई सेवा दिने दानी हो त्यो सोम
संस्कृतिलाई टेवा दिने ज्ञानी हो त्यो सोम
बुद्ध ज्ञान भजन गाउने बुद्धमार्गी सोम
रामायणका गाथा गाउने हिन्दूमार्गी सोम
फेवातालमा प्रीत लाउने पोखरेली हो सोम
राष्ट्रभक्ति गीत गाउने नेपाली हो सोम
हँसिलो त्यो रसिलो मृदुभाषी सोम
अहिलेमात्र किन यति निष्ठुरी भो सोम
हृदयको श्रद्धा सुमन लिई जाऊ सोम
यस्तो हैन साहसी भई फेरि आऊ सोम

# ज्ञानमाला भजनको प्रवर्द्धन र विकासमा सोमको योगदान

- गोविन्द ताम्राकार
अध्यक्ष, ज्ञानमाला संघ, पोखरा

गायक तथा संगीतकार सोम बज्राचार्यले संगीतको अन्य क्षेत्रमा झैं ज्ञानमाला भजनको क्षेत्रमा पनि प्रशस्त योगदान पुऱ्याउनु भएको छ। ज्ञानमाला भजनको क्षेत्रमा उहाँको यौगदान मुख्यत दुई किसिमको रहेको छ। एक त उहाँले ज्ञानमाला भजन गाएर यसको विकास र विस्तार गर्नु भएको छ भने अर्कोतिर ज्ञानमाला संघमा बसेर सांगीतिक काम गर्नुभएको छ।

सोम बज्राचार्यका लागि संगीत विरासतबाट प्राप्त गुण जस्तै हो। उहाँका पिताजी चन्द्रमान बज्राचार्य गीत गाउन र बाजा बजाउनमा सौखिन हुनुहुन्छ। त्यस्तै उहाँका दाजुहरु सुवर्ण बज्राचार्य र सरोज गोपाल यस क्षेत्रका नाम चलेका व्यक्ति हुनुहुन्छ। उहाँको पारिवारीक वातावरण संगीतमय भएको भन्नु अतिशयोक्ति नहोला। त्यस्तो वातावरणमा हुर्कनु भएका सोम बज्राचार्यले किशोरावस्था देखि नै संगीतमा रुचि राख्नु स्वाभाविकै हो। उहाँ आफ्नै टोलका अर्जुन नेपालीको संसर्गमा जानुभयो। उहाँले ख्यातिप्राप्त संगीतकार सर्वज्ञमान प्रधानाङ्गबाट संगीत सिक्नुभयो। बुद्ध विहारमा आवत-जावत भएपछि संगीतकार एवं प्रशिक्षक प्रज्ञारत्न बज्राचार्यका समीपमा रहेर ज्ञानमाला भजन गाउन थाल्नुभयो। ज्ञानमाला संघमा प्रवेश गर्नुभयो। संघको विभिन्न पदमा रहेर अनुभव प्राप्त गरी सभापति भै नेतृत्व पनि प्रदान गर्नुभयो।

भगवान बुद्धको शिक्षा सिद्धान्त एवं उपदेशहरु भजनका माध्यमबाट जनजनमा पुऱ्याउने उद्देश्यले ज्ञानमाला भजनको रचना गरिएको हो। ज्ञानमाला भजनहरु अति राम्रा, हृदयस्पर्शी र मर्मस्पर्शी छन। तर ती भजनहरु नेवारी भाषामा मात्र भएकाले गैर नेवारी समुदायमा त्यसको प्रभाव शून्य बराबर थियो। पोखरा तानसेन जस्ता गैर-नेवारी समुदायको प्रभुत्व भएको ठाउँमा नेपाली भाषामा ज्ञानमाला भजनको खाँचो र आवश्यकता महशुस गरियो। प्रज्ञारत्न बज्राचार्यले नेवारी भाषामा भएका ती भजनको नेपाली भाषामा अनुवाद गरी गाउन थाल्नुभयो भने कतिपय भजन नेपालीमा नै पनि रचना गर्नुभयो। यसबीच ज्ञानमाला भजन गाउने र रचना गर्नेहरुको संख्या पनि थपिदै गयो। गर्भ कुमार बज्राचार्य, सुवर्ण बज्राचार्य, अर्का सुवर्ण बज्राचार्य, कृष्णबहादुर श्रेष्ठ, सरोज गोपाल लगायतकाको योगदान यस क्षेत्रमा रहिरहेको बेलामा युवा सोम बज्राचार्य एक गतिशील व्यक्तित्वका रुपमा आउनुभयो। नेवारीमा सीमित ज्ञानमाला भजनलाई उहाँले नेपाली भाषामा गाउन थाल्नु भएपछि त्यसको श्रोता बढ्यो, लोकप्रियता बढ्यो। माँग पनि बढ्यो।

बुद्ध जयन्ती समारोह र अन्य धार्मिक दिनहरुमा गाउने गरिएका ज्ञानमाला भजन पोखरा देखि बाहिरका जिल्लाहरुमा आयोजना गरिने महापरित्राण आदि धार्मिक अनुष्ठानहरुमा पनि गएर गाउन थालियो। त्यसरी बाहिर गएर गाउँदा पोखराको भजनको निकै प्रशंसा हुन थाल्यो। त्यसबाट सोम बज्राचार्यको उत्साह अरु बढ्यो। उहाँकै सक्रियतामा आजभन्दा १८ वर्ष पहिले २५३१ औं बुद्ध जयन्तीको उपलक्ष्यमा धर्मशीला बुद्धविहारको निमित्त म्युजिक नेपालमा नेपाली भाषाका लोकप्रिय ज्ञानमाला भजनहरु समेटेर क्यासेट तैयार गरियो। ज्ञानमाला भजन नेपाली भाषामा लयबद्ध गरी क्यासेटमा निकालिएको शायद त्यो नै पहिलो हो। त्यो क्यासेट रेडियो र नेपाल टेलिभिजनको बौद्ध कार्यक्रमहरुमा बराबर बज्न थाले पछि सोमको लोकप्रियता अरु बढ्न थाल्यो। त्यस क्यासेटमा सोम बज्राचार्यको

'लेउ शरणमा प्रभु हामीलाई
अभिवादन गर्छौं सदा तिमीलाई
जीवनमा हाम्रा कतिभूल होलान्
कतिकति हाम्रा विवशता होलान्
देउ गौतम क्षमादान

दीन दयालु हे भगवान
तिम्रो नजरमा सबै छन् बराबर
तिम्रो नियममा केही छैन अन्तर
तिम्रा सबै हुन तिमी हौ सबको
तिमी नै ढुकढुकी सारा यो जगको
भेदभावको बन्धन हटाउ
विश्वमा समताको ज्योति जगाउ
बहुजनको हित गराउ
बहुजनलाई सुखी तुल्याउ
जीवन सार्थक पार्न सकौं हामी
सबको जयजय देख्न सकौं हामी
नहोस् व्यर्थ मनमा क्रान्ति
आओस सबमा शान्ति शान्ति ।

उहाँको यो भजन ज्यादै लोकप्रिय भयो । त्यस्तै सो क्यासेटमा

भगवान् तिम्रो दरशन् पाउ जीवन पार लगाउँ
दुःख व्यथाको भुमरीबाट लोभ मोहको जन्जालबाट छुटाई आज तथागत मेरो डुङ्गापार लगाउँ

सुवर्ण वज्राचार्यको श्रद्धा र भक्ति भावले हृदय भरिको पुकारले तिम्रो नाम लिन्छौं हामी तिम्रै ध्यान गर्छौ बुद्धको सन्देश सुनाउदै जाउँ, जगमा मेल बढाउदै जाउँ, आपसमा मेल वलियो बाँधी अकुसल टाढा हटाउँ, चेतन कार्कीको भगवान देउ मलाई यही परम ज्ञान धरतीका सब प्राणीहरुको गर्न सकुं कल्याण यो मेरो हो, त्यो तेरो हो भन्ने भावले मन यो खिन्न नहोस् देख्न सकून एउटै सबलाई यो आफ्नो त्यो भिन्न नहोस्, सबको भलाइ गर्दागर्दै जाओस मेरो जीवन ज्ञान, धरतीका सब प्राणीहरुको गर्न सकूँ कल्याण, केदार शाक्यको यो संसार दुःखको सागर बोधिज्ञान पाइ तर्नु छ पार, राग र द्वेष त्याग्नु छ सबले सुखमय पार्न मानव जीवन, आफू जस्तै अरुलाई मानौं, मानिस बीच भेदभाव त्यागौं आदि गीत क्यासेटमा समावेश गरिएको छ ।

क्यासेटमा कृष्णबहादुर श्रेष्ठको 'मनभित्र ज्ञानको ज्योति', ज्योति शाक्यको 'बुद्धको शरममा', नवराज कार्कीको 'हिंसा नहोस् कही प्राणीहरुको यो वाणीमा झुट्टा नहोस, सुखमय होस यो मानव जीवन मृत्यु बुढेयौली दुःख नहोस' भन्ने गीतहरु कर्णप्रिय मान्छिन । सुवर्ण वज्राचार्यद्वारा रचित 'यहाँ हेरे कहाँ हेरे कहाँ रहेछ बुद्ध, मनको भित्र चियाइ हेरें, यहाँ पो रहेछ बुद्ध' भन्ने भजनले कति ख्याति प्राप्त गर्‍यो भन्ने कुरा विना विभागीय मन्त्री बुद्धिराज वज्राचार्यले सार्वजनिक भाषणहरुमा यही पंक्ति गाएर भाषण शुरु गर्नु भएबाटै छर्लङ्ग हुन्छ ।

उहाँले ज्ञानमाला भजन संग्रह भाग १ र २ तथा अमृताञ्जली भजनमाला भनेर भाग १, २ र ३ गरी पाँच वटा क्यासेटहरु निकाल्नु भएको छ । आचार्य भिक्षु अमृतानन्द महास्थविरको सम्मानमा अमृताञ्जली नाम दिएर क्यासेट निकाल्नु एउटा ठूलो श्रद्धाञ्जली हो । सोम वज्राचार्य आफूभन्दा माथिकाहरु प्रति के कति श्रद्धा र सम्मान गर्नु हुन्थ्यो भन्ने यो एक उदाहरण हो । उहाँले ती भजनहरुको संगीत कुनै आफैले र कुनै प्रज्ञारत्न वज्राचार्य, कुनै सुवर्ण वज्राचार्य र कुनै कृष्णबहादुर श्रेष्ठले राख्नु भएको बताउनु भएको थियो । गाउनमा पनि उहाँले त्यसै गर्नुहुन्थ्यो । कुनै भजन आफैले मात्र गाउनु भएको छ भने कुनै समूहमा गाउनु भएको छ । उहाँले भजनहरु ज्ञानु राणा, रमना श्रेष्ठ, कुन्ती मोक्तान, रेखा रंजित, भीमा गुरुङ, मीना शाक्य, इतुपाल, मितुपाल, एन्जेला सिंह लगायतका संग गाउनु भएको छ । ती क्यासेटमा प्रयोग भएका शब्द र भाव उच्चकोटीका छन । तिनीहरुमा संगीतको संयोजन गीतको भाव अनुसार गरिएकाले भजनहरु राम्रा र आकर्षक छैन् । त्यसमा पनि गायक गायिकाको सुरिलो कण्ठबाट प्रस्फुरण भएकोले भजनको महत्व अरु बढ्न गएको हो । ती क्यासेटको प्रकाशनले एकातिर सोम वज्राचार्यको लोकप्रियता बढाएको छ भने अर्कोतिर त्यसले पोखराको नाम पनि उच्च बनाएको छ ।

उहाँले ती भजनहरु पोखरामा मात्र गाउनु भएको होइन, क्यासेटमा मात्र भर्नु भएको होइन, उहाँले देशको विभिन्न ठाउँमा भएका महापरित्राण, राष्ट्रिय बौद्ध सम्मेलन, ज्ञानमाला भजन सम्मेलनहरुमा पोखराको तर्फबाट सहभागी भै भजन गाउनु हुन्थ्यो । त्यसरी जाने क्रममा उहाँ बागलुङ्ग, पाल्पा, बुटवल,

कपिलवस्तु, हेटौडा, धरान, काठमाण्डौ, भक्तपुर, ललितपुर देखि जापानसम्म पुग्नु भयो । जहाँ पुग्नुभयो उहीं उहाँले भजन गायकका रुपमा आफ्नो राम्रो पहिचान दिनुभयो । काठमाण्डौ स्थित स्वयम्भू ज्ञानमाला भजन खलले उहाँले राम्ररी ज्ञानमाला भजन गाएर यस क्षेत्रमा योगदान पुऱ्याए वापत भनेर "ज्ञानमाला रत्न शिरपा" प्रदान गरेको थियो ।

सोम बज्राचार्यले ज्ञानमाला भजन गाएर मात्र यस क्षेत्रको सेवा गर्नुभएको होइन । उहाँले ज्ञानमाला सघमा बसेर पनि संघको संगठन सुदृढ गर्नमा सघाउ पुऱ्याउनु भएको छ । उहाँले ज्ञानमाला सघमा सदस्य, सचिव र पछि २०५० देखि २०५४ सालसम्म दुई पटक संघको सभापति भएर नेतृत्व प्रदान गर्नुभएको स्मरणीय छ । उहाँले आफ्नै संयोजकत्वमा पहिलो पटक पोखराबाट ज्ञानमाला भजन संग्रह प्रकाशित गर्नुभएको छ । त्यस संग्रहमा नेवारी र नेपाली भाषाका भजनहरु संग्रहित छन । उहाँको यस्तो प्रयासले नेवारी भाषी लेखक कविहरुलाई पनि ज्ञानमाला भजन लेख्न र गाउन प्रेरित गरेको महशुस भएको छ । यसै क्रममा उहाँले नेपाल राष्ट्रिय ज्ञानमाला समितिको केन्द्रीय सदश्य भएर पनि काम गर्नुभयो ।

उहाँले ज्ञानमाला भजन र ज्ञानमाला संघमा पुऱ्याउनु भएको योगदानको चर्चा गर्नुको मतलब उहाँको अन्य क्षेत्रमा योगदान छैन भन्ने होइन । उहाँले शैक्षिक, सामाजिक र सांस्कृतिक क्षेत्रसंग संबन्धित धेरै ठाउँको सेवा गर्नुभएको छ । पोखरेली युवा सांस्कृतिक परिवारसंग लामो समय आवद्ध भै त्यसको अध्यक्ष समेत हुनुभएको छ । त्यस्तै संगीत प्रशिक्षण केन्द्रको संस्थापक सदश्य भै त्यसको सभापति, पोखरा बहुमुखी क्याम्पसको आजीवन सदश्य, विन्ध्येश्वरी धार्मिक क्षेत्र विकास समितिको आजीवन सदश्य, सिर्जना प्रा. वि.को संचालक समितिको सदश्य लगायत धेरै संघ-संस्थामा उहाँ आवद्ध हुनुहुन्थ्यो । उहाँले समाजको विविध क्षेत्रमा पुऱ्याउनु भएको योगदानको कदर गरि पोखरेली युवा सांस्कृतिक परिवारले 'नेत्र स्मिृति पुरस्कार' र लोककवि अलिमिया वाङमय प्रतिष्ठानले 'अलिमिया लोक वाङमय पुरस्कार' प्रदान गरी उहाँको सम्मान गरेको थियो । यसरी सबैतिर प्रशंसित एवं पुरस्कृत हुदै गएको अवस्थामा मसिर २६ गते अकस्मात उहाँको जीवनलीला समाप्त भयो । जसले सबैलाई स्तब्ध र दुःखी पारेको छ ।

# निर्वाण कामना

संगीत प्रशिक्षण केन्द्र, पोखराका संस्थापक एवं पूर्व अध्यक्ष

**चर्चित गीतकार तथा संगीतकार सोम बज्राचार्यको**

असामयिक निधनमा हामीलाई गहिरो दुःख लागेको छ ।

**वहाँले यस केन्द्रको स्थापना र विकासमा महत्वपूर्ण योगदान दिनु भएको स्मरणीय छ । हामी वहाँको निर्वाण लाभको कामना गरी शोक संतप्त परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

*सुरेन्द्रमान विजुक्छे*

अध्यक्ष

तथा संगीत प्रशिक्षण केन्द्र परिवार पोखरा

# साथी सोम मेरो संम्झनामा

- आनन्द श्रेष्ठ

सन्दर्भ २०५७ सालको हो, जुनबेला म पोखरेली युवा सांस्कृतिक परिवारको अध्यक्ष थिएं । सोमजी उपाध्यक्ष हुनुहुन्थ्यो । ज्यादै नजिकका मित्र र कार्य समितिका सदस्य पनि भएको नाताले मैले बेलाबेलामा भन्ने गर्थे.... सोमजी, यसो गर्नु पर्‍यो, उसो गर्नु पर्‍यो । पोयुसांप आर्थिक दृष्टिकोणले त्यति दरिलो संस्था नभएको कारण कतिपय कार्यक्रमहरु साथीहरु कै आर्थिक सहयोगमा गर्नुपर्ने अवस्था आउंथ्यो र त्यतिबेला सोमजीलाई भन्ने गर्थे पासा संस्थालाई



रामायणमा सम्मिलित हुँदै सोम बज्राचार्य ।

आर्थिक भार नदिने गरी कार्यक्रम आटियो अलिअलि साथीहरुले नै सहयोग गर्नु पर्ने भयो .... के छ तपाइको विचार ? भन्दा हुन्छ नि... साथीहरुले आंटेपछि म किन पछि हट्छु र हुन्छ भैहाल्छ नि आंटम् भनेर साथीहरुको उत्साहमा सधैं जाँगर थप्ने स्वभावका मित्रलाई जीवनको यस क्षण गुमाउनु पर्दा म स्वयम् आफै ठूलो दुर्घटनामा परेको महशुस गरेको छु । साथी सोमको सद्भावपूर्ण सहयोगी भावनाका बोली र व्यवहारहरुलाई प्रतिखेर विगत भनेर सम्झनु पर्दा मलाई ठूलो पीडा बोध भएको छ । असल कामका लागि साथीहरुलाई तन, मन र धनले सहयोग गर्न सधै तयार हुने हँसिलो मिजासिलो सोमको अनुपस्थिति हामी साथीहरुका लागि अपूरणीय क्षति भएको मैले अनुभव गरेको छु ।

मानिस सर्वगुण सपन्न हुन सक्नु असल कुरा हो । यो सत्यको ज्ञान हुँदाहुदै पनि त्यसको नजिक पुग्न नसक्नु सायद मानवीय कमजोरी हो अथवा व्यावहारिक बाध्यता पनि हुन सक्छ । कुनै मानिसले आफूमा भएको एउटा मात्र असल गुणको परिचय समाजमा दिन सक्यो भने, उ सदा सर्वदा सम्झन लायक व्यक्ति हुनसक्छ । यस अर्थमा सोमजीलाई सांगीतिक क्षेत्रका नव प्रतिभा भाइ बहिनीहरुले सधै प्रेरणाको स्रोत मानेका छन् । पोखरामा हुने भजन र गाईजात्रामा निकाल्ने र रामायणको काममा अत्यन्त सहयोगी, पोखरालाई गीतसंगीतले सिंगार्न प्रयत्नरत प्रतिभाशाली संगीत साधक, असल कामका लागि सहयोग गर्न सधै तयार हुने दानी पनि मानेका छन् पोखरेली समाजले सोमजीलाई । सोमजी पोखराको सांस्कृतिक उत्थानमा आफ्नो उपस्थितिले गर्न सक्ने सहयोगका लागि कहिल्यै पछि पर्नुभएन, अल्छी मान्नु भएन । पोखरालाई सांस्कृतिक राजधानी बनाउने पोखरेली अग्रजहरुको आदर्श सोचका लागि वहाँले तन र मनले मात्र हैन, धनले पनि पुर्‍याउनु भएको योगदानको ज्वलन्त उदाहरण चन्द्रलक्ष्मी सृजनाग्राम तपाँई हामी सामु स्पष्टै छ । कुनै पनि व्यक्ति सबैका लागि एकै स्वभावका हुन सक्दैनन् कारण व्यक्तिका सम्बन्धमा बनाइएको धारणाले उसलाई ग्रहण गर्ने तरिका पनि व्यक्तिको आफ्नै किसिमको हुन्छ । सोमजीलाई धेरैले आफ्नै किसिमले

चिनेका छन्। मैले चिनेको सोम ज्यादै सरल, सहयोगी र मिजासिलो स्वभावका थिए।

सोमजीको सांगीतिक खूबीका सम्बन्धमा हामी केही साथीहरुले अलि नजिकबाट अनुभव गरेका थियौं। हामीलाई लाग्दथ्यो वहाँले यस क्षेत्रमा आफ्नो क्षमताको १० प्रतिशत काम पनि गर्नु भएको छैन त्यसैले हरेक बसाइमा हामीले वहाँलाई यस कुरामा घचघच्याइ रहन्थ्यौ। हिजो जस्तो मात्र लाग्छ वरिष्ठ संगीतकार अम्बर गुरुङ्ग, साहित्यकार मंजुल, विनय रावल र गीतकार श्रीपुरुष ढकाल जस्ता अग्रजहरुलाई साक्षी राखी हातमा हात मिलाई वहाँलाई गीतसंगीत क्षेत्रमा क्रियाशील हुनका लागि कसम खाइएको। तत्पश्चात केही समय यता वहाँको क्रियाशिलताले हामीलाई विश्वास पनि दिलाएको थियो, जसका बारेमा हामीले चर्चा पनि गर्ने गरेका थियौं। सोमजी कताकता कहिले काही अलि ढग नपुगेको मान्छे जस्तो लाग्ने गर्दथ्यो मलाई। किनकी वहाँ साना साना प्राप्तिहरुमा पनि अत्यधिक खुसी हुनुपर्ने र खुसी बाँड्नु पर्ने स्वभावका साथी थिए। सायद त्यो वहाँको सरलपनको परिचय थियो। हामी साथीहरुलाई खान र ख्वाउनका लागि पनि सौखिन थिए उनी। घरमा केहि नयाँ कुरा पाक्यो साथी बोलाएर ख्वाउनु पर्ने, कुनै कुरामा खुसी हुने सौभाग्य प्राप्त भयो साथी बोलाउने ख्वाउने गर्दथे। कहिलेकाही असमयमा पनि फोन गर र आनन्दजी आउनुस् न एकछिन वसौं भन्ने निम्तो वहाँबाट पाउने गर्थे र बडो कर पनि गर्नुहुन्थ्यो। तर त्यस्ता थुप्रै आग्रहलाई मैले विभिन्न कारण देखाई टारेको अहिले म संझन्छु।

हामी केही साथीहरु वर्षको १,२ पटक छिमेकी गाउँहरुमा वास बस्न जाने गर्दथ्यौं। धेरै समयको अन्तराल पछि यस पटक पनि गत मंसिर १९ गते आइतबार मैले सोमजीलाई धम्पुस वास वस्न जान आग्रह गरेको थिएँ। वहाँले को को तयार छन्? भनेर सोध्नु भएको थियो। मैले साथी तीर्थ, टोप र म तयार भएको जानकारी गराउँदा हुन्छनि अहिले म काठमाडौं छु बुधवार या विहिबार पोखरा फर्कन्छु, जाउँला नि भनेर सहमति जनाउनु भएको थियो। त्यसै सिलसिलामा पुनः २३ गते बुधवार वहासग कुरा हुँदा २५ गते शनिवार गुठी परेको कारण जान नपाउने कुरा स्पष्ट पार्दै माफ माग्नुभयो। त्यतिबेला मैले सोमजीलाई भनेको थिएँ, ठीकै छ पासा यहि शनिबार नै जानुपर्ने बाध्यता केही छैन अर्को शनिबार जाउँला भनेर वहाँको लागि कार्यक्रम अर्को शनिबार सारिएको थियो। तर अफसोच, २६ गते बिहान करिब ५ बजे साथी तीर्थबाट त्यो अपत्यारिलो सत्य घटनाको जानकारी पाउँदा एकैचोटि आकाश खसेर थिचिएको अनुभव गरें। मनमा लाग्यो २५ गते गाउँ जान पाएको भए कमसेकम त्यो दिनको बसाइमा साथीहरुका माभ्ह सुखदुख बाँडिन्थ्यो होला अथवा २५ र २६ गते सम्म साथीहरु सबै साथैमा हुने कारणले वहाँको त्यो दिनको अशुभ निर्णयको क्षण टर्ने थियो होला। भनिन्छ यस्ता अशुभ निर्णयहरु क्षणिक हुन्छन् र त्यो क्षणिक समय वित्यो भने फेरी त्यस्ता विचारले स्थान पाउन गाह्रो हुन्छ, सायद सोमजीमा पनि यो कुरा लागु हुन्थ्यो होला भन्ने

***बाँकी ४७ पेजमा.....***

***साथी सोम मेरो संझनामा....................***

## निर्वाण कामना

ज्ञानमाला रत्न शिरपा द्वारा विभूषित ज्ञानमाला भजनमा विशेष योगदान पुऱ्याउनु भएका गीतकार तथा संगीतकार सोम बज्राचार्यकी असामयिक देहावशानमा शोक प्रकट गर्दछौं।

वहाँको निर्वाण कामना गरी शोक संतप्त परिवार प्रति

हार्दिक समवेदना व्यक्त गर्दछौं।

**स्वयम्भू ज्ञानमाला भजन खलः परिवार**

**स्वयम्भू, काठमाण्डौ**

# जीवनको अहम् प्रश्न ?

- ईश्वरमणि अधिकारी

संस्मरणहरु एक साथ तछाड-मछाड गररिहेछन्, मलाई थाहा छैन म कहाँनेर बाट मेरा सोमदाइका संस्मरणहरुलाइ शब्दहरुको झ्यालखानामा कैद राखूं। सुन्दर अनुभूतिहरु पीडाजन्य क्यानभासमा उतार्नु भयकर पीडाको विपुय रहेछ। मेरा अनुभूतिहरु शब्दहरुसंग हार्दैछन्-यो दुखद परिवेशमा। म आफै दिग्भ्रमित भएको छु- सदा हँसिलो, सदा रमाइलो र ठट्टिलो स्वभाव बोकेर सधै चिटिक्क परेर औपचारिक सभा-समारोहहरुमा भेटिने सोम दाइको कुरा गरुँ या एक अलग्गै प्रकृतिको उच्च कम्पनमय स्वर भएका गायक सोम बज्राचार्यको कुरा गरुं, अथवा बौद्ध तथा हिन्दु दर्शनका गीत संगीतहरु मार्फत धार्मिक आस्था उरेल्दै गरेका सोमको कुरा गरुं। साँच्चै, आफै अन्यौलग्रस्त अवस्थामा उभिएर म कसरी आफ्ना संस्मरणहरुप्रति न्याय गर्न सक्छु, जब संस्मरण आफै पीडामा रुपान्तरित भएको छ।

मलाई यो पनि एकिनका साथ थाहा छैन, कुनदिन देखि म सोमदाइको परिचय वृत्तभित्र समावेश भएं, जब कि मैले व्यक्तिगत रुपमा उनलाई धेरै अगाडि देखि चिन्दै आएको थिएँ, तर यो चाहिं थाहा छ, जब जब म पोखरेली युवा सांस्कृतिक परिवारको एक कार्यकर्ताका हैसियतले यसका गतिविधिहरुमा आफूलाई समाहित गर्न थालें, त्यसबेला त्यहाँ कुनै न कुनै रुपमा सोमदाइको सम्मानजनक उपस्थिति हुने गर्थ्यो र त्यसै क्रममा यौटा अनुपम संयोगका रुपमा वि.सं. २०५८-२०५९ को परिवारको कार्य समितिमा मलाई सचिव र उहाँलाई अध्यक्ष हुने अवसर एकसाथ प्राप्त भयो। त्यसो त त्यस अगाडिका कार्यसमितिहरुमा पनि बिभिन्न रुपमा हामीलाई संगै रहेर काम गर्ने अवसर प्राप्त भएको थियो। त्यो वर्षभरि त्यस्ता कैयन् कार्यक्रमहरु भए, केहि उल्लेख्य राष्ट्रिय कार्यक्रमहरु पनि भए तथा केहि नयाँ नौला कार्यक्रमहरु पनि थप भए। यौटा अत्यन्त गतिशील तथा उर्जाशील संस्थाको अध्यक्ष र सचिवका नाताले हामीबीच थुप्रै सामिप्यता र आपसी सम्बन्धहरु स्थापित भए जस्को म यति खेर स्मरणमात्र गर्न सक्छु, अनुभूति गर्नसम्म सक्छु, तर मसंग त्यस्तो शब्द सामर्थ्य छैन, जसलाई तदनुरुप उतार्न सकुं। त्यसै वर्ष हामीले पोखरामा "फत्तेमान साँझ" गर्‍यौं। त्यसै वर्षवाट नवोदित गायक तथा संगीतकारहरु लाई गीत संगीतको मञ्च उपलब्ध गराउँदै उनीहरुको प्रतिभा अझै उजागर गर्ने र पुराना स्रष्टाहरुलाई पनि आफ्ना सिर्जनाहरु प्रस्तुत गर्ने समतामूलक मञ्च प्रदान गर्ने उद्देश्यले त्रैमासिक रुपमा संचालन हुने गरी "समता सांगीतिक कार्यक्रम" को थालनी गर्‍यौं र समता कला कार्यशालाको पनि। अन्य थुप्रै नयाँ तथा पुराना कार्यक्रमहरु पनि भए। वाङ्मयिक संघ-संस्थाका



कार्यक्रमहरु भनेपछि हुरुक्क भएर गर्ने र गराउने सोमदाइको शैली आफ्ना सहकर्मी साथीहरुलाई कहिल्यै पनि नबिझाउने र उनीहरुसँग बसेर रमाइलो ढंगले समय व्यतीत गर्ने उनको जीवनशैली साँच्चिकै सम्झना योग्य छ तर के गर्नु सम्झना मात्रै छोडेर जब संझनाको केन्द्रविन्दु क्षितिजबाट विलाउँछ त्यसबेला संझना आफै दुख्न थाल्छ। कहिल्यै बिसेक नहुने घाउ सरि चर्किन थाल्छ।

त्यसवर्ष पछिका परिवारका गतिविधिहरुमा

म सक्रिय रुपमा संलग्न हुँदै आएको छु, आज सम्म नै । उहाँ उक्त कार्यकालबाट निवर्तमान हुन नपाउँदै संगीत प्रशिक्षण केन्द्रको अध्यक्षका रुपमा रुपान्तरित हुनुभयो । त्यसपछि पनि परिवारको सल्लाहकारका रुपमा पछिल्ला वर्षहरुमा उहाँ सधैं सधैं हरेक गतिविधिहरुमा संलग्न हुँदै आउनुभएको प्रसंग पो.यु.सा.प.का. प्रत्येक सदस्यहरुलाई स्पष्ट छ । पोखरलाई कला, साहित्य र संगीतको सृजनाभूमिको रुपमा रुपान्तरित गरी यसलाई सांस्कृतिक राजधानीको रुपमा प्रतिस्थापित गर्ने एउटा कोसेढुंगाको रुपमा रहेको 'चन्द्रलक्ष्मी सिर्जना ग्राम' को निर्माण तथा व्यवस्थापनका क्रममा त्यस्ता 'दाताको' अवसान एवं अभाव उक्त ग्रामले कसरी व्यहोर्न सक्ला, म कल्पना गर्नै नसक्ने अवस्थामा छु यतिखेर-यो प्रसंग ।

साधन, स्रोत र सम्भावनाहरु सबै एक साथ हुँदाहुँदै पनि आफ्नो समयलाई यथेष्ट रुपमा सिर्जनातिर नलगाएको, आफ्नो गलालाई समायोचित कदर र सम्मान गर्न नसकेको, आफूले आफैलाई चिन्न नसकेको आदिजस्ता गुनासाहरु हामी प्रायः बसाईहरुमा उनलाई सुनाउने गर्थ्यौं र गीत/संगीतमा अझ बढी क्रियाशील हुन अभिप्रेरित गर्ने गर्थ्यौं र सायद त्यसैले पनि हुन सक्छ, पछिल्ला वर्षहरुमा तुलनात्मक रुपमा उनी गीत/संगीतमा बढी नै क्रियाशील थिए । आफ्ना पुराना अति चर्चित गीतहरुको छायांकन गर्नेदेखि लिएर केही नयाँ गीतहरुको प्रस्तुती तथा अन्य कलाकार द्वारा गाइएका केही गीतहरुको दृश्यमा अभिनय प्रस्तुत गर्नु उनको दिनचर्या जस्तै बनेको थियो । पछिल्लो समयमा त उनी आफैंले गीत लेखेर संगीत भर्ने र स्वर दिने काम समेत गर्न थालेका थिए । त्यति हुँदा हुँदै पनि, हामीजस्ता उहाँका प्रशंसक तथा शुभेच्छुकहरु उनको गीत/संगीतप्रतिको क्रियाशीलता अझै शिथिल रहेको गुनासो गर्ने गर्दा हाँसेर पचाउने बानी परेको थियो । सोमदाइ भन्ने गर्नुहुन्थ्यो,"समय आउँछ, आत्तिनु हुँदैन नि, बिस्तारै सबै ठीक हुन्छ । आजकल त मैले गीत संगीतलाई यथेष्ट समय दिएको छु यार !" तर, सोमदाइ, समय यसरी अचानक दुःखदायी बनेर आयो-हाम्रो कल्पनाको धर्तीभन्दा बाहिरबाट आयो । हाम्रो सामर्थ्य शक्तिलाई जितेर आयो र यस्तो ढंगले आयो कि सबै पीडा हरेर हुरी झैं बिलायो-समय-समयको गर्भमा, पुनः नजन्मने गरी ।

त्यो रात म भयानक त्रासदीपूर्ण स्वप्नबाट झर्खर झर्खर जस्तो ब्यूँझेर अनिन्द्राको शिकार भएको थिएँ- अचानक फोनको घण्टी बज्यो । अबेलाको फोन पक्कै नराम्रो खबर लिएर टिङरिङ गरिरहेछ भन्ने त्रासले शुरुमा फोन उठाउने साहस पनि ममा भएन र श्रीमतीलाई फोन उठाउन भने । जब उनले तीर्थदाइको फोन छ भनिन् मनमा विभिन्न सम्भावनाहरु संझेर फोन के समातेको थिएँ, सदा उर्जाशील स्वरमा फोन गर्नु हुने दाइले मलिन स्वरमा बोल्नुभयो, 'ईश्वर ! सोमले त बरबाद गरेछ !........ ल , साथीहरुलाई पनि खबर गर !' अनि कुन बेला फोनको रिसिभर मेरो हातबाट खस्यो, मलाई पत्तो भएन जब म आफैं छाँगोबाट एकसाथ खसें, तब अरु के नै खस्न बाँकी रह्यो होला र मबाट, जब विश्वास खस्यो मनबाट तब अविश्वासै अविश्वासमा प्रश्नहरुको जुलुश चल्यो मनमा । त्यसपछिका दुखद घटनाक्रमहरुमा आफूलाई क्रमशः उभ्याउँदै आफ्नो उपस्थितिलाई सोमदाइको पार्थिव शरीरको अन्तिम बिदाइका क्षणसम्म पुऱ्याउँदा अत्यन्त कष्टप्रद पीडाजन्य अनुभूतिहरु सँगालिएका छन् मनभित्र । खै, यो पीडा कैले संग्लिएला र मनबाट ।

लगभग एक दशक लामो मेरो यो सहयात्रा आज स्वयं स्वप्न बनेर उभिएको छ, प्रश्न बनेर उभिएको छ । कैयन् आरोह-अवरोहहरुमा हाम्रो साथ रहँदै आएको यौटा हँसिलो अनुहार कसरी आइ-आफैमा मृत्युवरण गऱ्यो ? यौटा अपत्यारिलो सत्यबाट म सधैं भयभीत छु, के त्यस्तो लोभलाग्दो जीवन बाँच्ने मान्छेभित्र पनि अथाह पीडा हुन्छ ? जस्ले आफूलाई अन्तिम प्रहार गरोस् । म यसमा मनलाई पटक पटक एउटै अनुत्तरित्त प्रश्न सोधिरहेको छु-जीवनको 'के पहाडले डाकेर डाकेर हाँसे जस्तै मान्छे पनि अथाह पीडा मनभित्र लुकाएर-प्राकृतिक ढंगले हाँस्न सक्छ ?' आज यो प्रश्न मेरा लागि जीवनको अहम् प्रश्न बनेको छ ।

*(लेखक पोखरेली युवा सांगीतिक परिवार पोखराका अध्यक्ष हुनुहुन्छ ।)*

# सोम बज्राचार्य - मेरो नजरमा

- कृष्णमान गुभाजु

२६०० वर्ष भन्दा अघि वर्तमान नेपालको लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्ला (तात्कालिन कपिलवस्तु राज्य) का राजा शुद्धोधनका रानी मायादेवीको कोखबाट जन्मेका बालक पछि गएर गृहत्याग गरी बुद्ध हुने भविष्यवाणी गरेर बालकको नाम सिद्धार्थ (सर्वअर्थ सिद्ध) नामाकरण गरियो । त्यसबेला अधिकांश पंडितहरुले गृहत्याग नगरेमा सम्राट हुन सक्ने सम्भावना पनि देखाएकाले राजाले राजकुमारलाई राज्य संचालनको यावत शिक्षाहरु प्रदान गर्नुको साथै ऐस आराम, सुख, भोग विलासका सम्पूर्ण सामग्रीहरु व्यवस्था गरि दिए । तर सिद्धार्थको बुद्ध हुने उहाँको भाग्य वा कर्म वा ग्रह नक्षत्रको प्रभाव वा पूर्वजन्मको संस्कारको हेतुले भनौं पहिले नै तय भैसकेको होकी ? किनकी शुद्धोधनले उहाँलाई गृहत्यागी नबनोस भनेर जुन उपायहरु अवलम्बन गरे त्यहि नै सिद्धार्थको महाभिनिष्क्रमणको कारण बन्न पुग्यो ।

प्रस्तुत लेख बुद्धको बारेमा लेख्न खोजिएको होइन, उहाँद्वारा उपदेशित शिक्षाहरु सुरतालले सजाएर मधुर कण्ठबाट स्वरबद्ध गरी प्रचार प्रसार गर्न सफल गायक सोम बज्राचार्यको जीवनलाई नियाल्दा सन्दर्भको रुपमा गाँसिन आएको मात्र हो ।

सोम बज्राचार्य, पोखरा मोहरिया टोलका धनाढ्य परिवारमा जन्मे, उच्च शिक्षा हासिल् गरेका व्यक्ति, सदा हँसिलो र अरुलाई पनि हंसाउन रिझाउन सिपालु मिलनसार, दान चन्दा दिनमा सदा तत्पर, बाबु आमाको राम्रो हेरचाह, श्रीमती छोराछोरीको राम्रो पालन पोषण, गुरु आचार्यको सम्मान, साथी संगीहरु प्रति असल मित्रभावको व्यवहार गर्ने सबैका लोकप्रिय व्यक्ति जसले 'सिगालोवाद सूत्र' मा उल्लेख गरे अनुरुप छ दिशालाई नमस्कार गर्न जानेको अनुभूति हुन्छ ।

राम्रो आर्थिक स्थिति, उचित पारिवारीक बनोट सफल दाम्पत्य जीवन, अनगिन्ती शुभचिन्तक साथी-संगी, दाजुभाइ, इष्टमित्र, थुप्रै संघ संस्थाहरुमा नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका परिपक्व व्यक्ति, सम्पूर्ण पक्षबाट नियालेर हेर्दा लोभलाग्दो, भनौं इर्ष्यालाग्दो जीवन व्यतित गर्दै आएका सोम बज्राचार्य अकस्मात कुन ग्रह नक्षत्रको प्रभावले हो वा पूर्वजन्मको प्रभावले वा कुन संस्कारको प्रभावले हो गत मंसीर २६ गते अकल्पनीय स्वइच्छा मरण वरण गर्न पुगे ।

सोमलाई नचिन्ने पोखरेली वासिन्दा ज्यादै कम होला । उनी सदा रेडियो, क्यासेटहरुमा बजिर हन्थे, टेलिभिजनमा देखिरहन्थे, सभा-समारोह कार्यक्रमहरुमा भेटिरहन्थे । कसैले उनलाई ब्यापारी को रुपमा चिन्दथे भने कसैले गायकको रुपमा, कसैले दाताको रुपमा त कसैले ख्याली व्यक्तिको रुपमा चिन्दथे । बहुआयामिक व्यक्तित्व हुँदा हुँदै पनि उनी सांगीतिक क्षेत्रका विशेष व्यक्ति थिए ।

सोम गाउँथे । उनले कोठामा गाए, मञ्चमा गाए, सडकमा गाए, सभा-सम्मेलनहरुमा गाए, रेडियो टिभीहरुमा गाए र गाएर नै आफूलाई चिनाए । उनले राष्ट्रिय गीत गाए, लोक गीत गाए, आधुनिक गीत गाए, विरहका गीत गाए, प्रजातन्त्रका गीत गाए, नेवारी गीत गाए, रामायण निकाल्दा भक्ति गीत गाए, बिहारमा गएर ज्ञानमाला भजन गाए ।

उनले थुप्रै गीत गाए, त्यसैमा डुबे, त्यसमध्ये उनले ज्ञानमाला भजन गायनलाई विशेष रुपमा अंगाले र त्यसैले उनाई लोकप्रिय एवं देशब्यापी वनायो । बाग्लुङ, पाल्पा, बुटवल, कपिलवस्तु, हेटौडा, धरान, काठमाण्डौ, ललितपुर, भक्तपुर लगायतका ज्ञानमाला भजनका श्रोताहरु उनलाई नचिन्ने शायदै होलान् । ज्ञानमाला भजन नेवारी मा मात्र गाउने अवस्थालाई छिचोलेर पोखराको ज्ञानमाला संघले नेपाली भाषामा ज्ञानमाला भजनलाई प्रस्तुत गर्ने जमर्को गऱ्यो र त्यसलाई मलजल दिने काम सोम बज्राचार्यले गरे । उनले आफ्नै स्वरमा नेपाली भाषाको ज्ञानमाला भजनहरुको क्यासेट तयार गरे र त्यसलाई देशब्यापी रुपमा छर्ने काम गरे । त्यस पश्चात देशका विभिन्न भागहरुबाट हाल आएर नेपाली ज्ञानमाला भजनहरु प्रस्तुत गर्ने एवं क्यासेट तयार गर्ने क्रम चलिरहेको छ । जसबाट

भगवान बुद्धका जीवनोपयोगी शिक्षा घरघरमा पुगिरहेछ ।

उनी ज्ञानमाला संघमा लामो समयसम्म कृयाशील रहे, त्यसका अध्यक्ष बने र उनकै पालामा ज्ञानमाला भजन संग्रह प्रकाशित गरियो । उनी ज्ञानमालाको राष्ट्रिय संस्था राष्ट्रिय ज्ञानमाला संघको केन्द्रीय सदस्य भए । स्वयम्भू ज्ञानमाला भजन खलःको ***ज्ञानमाला रत्न सिरपा*** बाट सम्मानित भए ।

ज्ञानमाला संघ पोखराले थुप्रै ठाउँमा ज्ञानमाला भजन प्रस्तुत गर्ने मौका पायो । ज्ञानमाला सम्मेलनमा होस या धर्मोदय सभाको राष्ट्रिय बौद्ध सम्मेलनमा होस् यस संघले गाउने अवसर पाइरहेछ, त्यसको पछाडि यस संघका गायक एवं संस्थापक अध्यक्ष प्रज्ञा रत्न बज्राचार्य, सोम बज्राचार्य एवं गायक, संगीतकार एवं लेखक सुवर्ण बज्राचार्यको महत्वपूर्ण भूमिका रहेको छ ।

पोखराको ज्ञानमाला भजनलाई पोखरा बाहिर चर्चित बनाउने क्रमको शुरुवात २०४५-४६ साल तिरको काठमाडौं, ललितपुर र भक्तपुरमा भएको ज्ञानमाला भजनको प्रस्तुतिलाई मान्नु पर्छ। त्यसबेलाको प्रस्तुति ज्यादै प्रभावकारी रहेको थियो र सदा स्मरणयोग्य रहनेछ । काठमाडौंको स्वयम्भू, छेत्रपाटी डबली, ललितपुरको नागवहाल, वुवहाल, गुजीवहाल, भिन्छेवहाल एवं अक्षेश्वर महाविहार, भक्तपुरको मुनिविहार एवं दीपंकर महाविहारमा गाइएको थियो । उक्त समयमा यस पंक्तिकारले सचिवको हैसियतले संघको बारेमा जानकारी गराउने अवसरका साथै व्यवस्थापनको जिम्मेवारी पहल गर्ने मौका पाएको थियो। त्यसबेला संघका अध्यक्ष प्रज्ञारत्न बज्राचार्य एवं उपाध्यक्ष सोम बज्राचार्यको गायन साह्रै नै कर्णप्रिय भएको कुरा पुन गाउन को लागि आएको अनुरोधले पुष्टी गर्दछ । साथै तात्कालिन ललितपुर नगर पंचायतका प्रधानपन्च एवं हालका विना विभागीय मन्त्री बुद्धिराज बज्राचार्यज्यूले हामी प्रति देखाउनु भएको आत्मियता, सामिप्यताले पनि हामीलाई गौरवान्वीत तुल्याएको थियो।

यस प्रस्तुतिका अतिरिक्त धर्मोदय सभाको धरानमा सम्पन्न तेश्रो र कपिलवस्तुमा सम्पन्न चौथो राष्ट्रिय बौद्ध सम्मेलनहरुमा प्रस्तुत गरिएका स्वर संगीतले सबैलाई मन्त्र-मुग्ध पारेको थियो । धरानमा त्यहिंका एक गायिका रमना श्रेष्ठलाई प्रशिक्षित गराइ पोखराको टोलीमा समावेश गराएर प्रस्तुत गराउने काम सोमबाट नै भएको थियो । हाल राष्ट्रिय रुपमा परिचित हुन सफल उक्त गायिका रमना श्रेष्ठ सोमप्रति अनुगृहित रहेको बताउनुहुन्छ। त्यसैगरी कपिलवस्तुको प्रस्तुतिमा ख्यातिप्राप्त व्यक्तित्व लोकदर्शन बज्राचार्यज्यूले दिनुभएको समय, धन्यवाद र बधाइले हाम्रो शीर उठेको थियो ।

सोम बज्राचार्यको कार्यक्षेत्र ज्ञानमाला मात्र नभई अन्य पनि रहेको छ। ती मध्ये प्रमुख रुपमा संगीत प्रशिक्षण केन्द्रको स्थापना कालदेखि सकृय रहि निवर्तमान अध्यक्ष, पोखरेली युवा सांस्कृतिक परिवारको निवर्तमान अध्यक्ष, यस पंक्तिकार संस्थापक अध्यक्ष रहेको नेवा खल मोहरिया कचाः को संस्थापक उपाध्यक्ष आदि रहेका छन् ।

व्यक्तिगत रुपमा भन्नुपर्दा उनी मेरो टोलबासी, समवयका मित्र, ज्ञानमाला संघका २०-२५ वर्षदेखि सँगै काम गर्दै आएका हितैषी, ज्ञानमाला भजन प्रस्तुत गर्ने क्रममा धेरै ठाउँमा सँगै घुमेको साथै जापानका स्व. भिक्षु निचिदात्सु फूजि गुरुको सातौं स्मृति दिवसमा जापान र हङकङको सँगै भ्रमण गर्ने अवसर पाएको सहृदयी, जो कहिल्यै नविझ्झाउने हंसमुख तर 'मुडि' स्वभावका मित्र गुमाउनु पर्दा अनित्यता स्मरण गर्नु बाहेक अर्को विकल्प छैन । उहाँसंग सहकार्य गर्दाका स्मरणहरु प्रशस्तै होलान सबै व्यक्त गर्न सकिदैन । संझना आउछ त्यो भजन, जसका स्रष्टा प्रा. आशाराम शाक्यका सामु हामीले ललितपुरमा गाएका थियौं सोमकै अगुवाइमा

***आफैले आफैलाई चिन्न नसकी***
***गौतम, हजुरको शरणमा आएँ***

यस्तै गरि उनको आफ्नै लेखाइमा

***लेउ शरणमा प्रभु हामीलाई***
***अभिवादन गर्छौं सदा तिमीलाई***

यस्ता मार्मिक भाव भएका जीवनको गहिराइमा पुऱ्याउने भजनका गायक, स्रष्टा आज हामी माझ छैनन् । जसले आफ्नो स्वरको माध्यमबाट बौद्ध शिक्षाको प्रचार प्रसारमा महत्वपूर्ण योगदान पुऱ्याए, उनीप्रति हृदयदेखि श्रद्धाञ्जली अर्पण गर्दै उनले गरेका सत्कार्य उनको जन्म, जरा, व्याधि मरणबाट मुक्त हुने निर्वाण मार्गको हेतु बनोस् भन्ने कामना गर्दछु ।

अस्तु ।

# सम्झानाका तरेलीमा : सोमदाइ

- दिपेन्द्र श्रेष्ठ

दिपेन भाइ, म तीर्थ दाइ "सोम बज्राचार्यले आत्महत्या गरेछ, भाइ मिल्ने साथी भएकोले खबर गरें भनेर", मंसीर २७ गते सोमबार बिहान ६.०० बजेको अन्नपूर्ण हाइलाइटस् सिध्याएर निस्कने बित्तिकै मेरो मोबाइलमा घण्टी बजेपछि कवि तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठ ज्यूले मलाई सुनाउनु भएको एउटा अप्रत्याशित दुखद समाचार थियो यो । शुरुमा त मैले पत्याउन सकिनँ, तर नपत्याऊ पनि कसरी तीर्थ दाइ स्वयंले मलाई बताउनु भएपछि, लाग्छ त्यतिबेला सो अकल्पनीय दुखद समाचार सुनाउने तीर्थ दाइ नभएर उहाँको सट्टामा अरु कोही भएको भए शायद म नराम्ररी पड्किन्थें होला "आत्महत्या जस्तो कुरालाई मजाक नबनाउनुस् न " भनेर । आत्महत्या त्यो पनि गायक सोम बज्राचार्यले, पत्याउन गाह्रो विषय थियो । मैले अवाक् हुँदै सोधें, दाइ कहाँ? आफ्नै नयाँ घरमा झुण्डिएर । त्यसपछि आरजु जी र म हान्नियौं अर्चल बोट स्थित लक्ष्मी निवास Taxi मा । बाटाभरी मनमा कुरा खेलिरह्यो आखिर त्यस्तो के पर्‍यो र सोम दाइले आत्महत्या जस्तो कठोर, अप्रिय निर्णयको सहारा लिनु पर्‍यो, आफैलाई सिध्याउनको लागि । उहाँको निवासमा पुग्दा मान्छेहरुको उपस्थिति बाक्लै भइसकेको रहेछ । तर सन्नाटा सबैको अनुहारमा एउटै प्रश्न आखिर किन यस्तो गर्नु पर्‍यो होला ? रञ्जन दाइको सहयोगले म उहाँले आत्महत्या जस्तो कठोर निर्णय गरेको गोप्य कोठामा पुगें । जहाँ पुग्न सामान्यतया त्यति सजिलो रहेनछ । पुग्दा प्रहरी टोलीले डोरीको लम्बाई नाप्दै गरेको रहेछ भरखरै । गायक सोम बज्राचार्य, अहरा शरीर मुट्ठी र दाँत कसेर झुण्डिएको अवस्थामा । मेरो दिमागमा विगतका सुन्दर सम्झनाहरु धमिलो भएर झल्झली आयो । सोम दाइ जसलाई मैले कहिल्यै द्विविधा, अन्यौलग्रस्त र चिन्ताभावमा देखिनँ/भेटिनँ । उहाँद्वारा आत्महत्या अझै पत्यार लागेन । तर मसँग पत्याउनु शिवाय अरु केही बाँकी थिएन । त्यसपछि एउटा प्रश्नले अहिल्यैसम्म सताइरह्यो, आखिर किन त ? एउटै चित्त बुझ्दो कारण मैले पाउन सकिनँ । गायक सोम बज्राचार्यसँग मेरो पहिलो भेट कहिले भयो म यकिनका साथ त भन्न सक्दिनँ तर २०५८ सालको जेष्ठ भन्दा पछि चाही हुँदै होइन । गैह्रापाटनमा F.M. कै लगभग अगाडीको घरमा गीतकार प्रकट दाइ बस्दा, उहाँकै आँगान परिसरमा शायद तीर्थ दाइहरुसँगै भेटे जस्तो लाग्छ तर त्यसपछि हाम्रो भेट बाक्लियो, सद्भावनासँगै आत्मियता झाँगियो र उहाँको सुखद निमन्त्रणालाई स्वीकार्दै हामी केहिपटक उहाँको नयाँ घर लक्ष्मी निवाससम्म लम्कियौं ।

मान्छेलाई ठाउँ विशेषत २ कारणले मन पर्छ रे । या त मनोरमता सँगै त्यसको वातावरणले आकर्षण गर्नै पर्छ कित मन परेको मान्छे त्यहाँ बसेको हुनु पर्छ । शायद यिनै २ कारणले होला जसले गर्दा हाम्रो (म सहित साथीहरु) पोखरा बसाई लम्बियो । हुन सक्छ सोम दाइको सद्भाव, मिलनसारिता र अर्थपूर्ण अभिभावकीय भूमिका अनि चासो.........................

सोम बज्राचार्यलाई गायक सोम बज्राचार्य भन्दा पनि "सोम दाइ" भन्दा बढि खुशी भएको हामी पाउथ्यौं। त्यसैले मैले एउटा गायक सँगसँगै सचेत श्रोता र अभिभावकको रुपमा पनि हेरें । प्रायः हाम्रा कार्यक्रम सुन्ने र सुनेपछि ल पोखरा "धन्क्याइया छ" भनेर आक्कलझुक्कल फोन गर्नु सोम दाइको विशेषता थियो । उहाँ सुन्दा प्रस्तोताको भावलाई पनि महसुस गर्नु हुन्थ्यो । कहिलेकाहि आज केही भए जस्तो छ Program मा अलि Serious कुरा आयो नि कुनै दर्द/पीडा छ कि ? छ भने भन्नुस है हामी छौं नी । भनेर सोमदाइले भन्नु हुँदा म उहाँको सो अभिव्यक्तिमा एउटा अभिभावकत्व गुण पाउथें र त्यसले निश्चयनै हामीलाई ढाडस दिन्थ्यो। सोम दाइले हाम्रो स्टेशनसम्म आइपुग्न कहिल्यै असहज मान्नु भएको मैले पाइनँ । उहाँ भन्नु पनि हुन्थ्यो यहाँ आउन मलाई साह्रै मन लाग्छ, र सहज अनुभव पनि हुन्छ । तर किन ? हामीले कहिल्यै सोचेनौं ।

कुनै समस्या भए Share गर्नु पर्छ है । नत्र त्यसैले खाला वनको बाघले खाओस् नखाओस् मनको बाघले खाए जस्तै भन्ने सोमदाइले नै आफ्नो कुनै त्यस्तो कुरा कसैलाई Share नगरी आत्महत्या जस्तो बाटो कसरी अपनाउने निर्णय गर्नु भयो मलाई अचम्म लागि रहेछ । फुर्सद भए एकछिन निस्कौ है भन्ने सोमदाइ, कहिलेकाहि मेरो ११ देखि १२ बजेको पोखरा कल इन सुन्दै कार्यक्रम सिद्धिने बेलामा हाम्रो स्टेशनको ठीक अगाडी आएर म भऱ्याङ ओर्लंदै गर्दा गाडीबाट शिशा खोली आफ्नै पाराले हात यसो उठाउदै, "ल सुन्दैछु नी, ठ्याक्कै अब सिद्धियो भनेर यहाँ पुगें । के छ सब ठिक छ ? म गाडी पार्क गर्छु है" भनेर फिस्टेल क्यान्टिन परिसर तर्फ अगाडी बढाउने सोम दाइलाई अहिले पनि म प्राय: कार्यक्रम सिद्धिए पछि भऱ्याङ ओर्लंदै गर्दा सम्झन्छु र पुलुक्क फिस्टेल हस्पिटल तिर हेर्छु । कतै सोम दाइ फेरी आउनु हुन्छ कि जस्तो लाग्छ तर फगत् एउटा कल्पना अनि झझल्को........... ।

स्टेशन उहि छ, कार्यक्रम उही र लगभग उस्तै छ, श्रोता पनि उस्तै । त्यहि भऱ्याङ झर्छु तर अहिले कमी छ त, के छ ? भनेर गाडीबाटै हात हल्लाउने सोमदाइको ।

सुनौलो गायकीका धनी सोमदाइले कहिल्यै आफ्नो गला र कलालाई समुचित प्रयोग गर्नु भएन भन्ने उहाँसँग मेरो धेरै पटक गुनासो रह्यो । उहाँ आफै भन्नुहुन्थ्यो, म शौखिन गायक हुँ दीपेन जी । गाउनु मेरो पेशा होइन, मात्र शौख । अनि म भन्थे दाइ यो आवाज एउटा आर्थिक संकटापन्न परिवारको ठिटोको हुँदो हो त ऊ अर्को कुनै नारायण गोपाल बन्न सक्थ्यो । दाइ मुसुक्क मुस्काउनु मात्र हुन्थ्यो । ज्ञानमाला भजनबाट गायकीमा निखारता ल्याउदै लोक र आधुनिक गीत सम्म गाएका सोम दाइमा Versatile Singer मा हुनु पर्ने क्षमता चाहि प्रशस्तै थियो तर कमी थियो त एउटै संगीत प्रतिको प्रोफेसनालिज्म ।

त्यहि भएर हामीले Artist हरुको Promotion को लागि भनेर २०६० को शुरुबाट शुभारम्भ गरेको Artist of the Month मा श्रावण महिनाको Artist of the Month बनायौं । उहाँले दीपेन जी म योग्य छु र, म त छदैछुनी अरु कसैलाई यो पटक बनाऊब भन्दा भन्दै पनि लगभग ओझेलमा परी सकेको र नयाँ गीत नआइरहेको बेलामा त्यो प्रकरणले उहाँको गायन क्षेत्रमा पूनर्ताजगी गऱ्यो भन्ने स्वयं उहाँको कवि तीर्थ दाइको र हाम्रो ठम्याइ छ । त्यसपछि नै उहाँको मैरै हिमाल जस्तो हेरी रहुँ पोखरा ........... लगायतका ४/५ वटा गीत आए ।

Artist of the month को त्यो चयनले लगभग नेपथ्य तिर धकेलिसकेको उहाँको गायनलाई पुन श्रोता माझ ल्याइदिएको र त्यसले नयाँ उत्साह र उर्जा दिएको उहाँ स्वयंको ठम्याई थियो । त्यही समयमा उहाँले वाचा गर्नु भएको थियो, "म आधुनिक गीतको एउटा नयाँ एल्बम ल्याउनेछु तपाईहरुको सद्भावको कदर गर्दै" केही गीत चाहि आए तर अब एल्बमको उहाँको वाचा चैं अधुरै रह्यो, प्रयासको बाबजुद पनि । पछिल्लो पटक मेरो आफ्नै ठम्याइमा पनि केही गरौं भन्ने उत्साह र लगनशिलता हुँदाहुँदै बीचमै त्यस्तो नियतिबाट गुज्रदा नेपाली सांगीतिक क्षेत्रले एउटा प्रतिभावान स्रष्टा गुमायो र यो पोखरेली संगीतको लागि अपूरणिय क्षति नै हो । उहाँ पोखरेली श्रोता माझ प्रिय गायक र संगीतकार हुनुहुन्थ्यो । त्यसैले पोखरेली श्रोता आफ्ना प्रिय गायक गुमाउनु पर्दा स्तब्ध र खिन्न छन् ।

पछिल्लो पटक उहाँमा पोखराको सांगीतिक उत्थानको लागि केही गर्नु पर्छ भन्ने जोश थियो । हामीले नयाँ प्रतिभाहरुको खोजी कार्यक्रम "प्रतिभाको खोजी सुर ताल" शुरु गर्दा उहाँले उत्साही हुँदै भन्नु भएको थियो "हैन यो कहिले देखि शुरु गर्ने हो ? मेरो कस्तो सहयोगको अपेक्षा राख्नु हुन्छ म तयार छु है ।"

उहाँको सोही चासो र उत्साहको कदर गर्दै हामीले उहाँलाई सो कार्यक्रमको १ वर्ष सम्मको प्रमुख निर्णायकको जिम्मेवारी सुम्पियौं । उहाँ खुसी हुनु भयो र नियमित रुपमा कार्यक्रममा सहभागी भई एक नव प्रतिभा समेत छान्नु भयो: सविना सुनाम । उहाँ मसँग भन्नुहुन्थ्यो यस कार्यक्रमलाई पोखराको "नेपाली तारा" बनाउनु पर्छ । पञ्जुसुन राम्रा प्रतिभा खोज्न सकियो भने म व्यक्तिगत खर्च गरेर पनि तपाईहरुको Recording Process मा सहयोग गर्छु । तर उहाँको त्यो उत्साह र उमंग भने उहाँको देहावसान सँगै अधुरो रह्यो ।

पछिल्लो पटक परिस्थितीले मलाई पनि गीतकार बनायो मैले पनि केही लेखें । सोमदाइले थाहा पाउनु भएछ श्रावणको दोश्रो साता उहाँले मेरो ;

कहिले आत्तिएर भागुँ जस्तो लाग्छ
कहिले मात्तिएर लडुँ जस्तो लाग्छ
दोधारको जीन्दगी यो खै किन त्यस्तै लाग्छ
कहिलेकाहि त मझधारमै छाँडु जस्तो लाग्छ ।

भन्ने रचना मन पराएर लानुभयो र भन्नुभो, "बुझ्नुभो यसलाई मेहनत गरेर धुन कम्पोज गर्छु अनि Quality Maintain गर्न Kathmandu मा Record गर्ने" । मैले "तपाईलाई मन पर्‍यो र राम्रो धुन फुर्छ भने गाउनु होला नत्र दीपेन्द्रको रचना भनेर चाहि नगाउनु होला है दाइ, नत्र म प्रति अन्याय हुनेछ" भनें । उहाँले त्यसपछि ल ल भयो "तपाईको प्रवचन" भनेर हिड्नु भयो ।

समय बित्दै गयो त्यसको एक महिना जति पछि होला सोमदाइले अचानक टेलिफोन गर्नु भयो र भन्नुभयो के छ गीतकार दीपेन्द्र जी, ल मैले स्थायीको धुन तयार गरें सुन्ने, मैले भनें दाइ बरु यहि आउनुस न । उहाँले, "हैन फोन बाटै थोरै सुन्नुस न, कस्तो लाग्यो" भनेर भनेपछि सोमदाइले फोनबाट स्थायी गाएर सुनाउनु भो र भन्नु भो बाँकी अन्तरा चाहि पछि ..... । उहाँले गजल पाराको सेन्टिमेन्ट धुन तयार गर्नु भएको रहेछ । तर त्यसपछि पनि हामी धेरै पटक मोडहरुमा भेटियौं/गफियौं/रमियौं तर त्यो स्थायीबाट माथि बढेको बारे सोधीखोजी सम्म गरेनौं । मैले पनि सोचें दाइलाई किन सोधुँ दाइले पनि शायद त्यस्तै ....... । त्यो धुन रेकर्ड गरिएन आज छुकछुक लागि रहेछ उहाँकै आवाजमा सामान्य रेकर्ड गरिएको भए उहाँको अन्तिम सिर्जनाको रुप लिन्थ्यो उहाँको संगीतमा तर अब सम्भव रहेन त्यसैले । थक्कथक्क लाग्छ र मैले निर्णय गरी सकेको छु अब त्यो गीत गाइने छैन । सोमदाइ प्रति श्रद्धा सुमन गर्न चाहें त्यही गीति शब्दसँगै ।

प्राय बाक्लै भेटिने हामी मंसीरको पहिलो साताबाट भने पातलियौं । म आफ्नै काममा व्यस्त रहें, शायद उहाँ पनि । त्यो बीचमा प्रतिभाको खोजी सुरतालको एउटा Episode मा उहाँ आउनु भएन सोच्यौ शायद व्यस्तताले गर्दा । त्यहि क्रममा फोन सम्पर्क पनि लगभग टुटिरहेको बेला मंसीर २० गतेको कार्यक्रमको लागि गोरखा जानु अघि मैले १८ गते शनिबार राती फोन गरें । फोन सोमदाइले नै उठाउनु भयो । मैले भनें, "दाइ म भोलि गोरखा जादैछु फुर्सद भए जाऊँ ।" उहाँले आफू श्यामलाल दाइसँग Kathmandu जाने त्यसैले नभ्याउने बरु Kathmandu जाउन भन्नुभयो । मैले भनें दाइ मैले गोरखा आउछु भनिसकेंको छु । ठिक छ पछि भेटौंला है भनेर फोन राखें । तर त्यसपछि केहि भोलि आए तर भेट्ने भोलि भने निष्ठुरी बनेर आएन र नभेट्दै उहाँले त्यस्तो निर्णय लिएर आफूलाई समाप्त पार्नु भयो ।

सोम दाइ भौतिक रुपमा नरहे पनि केही सम्झनाहरु ताजा रहनेछन् । उहाँको मिलनसारिता, दयालुपन, शालिनता, सद्भाव र स्नेही व्यवहार सम्झनाको तरेलीमा सँधै रहनेछ । उहाँले लगभग ४/५ वर्षको चिनाजानीमा कहिल्यै व्यक्तिगत कुरा र समस्याको चर्चा गरेको मलाई थाहा छैन । मैले कहिल्यै तनाव र चिन्ताग्रस्त अवस्थामा पनि देखिनं र भेटिनं/ चिन्ता नलिनुस्, जीवनमा असल कुरा गर्नु पर्छ, राम्ररी जिउनु पर्छ, हँसिमजाक गर्नु पर्छ भन्ने सोमदाइले आत्महत्या गर्नु भयो घोर अपत्यारिलो कुरा । त्यसैले लाग्छ संसारमा साच्चै असम्भव भन्ने केही रहेनछ ।

सोमदाइको धेरै राम्रा मध्ये एउटा विशेषता, म धेरै सम्झन्छु त्यो हो मध्यमार्गी धार र सेतुको रुपमा काम गरिदिन खोज्ने उत्सुकता । उहाँले पछाडी कसैको कुरा काटेको, कसैलाई चित्त दुख्ने गरी भनेको र यो मान्छे चाही नराम्रो भनेर भनेको मलाई थाहा छैन । भरसक सबैको मन राख्न चाहने सोम दाइमा साहित्यकार कवि र स्रष्टा प्रति ठूलो लगाव पनि थियो । कसैको पक्ष लागेर बोल्नु भन्दा पनि कुरालाई मोडेर मध्यस्थता गराउन खोज्नु उहाँको विशेषता जस्तो लाग्छ । परिबन्ध र परिस्थितिले पोखरेली युवा सांस्कृतिक परिवारसँगको

रेडियो अन्नपूर्णको (?) झण्डै चिसिएको सम्बन्ध सुधार्न उहाँले गर्नु भएको प्रयास र खेल्नु भएको भूमिका प्रशंसनीय थियो । सोम दाइ दानवीर पनि हो जसको गतिलो प्रमाण पो.यु.सा.प. को चन्द्रलक्ष्मी सिर्जनाग्रामलाई नै लिन सकिन्छ ।

यतिबेला हामीसँग सोमदाइको सम्झना र उहाँका गीतहरु छन् । जसले उहाँलाई पछिसम्म बचाइर हनेछन् । सोमदाइले त्यस्तो निर्णय नलिएको भए पोखरेली संगीतको विकासको लागि सोमदाइको भूमिका महत्वपूर्ण हुन्थ्यो र उहाँले अझै स्तरिय गीत/संगीत दिन सक्नु हुन्थ्यो तर अब त्यो सपना मात्रै रह्यो । पोखरेली संगीतको एउटा नक्षत्र हामीले गुमायौं जसको अभाव हामीलाई पछि सम्म खट्किरहनेछ । लाग्छ पोखराको संगीतलाई माथि उठाउनु पर्छ भनेर सोच्ने सोम दाइ प्रति त्यतिबेला साँचो श्रद्धाञ्जली हुनेछ जतिबेला हामी सबै पोखरेली, संगीतको बिकासको लागि, लागी पर्नेछौं । यो नै हाम्रो एक मात्र कर्तव्य पनि हो ।

**पोखरा बहुमुखी क्याम्पसका आजीवन सदश्य गीतकार तथा संगीतकार सोम बज्राचार्यको असामयिक निधनमा हामीलाई धेरै दुःख लागेको छ ।**

**हामी उहाँको निर्वाण लाभको कामना गर्दछौं ।**

**पोखरा बहुमुखी क्याम्पस तथा**
**महेन्द्र उचच मा.वि. परिवार**
**नयाँबजार, पोखरा**

# निर्वाण कामना

**पोखराका चर्चित गीतकार तथा संगीतकार, ज्ञानमाला भजनलाई नेपाली भाषामा गाएर नेपालमा नै पहिलो पटक क्यासेटमा स्वरबद्ध गर्ने**

**ज्ञानमाला संघका भूतपूर्व अध्यक्ष तथा हाम्रा सहयोगी सोम बज्राचार्यको २०६२ मंसिर २८ गते असामयिक निधन भएकोमा**

**हामी गहिरो दुःख व्यक्त गर्दछौं ।**

**हामी वहाँको निर्वाण लाभको कामना गरी शोक संतप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।**

*बिक्रम बुद्धाचार्य*
**अध्यक्ष**
**तथा युवा बौद्ध संघ परिवार**
**धर्मशीला बुद्ध बिहार, पोखरा**

# सोम दाइसँगका सम्झना-विर्सनाहरू

- आरजु विष्ट 'सल्याणी'
amanboro@gmail.com

ओके, रेडि, एक्सन.........,कट..........ल, ठीक छ ।

नेत्र जी छोरा बनेर अनि डाईरेक्सन गरेको गीत हो ।

***"कल्पना नै मान्छेलाई जिउने बाटो हुन्छ ।"***

मेरो तथा सोम दाइको प्रथम म्यूजिक भिडियो ।

उल्लेखित पंक्ति मेरो रचनामा, पविधन खालिङको संगीतमा रहेको गीतमा लोकप्रिय गायक, म भन्छु नायक पनि सोम बज्राचार्य, उहाँको सुटिङ गर्दाको हो । यो नै काँचको पर्दामा हेर्न सकिने प्रथम भूमिका निर्वाह गरिएको म्यूजिक भिडियो हो । दृश्य आमाको भूमिकामा प्रमिला तुलाचन तथा छोरीको रुपमा इन्दु पुनको सहज भूमिका आफूले पनि पाए । यो नै हो पहिलो म्यूजिक उहाँले खेल्नु भएको । जो अब उहाँको अनुपस्थितिमा दस्तावेज मात्रै बन्यो ।

गायक नायक सोम दाइसँग मैले मेरै अर्को गीतमा काम गर्न पाएँ, मेरै संगीतमा, मेरै रचनामा "तिमीलाई सम्झि रोई रहें चेली बिरानो देशैमा ।" यो उहाँद्वारा खेलिएको दोश्रो मेरो म्यूजिक भिडियो हो । २०६० साल असारको ११ गते जब म घुम्दा घुम्दै उहाँको नयाँ घरमा पुगेको थिएँ, त्यति बेला सोम दाइ "मेरै हिमाल जस्तो हेरी रहुँ पोखरा" को धून तयार गर्दै हुनु हुन्थ्यो । मलाई मन पर्‍यो भनें र मैले रफ रेकर्ड नै गरें । यो गीत एउटा माईल स्टोन बन्न सक्छ दाइ राम्रोसंग गाउनु पर्छ पनि भनें, शब्द तीर्थ दाइले लेख्नु भएको रैछ । उसका दृश्य परीदृश्यले उचाई कायम गर्न सफल भएका छन् । उस्तै छायाङ्कनकर्ता श्रीकान्तको दक्षता र जाँगरमा पनि बृद्धि भएको साँचो हो । उहाँको घोपित र छायाँङ्कित अभिनयको परम्परा शुरु भएको हो । तर यस भन्दा अघि पनि उहाँ नाटक तथा पारम्परिक दृश्यहरुमा देखिनु हुन्थ्यो । पोखराका स्थानीय केवल टिभिमा हरेकबार पहुँच हुने घरका प्रत्येक सदस्यले यो म्यूजिक भिडियो हेरेको हुनु पर्छ । मिति २०६२ मंसिर २६ गते रातिदेखि सोमले जुन कोठाबाट अन्तिम स्वास फेर्नु भएको रैछ, सोही कोठामा उहाँले 'मेरै हिमाल जस्तो......' यो गीत कम्पोज गर्दै हुनुहुन्थ्यो २०६० असार ११ गते । मलाई सुनाउनु भएको अन्तिम धुन यही जो अहिले रेकर्डको रुपमा सुन्न सकिन्छ ।

म २०५८ सालमा पोखरामा पहिलो पटक झर्दा खेरी काठमाडौंबाट यी केही नामहरु बोकेर आएको थिए । तीर्थ दाइको, सरुभक्तको, सरोज दाइको, सोम दाइको, प्रकट दाइको, हरीदेवी दिदीको, धर्मराज थापाको, अलिमियाँको आदि आदिको । मलाई विश्वास थियो म पोखरामा भोको हुने छैन । आज यिनैको सर संगतमा हामीले पोखरामा सांस्कृतिक जागरणका लागि सके जति थोरै थोरै भए पनि काम गरिरहेका छौं । धेरै सजिलो पात्र अनि एउटा सेतुको रुपमा सोम दाइलाई पाएको यथार्थ हो ।

मैले अहिले *प्रतिभाको खोजि सुरताल* रेडियो गायनको कार्यक्रम चलाई रहँदा उहाँ वर्ष भरीके निर्णायकको रुपमा नियुक्त हुनु भएको थियो, उहाँले सौजन्य प्रदान गर्नु भएका दुईटा तबला मात्रै सोमदाइको संगीतका पात्र मैले हेर्ने हरेक दिनका साथी मात्रै छन् । सुरताल टुहुरो जस्तो भएको छ । १० ओटा श्रृंखलामा निर्णय गरी सविना र निल गुरुङलाई वर्षका कलाकार का रुपमा खोजि गरी उहाँ जानुभयो अनन्त यात्रामा । खान नपाए हिमाललाई हेर्नु । लेख्न असजिलो भए चन्द्रलक्ष्मी श्रृजनाग्रामतिर जानु, सोध्नु परे तीर्थ दाइसंग सल्लाह गर्नु भन्ने सोम दाइले बेला बेलामा भन्ने वाणीहरु मैले सम्झि रहेको छु । अरु चिनो त के नै छन् र ? एउटा अन्तिम वा रेडियो जगतमै अप्राप्य ३ पृष्ठको पत्र मसंग अहिले सुरक्षित छ । जसले समग्र पोखराको सांस्कृतिक भूमिको नेतृत्व गरेको छ । पत्र

सम्पादनकर्ता तीर्थ हो । यो रेडियो अन्नपूर्णसंग सुरक्षित छ भन्दा तीर्थदाइले प्रकाशन गर्नपाए केही हुन्थ्यो कि ? भन्नु भएको बोलीलाई मैले शिरोपर गर्ने मात्रै प्रयास गरेको छु । रेडियो अन्नपूर्णको श्रष्टा सम्मानको महिनावारी श्रृंखला आर्टिष्ट अफ द मन्थ, २०६० श्रावणको बन्नु हुँदा सोम दाइले मलाई मेरो कार्यक्रम *विहानी भाका*मा २०६० असार ३० गते लिखित अन्तर्वार्ता दिनु भएको थियो । यही बचेको प्रमाणिक दस्तावेज बाँकी छ ।

**सोम दाइको पत्र मन्तव्य विवरण.................**

२०६० श्रावण ३० गते, युगौंदेखि लोकलयद्वारा सिंचित गण्डक प्रदेश स्वयं एक महान सांगीतिक धरोहर हो । यस्तो लाग्छ यहाँका सबैथोक सांगीतिक छन् । चराहरुको उडान, नदीहरुको सुललित प्रवाह, बनको एकान्त र चौपारीको विसौनी, सबैमा एक मनोरम लयबद्धता रहेको छ । सभवत: त्यसैले यहाँका मानिसका सबै सुखदुखमा संगीतको उपस्थिति रहेको छ । संगीत विनाको मानव जीवन कमसेकम यहां असम्भव प्रतीत हुन्छ । धाट्टु, वालुन, कौरा, लाखे, झ्याउरे ठाडोभाका आदि अनेकन लोक संगीतका शैलीहरुको उपस्थिति छ । जनकवि धर्मराज थापा, लोक कवि अलिमियाँ, सरोजगोपाल, झलकमान गन्धर्व, स्व. बुद्धिबहादुर परियार, कल्याण शेरचन, सारंगीवादक खिमबहादुर गन्धर्व तथा लोक गायिका हरिदेवी कोईरालाको सूरस्वरले यो भूमि उर्वर बनेको छ । लोक संगीतको यो गरिमामय प्राप्ति हामीलाई विरासतमा प्राप्त छ । यही गौरवपूर्ण विरासत र मेरो परिवारमा निरन्तर रुपले रहेको सांगीतिक पृष्ठभूमि मलाई संगीतमा लाग्ने प्रेरणा हुन् । मेरा दाजुहरु स्व. सूर्यकुमार, सुवर्ण बज्राचार्य, सरोजगोपाल र भाउजु बाबा बज्राचार्य पोखरेली सांगीतिक जीवनमा परिचित नै हुनुहुन्छ । मेरा माता पिताको पनि संगीतमा गहिरो अभिरुची जागृत गराउने यो पारिवारीक पृठभूमि र मेरा परिवारका अग्रजहरुप्रति म विशेष कृतज्ञ छु । मेरो जन्मस्थान मोहोरियाटोल र यस वरपरको भेग धनशम्शेरको बडाहाकीम कालदेखि नै नृत्य, संगीत र रंगकर्मको लागि प्रसिद्ध रहेको छ । स्व. अर्जुन नेपाली, स्व. हिक बहादुर शाक्य जस्ता संगीतकारहरु र स्व. लालबहादुर ढेवाजू जस्ता संगीतसेवीहरुको संगीत पनि मेरो सांगीतिक यात्रामा योगदान रहेको छ । संगीतकार प्रज्ञारत्न बज्राचार्य र कृष्ण श्रेष्ठको म प्रतिको स्नेहभावको पनि ममा छाप परेको छ । गीतकार राघवलाल वैद्य, तीर्थ श्रेष्ठ, सरुभक्त मित्रहरु श्यामलाल श्रेष्ठ, रुपेनबाबु थापा र संगीत प्रशिक्षण केन्द्रका साथीहरुबाट प्राप्त प्रेरणा पनि अविस्मरणीय रहेको छ । विन्ध्यवासिनी मन्दिर, बालगोपाल भजनगुठी, धर्मशीला बुद्ध विहारहरुमा हुने भजन कीर्तनका कार्यक्रमहरु र गाईजात्राका अवसरहरुमा आयोजना गरिने रामायण को पनि मेरो सांगीतिक यात्रामा अत्यन्त ठूलो प्रभाव रहेको छ । संस्कृतिकर्मी सर्वज्ञमान प्रधानाङ्ग, ललितकुमार बाटाजू, रामगोपाल लिगल र चन्द्रगोपाल बाटाजूबाट पनि मलाई उत्साह प्राप्त भएको कुरा विनम्रतापूर्वक निवेदन गर्दछु ।

पोखरामा अहिले संगीतका लागि रचनात्मक वातावरण निर्माण हुदै गएको मैले महशुस गरेको छु । झण्डै सयको हाराहारीमा रहेका पप समूहहरुले पोखरेली युवा पुस्ताको सांगीतिक अभिरुचीलाई प्रतिबिम्बित गर्छन । नेपथ्य, देउराली, कन्दरा, लेकाली, ब्रोसिस लगायतका पप समुहहरु, प्रजापति पराजुली, पुरुपोत्तम न्यौपाने, दुर्गा रायमाझी जस्ता लोक गायकहरु कर्णदास, विवेक श्रेष्ठ, शान्त बज्राचार्य, आनन्द बज्राचार्य, सुन्दर थापा, वीवी अनुरागी, रामभक्त जोजीजू, विनोद वानियाँ, श्यामसुङ्ग तामाङ्ग जस्ता सांगीतिक प्रतिभाहरु पोखरेली संगीतकर्मको इतिहासमा यौटा नयाँ र सुन्दर अध्याय निर्माणमा लागेका छन् । सयपत्री लोकधुन समूह, नेपथ्यका अमृत गुरुङ्ग, नमस्तेका ईश्वर गुरुङ्गको क्रियाशीलता प्रशंसनीय रहेको छ । डीबी चक्रधर र ईश्वर अमात्य जस्ता नेत्रहीन तर प्रतिभाशाली संगीतकर्मीहरुको योगदान समेत उल्लेखनीय रहेको छ । २० को दशकमा पोखरामा सांस्कृतिक कार्यक्रमहरुको आयोजना मार्फत सक्रिय चेतन कार्की दाइको माया र मार्गदर्शन अहिले पनि हामीलाई प्राप्त छ । हिमाली सांस्कृतिक परिवार

, पोखरेली युवा साँस्कृतिक परिवार र संगीत प्रशिक्षण केन्द्रका सार्थक प्रयत्नहरु यस सन्दर्भमा विशेष उल्लेख्य छन्। यी सबैको साझा प्रयत्नद्वारा निर्मित उत्साहपूर्ण वातावरणले मलाई झकझक्याएको छ। व्यूझाएको छ र अगाडि बढ्न प्रेरित गरेको छ।

पोखरेली युवा साँस्कृतिक परिवार र संगीत प्रशिक्षण केन्द्र जस्ता गरिमामय संस्थाहरुको नेतृत्व गर्ने सौभाग्य पनि मलाई प्राप्त भएको छ। यो सौभाग्य प्राप्ति मेरो संगीत साधनाका लागि सदा श्रद्धेय रहने छन्। संगीत साधना एक्लै गर्न सकेपनि त्यसको प्रस्तुति सामूहिक प्रयत्नमा मात्र सम्भव हुन्छ। गीत रचना, संगीत रचना, वाद्यवादन र प्रस्तुतिमा आवश्यक प्रबिधि र प्राविधिकहरुको संलग्नता बेगर प्रस्तुती सम्भव छैन। यसैले यी सबै क्षेत्रहरुमा मलाई सघाउनेहरुका प्रति मैले विनम्रतापूर्वक कृतज्ञता ज्ञापन गर्नै पर्दछ।

भजन, आधुनिक गीत, लोकगीत, राष्ट्रिय गीतहरु र हालै मात्रै रेकर्ड गरिएको तीर्थ श्रेष्ठ रचित पोखरा सम्बन्धी 'आञ्चलीक' गीत जस्ता गीतहरुको विविधतावाट मेरो साँगीतिक यात्रा गुज्रिएको छ। मबाट जे हुनसक्थ्यो त्यो हुन सकेको छैन भन्ने मेरा शुभेच्छुकहरुको म प्रतिको गुनासो रहँदै आएको छ। यो गुनासोलाई गुनासो रहन नदिनका निम्ति आगामी दिनहरुमा म क्रियाशील रहने निवेदन गर्दछु।

रेडियो अन्नपूर्णले *आर्टिष्ट अफ द मन्थ* घोषणा गरेर झण्डै झण्डै नेपथ्य तिर धकेलिन लागेको मलाई पुन एकपटक श्रोताहरु समक्ष उभ्याई दिएको छ। रेडियो अन्नपूर्णद्वारा *आर्टिष्ट अफ द मन्थ* मा मेरो चयनले मलाई उर्जा र उत्साह थपेको छ। यसप्रति म रेडियो अन्नपूर्ण, मेरा मित्रहरु विश्व पालिखे, अर्जुन श्रेष्ठ, शिव मल्ल, सुशिल लामा, महेन्द्र गुरुङ प्रतिभाशाली संचारकर्मी दिपेन्द्र श्रेष्ठ, आरजु विष्ट सल्यानी तथा अन्य प्रस्तोता मित्रहरुमा समेत आभार प्रकट गर्दछु। पोखरालाई सांस्कृतिक राजधानीका रुपमा रुपान्तरण गर्नुपर्छ भन्ने हाम्रो सोचलाई रेडियो अन्नपूर्णका साँस्कृतिक सचेततापूर्ण सार्थक प्रस्तुतिहरुले सकारात्मक सहयोग पुऱ्याएको मैले महशुस गरेको छु। सञ्चारको सार्थक प्रयत्न साँस्कृतिक सम्पदायुक्त सदभावपूर्ण समाजको निर्माणमा महत्वपूर्ण हुन्छ। रेडियो अन्नपूर्णको प्रयत्न त्यसैतर्फ उन्मुख छ। तपाईहरुलाई यस प्रयत्नमा हार्दिक सफलता मिलोस् हार्दिक शुभकामना। रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र, यहाँका एफएमहरु, छापा माध्यमहरु र सञ्चार कर्मीहरुले देखाउनुभएको साँस्कृतिक अभिरुची समेत विशेष महत्वको रहेको छ। पोखरालाई सांस्कृतिक राजधानीको रुपमा रुपान्तरित गर्ने प्रयत्नमा देखापरेको यो सकारात्मक पहलका प्रति म आभार प्रकट गर्दछु। देश अहिले दुर्भाग्यपूर्ण दूष्चक्रमा फसेको छ। यसबाट मुक्ति अहिले सबै देशवासीको साझा स्वार्थ बनेको छ। त्यसमा सबैको साझा प्रयत्न आवश्यक छ। निकट रहेको विजयादशमीको उपलक्ष्यमा देश यो हिंसा, अशान्ति र अराजकताबाट मुक्त होओस र सबैका ओठमा खुशीका गीतहरु मुस्कुराओस सबैमा हार्दिक शुभकामना।

## अनिच्चावत संखारा

**ज्ञानमाला भजनको माध्यमबाट बुद्ध धर्मको प्रचार प्रसारमा योगदान दिनु भएका यस संघका सहयोगी तथा ज्ञानमाला संघका पूर्व अध्यक्ष सोम बज्राचार्यको असामयिक निधनमा हामीलाई धेरै दुःख लागेको छ। हामी वहाँको सुखावती भुवनमा वास होस् भन्ने कामना गर्दै शोक संतप्त परिवार प्रति समवेदना व्यक्त गर्दछौं।**

*डा. गेहेन्द्रमान उदास*
अध्यक्ष
**धर्मोदय सभा**
**कास्की शाखा परिवार, पोखरा**

# सोम बज्राचार्य : व्यक्ति एक व्यक्तित्व अनेक

-उत्तममान बुद्धाचार्य
सचिव, ज्ञानमाला संघ, पोखरा

ख्याति प्राप्त गीतकार तथा संगीतकार सोम बज्राचार्य नाताले मेरो भिनाजु भए पनि हामी साथी जस्तै थियौं र साथी कै हैसियतले मैले उहाँसँग संगीत प्रशिक्षण केन्द्र, ज्ञानमाला संघ आदिमा सहकर्मी भैं काम गरी जापान सम्मको यात्रामा सहयात्री बन्ने अवसर पाएको थिएँ । त्यसबेला उहाँको सानिध्यमा र ही देखेका, भोगेका र गरेका कार्यहरु जुन मेरो मानसपटलमा घुमिरहेछन्, तिनीहरुमध्ये दुइचार कुराहरु यहाँ उतार्ने प्रयास गरेको छु ।

उहाँ अहिले हामी बीच हुनुहुन्न । तर वहाँको लवाई, खवाई, बोलाई उहाँको विचार र उहाँसंग भएका काम कुराहरु झल्झलि आइरहेछन । उहाँको ठूल्ठूला कवि, साहित्यकार, संगीतकारहरुसंग सम्पर्क र संबन्ध थियो । धेरैले उहाँको तारिफ र सम्मान गर्दथे । वरिष्ठहरुले प्रोत्साहन गर्दथे । ठूला बडाबाट पाएको प्रोत्साहन र प्रशंसाबाट यस क्षेत्रमा केही गर्ने केही गरेर देखाउने उहाँको विचार थियो । त्यसको लागि उहाँ निरन्तर अग्रसर हुनुहुन्थ्यो र मलाई तिमीले पनि केही सिकिरहेकाछौ, त्यसैले केही गर्नु पर्दछ भनेर सल्लाह र सुझाव दिने गर्नुहुन्थ्यो ।

धर्मशीला बुद्ध विहारमा आवतजावत भएपछि उहाँ ज्ञानमाला संघमा आवद्ध हुनुभयो । प्रज्ञारत्न बज्राचार्य, सुवर्ण बज्राचार्यका साथ उहाँले पनि धेरै ज्ञानमाला भजन बनाएर, त्यसमा संगीत भरेर तथा गाएर त्यसलाई लोकप्रिय पार्नु भएको छ । नेवारीमा मात्र भएको ज्ञानमाला भजन नेपाली भाषामा गाएर तथा त्यसलाई वहाँले पहिलो पटक नेपाली भाषामा क्यासेट भरेर जुन धर्मशीला बुद्ध विहारले निकाल्यो, त्यो खूब लोकप्रिय भयो । उहाँले आफ्नै खर्चमा पनि भजनका क्यासेटहरु निकाल्नु भएको छ । देशको विभिन्न ठाउँमा भएका महापरित्राण र राष्ट्रिय बौद्ध सम्मेलन तथा अन्य धार्मिक अनुष्ठानहरुमा पनि पोखराको ज्ञानमाला टोली गएर गाउँदा त्यसको अर्कै महत्व हुन्थ्यो र श्रोता एवं दर्शकहरुबाट ती भजन फेरि फेरि गाउन आग्रह भईरहन्थ्यो ।

उहाले ज्ञानमाला भजन गाउनु भएको मात्र होइन, ज्ञानमाला संघमा बसेर पनि सेवा गर्नुभएको छ । उहाँले २०५० सालदेखि २०५४ साल सम्म संघको सभापति भएर नेतृत्व पनि गर्नुभयो । उहाले भजन सबैले पढ्न सकुन भनेर आफ्नै संयोजकत्वमा २०५२मा ज्ञानमाला भजन संग्रह प्रकाशित पनि गर्नुभयो । उहाँले नेपाल राष्ट्रिय ज्ञानमाला भजन समितिको केन्द्रीय सदश्य भएर काम गर्नु भएको पनि स्मरणीय छ ।

२०४३/४४ सालतिर हामी केही साथीहरु मोहरिया टोल निवासी हिकबहादुर शाक्यसंग धर्म संघ बुद्ध विहारमा शास्त्रीय संगीत सिकिरहेका थियौं । सोम बज्राचार्यले त्यसबेला यताउता गाउने बजाउने गर्नुहुन्थ्यो तापनि उहाँ पनि हामीसँग सामेल हुनुभयो । गुरुजीले पोखरामा एउटा संगीत स्कूलको आवश्यक भएको महशूस गरी त्यसको लागि हामीलाई घच्घच्याइ रहनु भएको थियो । हामी त्यसबारे सल्लाह विचार विमर्श त गर्थ्यौं तर निचोडमा पुग्न सकेका थिएनौ । २०४५/४६ सालमा कलासंगीतप्रेमीहरुको एउटा भेला धर्म संघ बुद्ध विहारमा भयो र त्यसै भेलाले पोखरा संगीत प्रशिक्षण केन्द्र स्थापना गर्ने निर्णय गरेको हो । त्यसको दोश्रो बैठक सोम बज्राचार्यको सकृयतामा उहाकै घरमा बसेर तदर्थ समिति गठन गरेको, पछि उहाँ त्यस केन्द्रको सभापति हुनुभएको आफै प्रशिक्षक भएर प्रशिक्षण दिनुभएको र त्यसलाई आर्थिक सहयोग समेत दिएर सकृय पार्नु भएको कुरा म सम्झन्छु ।

सोम बज्राचार्यले लामो समय पोखरेली युवा सांस्कृतिक परिवारमा रहेर पनि साहित्य संगीत र कलाको सेवा गर्नु भएको छ । उहाँले पोखरालाई सांस्कृतिक राजधानी बनाउने सो परिवारको परिकल्पनालाई साकार पार्न सराङकोट गाविसको रमाइलो डाडाँको दुइ रोपनी जमिन प्रदान गर्नुभएको छ । त्यहाँ उहाँका आमाबुबाको नाममा निर्माण गरिने चन्द्रलक्ष्मी सिर्जना ग्रामको लागि रु. पचास हजार पनि दिनुभएको छ । जुन पोखराको लागि एउटा नमूना र उदाहरणीय कार्य भएको छ । उहाले पछि त्यस परिवारको सभापति भएर पनि सेवा गर्नुभयो । त्यस्तै वहाँ अन्य धेरै संघ संस्थामा पदाधिकारी तथा सदस्य भएर सामाजिक धार्मिक एवं शैक्षिक क्षेत्रमा सक्रिय हुनुहुन्थ्यो ।

सोम बज्राचार्यले बुद्धजयन्ती आदिमा ज्ञानमाला भजन गाउनु हुन्थ्यो भने जनै पूर्णिमामा आयोजना गरिने 'रामायण' मा रामायण, श्री पंचमीमा सरस्वती बन्दना, नवरात्रीमा मालश्री लगायत लोकगीत, राष्ट्रिय गीत, आधुनिक गीतहरु गाउनुहुन्थ्यो । संगीतको हरेक क्षेत्रमा उहाँको पहुँच थियो र सबै क्षेत्रमा लोकप्रियता कमाउदै ख्याति फैलाउदै हुनुहुन्थ्यो । यस्तो प्रतिभाशाली व्यक्तित्वका साथ 'एक पटक' हामी केही साथीहरु जापानको निप्पोनजान म्याहोजीका श्रद्धेय गुरु फुजीको १०७ औं जन्मजयन्ती मनाउन जापान गयौं । जापानमा पनि उहाँले ज्ञानमाला भजन र अरु नेपाली गीतहरु गाएर जापानी मित्रहरुलाई प्रभावित पार्नुभएको थियो ।

उहाले ज्ञानमाला भजनको क्षेत्रमा उत्कृष्ट योगदान गर्नुभएको कामको कदर गरेर काठमाण्डौं स्थित स्वयभु ज्ञानमाला भजन खलले "ज्ञानमाला रत्न शिरपा", पोखरेली युवा साँस्कृतिक परिवारले नेत्र स्मृति पुरस्कार, लोक कवि अलिमियाको नाममा स्थापित लोककवि अलिमिया वाङमय प्रतिष्ठानले अलिमिया वाङ्मय पुरस्कार प्रदान गरेर उहाको सम्मान र कदर गरेका छन । त्यस्तै अन्य धेरै सम्मान र पुरस्कारहरुबाट पनि उहाँ सम्मानित हुनु भएको छ । ती सबै मानवोपयोगी कार्यहरु नै उहांको निर्माण हेतु बनोस् यहि कामना छ ।

## अनिच्चावत संखारा

ज्ञानमाला संघका पूर्व अध्यक्ष तथा नेपाल राष्ट्रिय ज्ञानमाला समितिका पूर्व केन्द्रीय सदस्य

**गीतकार तथा संगीतकार हाम्रा सहयोगी सोम बज्राचार्यको**

असामयिक निधनबाट हामीलाई गहिरो चोट लागेको छ ।

दुखको यस घडिमा संसार अनित्य छ भन्ने संझेर चित्त बुझाउन

वहाँको परिवारजनलाई संझाउन चाहन्छु र

वहाँको सुखावती भुवनमा बास होस् भनी प्रार्थना गर्दछौं ।

*चन्द्रलक्ष्मी गुभाजू*

सभापति

**तथा बौद्ध उपासिका संघ परिवार**

**धर्मशीला बुद्ध बिहार, पोखरा**



स्वरसम्राट नारायण गोपालसँग ।



हाँस्य अभिनेता मदनकृष्ण श्रेष्ठसँग सिर्जनाग्राम स्थलमा



संगीतकार अम्बरगुरुङसँग, कृष्ण श्रेष्ठ, सीम बज्राचार्य र गौतम विजुक्छे ।



कवि मञ्जुलसँग ।



# श्रद्धाञ्जली

**(गायक तथा संगीतकार सोम बज्राचार्यको असामयिक, अकल्पनीय एवं दुखद निधनमा स्रष्टा एवं विभिन्न महानुभावद्वारा व्यक्त समवेदना/श्रद्धा-सुमनका केही अंश)**

### राष्ट्रकवि माधव घिमिरे

सोम बज्राचार्यको निधनको समाचार सुन्दा म दुखित भएँ। उहाँले सिर्जनाग्राममको निम्ति अतुलनीय योगदान गर्नुभएको छ। हिमाल हेर्नका निम्ति अझै ४ आना जग्गा थपिदिनु हुन्छ कि भन्ने अनुरोध मैले उहाँसंग गरेको थिएँ। त्यो मेरो अनुरोध त्यसै खेर जान दिनु भएन भन्ने मलाई लाग्छ। त्यागपूर्वक संसारबाट जो जान्छ तिनले संसारको निम्ति अविस्मर णीय योगदान पनि गरेका हुन्छन् र त्यसैको संतोषमा उनीहरुको आत्माले चीरशान्ति पाउँछ। उहाँलाई यहि चीर शान्ति प्राप्त होस भनि भगवान बुद्धसंग प्रार्थना गर्दछु।

### लोकदर्शन बज्राचार्य, उपाध्यक्ष वर्ल्ड फेलोशिप अफ बुद्धिष्ट

यहि २०६२ साल मसीर २६ गते ख्यातिप्राप्त संगीतकार तथा समाजसेवी सोम बज्राचार्यको असमायिक निधन भएकोमा हामी धर्मोदयका परिवार तथा बौद्धहरु शोकाकुल भएका छौं। वहाँ एक बहुआयामिक ख्यातिप्राप्त व्यक्ति हुनुहुन्थ्यो वहाँ पोखरा मा मात्र सीमित नभई विभिन्न बौद्ध समुदायमा वहाँ चिर परिचित हुनुको साथै धर्मोदय जस्तो अन्तराष्ट्रिय तथा राष्ट्रिय संस्थाका सकल परिवार/सदस्यहरु बीच त्यत्तिकै निकट, घनिष्ट सम्वन्ध भएका प्रिय सहपाठी हुनुहुन्थ्यो। वहाँ ज्ञानमाला भजनको अलावा शैक्षिक, साँस्कृतिक क्षेत्रमा पनि त्यत्तिकै लोकप्रिय हुनुहुन्थ्यो। वहाँको योगदानको कदर गरेर विभिन्न संघ संस्थाहरु द्वारा विभिन्न स्मृति पुरस्कार, सिरपा पदकहरुबाट वहाँ विभूषित हुनुभएको छ। आज वहाँको गुनानुस्मरण गर्नुको साथै वहाँको शोक सन्तप्त श्रीमती र छोरा छोरी परिवारलाई धैर्य धारण गर्न सकुन् भन्ने प्रार्थना गर्दै दिवंगत हुनु भएका सोम बज्राचार्यको चीर शान्ति र निर्वाण कामना गरी हार्दिक समवेदना प्रकट गर्न चाहन्छु।

### जनकवि केशरी धर्मराज थापा

कास्की, पोखराको एउटा प्रतिभाशाली सङ्गीतकार, गायक, समाजसेवी सोम बज्राचार्य, शुक्ला गंगा झै अद्वितीय कलाकार हुन्। उनको आकस्मिक मृत्युले उनका परिवार, छर-छिमेकी लगायत हामीजस्ता सहृदयीहरुलाई गहिरो चोट पुर्‍याएको छ। मानिसको जीवनमा मृत्यु निश्चित छ, तर उनको मृत्यु-वरण अनिश्चित थियो। समाज सेवालाई समेत महत्व दिने सोमले गायन क्षेत्रमा पुनः प्रवेश गरेर, मीठो कण्ठले गीत, भजन गाउन थालेका थिए। नेपाली सङ्गीतको फराकिलो आकाशबाट एउटा झल्मलाउँदो तारा झरेर गयो। उसको शोकमा परिवारकै तर्फबाट मेरो समवेदना छ।

### प्रसिद्ध संगीतकार अम्बर गुरुङ

सोमभाइको त्यस्तो खबर सुनेर म दुखी मात्र भइन मनमा साह्रै नराम्रो चोट पनि लाग्यो। त्यस्तो होनहार सबैसित मिल्ने हँसिलो मिजास भएको व्यक्तिले कसरी त्यस्तो काम गर्‍यो होला - म त विचार समेत गर्न सक्दिन। उसको दुखद निधनले पोखराले मात्र होइन सिंगो देशले यौटा साह्रै राम्रो नेपालीलाई गुमाएको छ।

मसंग उसंग बिताएका रमाइला क्षणहरुका सम्झना सदाका लागि उसको नासोका रुपमा रहनेछन्।

उनको आत्माले शान्ति पाओस्। यस्तो बज्रपात सहन गर्ने शक्ति उनको परिवारजनलाई प्राप्त होस्। शोकको यस्तो बेला शब्दहरुले पनि साथ दिन्नन्, आफूलाई निरुपाय अनुभव गरिरहेकोछु

### प्राज्ञ सरुभक्त

सोम मेरा एक आत्मीय भाइ र सहकर्मी साथी थिए। उमेरले म केही वर्ष जेठो थिएँ त्यसैले उनी मलाई आत्मीयतापूर्वक सधै दाइ भन्थे। दाइ

सम्झेर आदर गर्थे । उनीसँग मेरो भेट पोखरेली युवा सांस्कृतिक परिवारको स्थापनाकालतिरै भएको थियो अर्थात् विक्रमाब्द २०३४/०३५ सालतिर । उनका दाजु गायक सरोज गोपाल मेरा साथी र पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष थिए । म सचिव थिएँ । यही नाताले म बारम्बार उनीहरुको घर गइरहन्थें । मलाई लाग्छ, यही क्रममा कुनै बेला सोमसित पनि मेरो भेट भएको थियो । पछि उनी पोखरेली युवा सांस्कृतिक परिवारका सदस्य भए । तीन दशक लामो समयावधी सम्म हामी पोखरेली साहित्य-सङ्गीत् वाङ्मय क्षेत्रका सहकर्मी नै भयौं ।

सोम स्वभावले अत्यन्त हँसिला र रसिला थिए। मिलनसार पनि उत्तिकै थिए। उनी अन्य सहकर्मी साथीहरुलाई झैं मलाई पनि आफ्नो घरमा बोलाइरहन्थे । साथीभाइहरुलाई घरमा बोलाई विविध व्यञ्जनहरु ख्वाएर तृप्त हुने उनको बानी झैं थियो । बसपाली पनि दशैं-तिहारको बेला एउटा कार्यक्रममा जाने सन्दर्भमा उनीसित मेरो भेट भएको थियो । त्यसबेला उनले भनेका थिए- "दाइ, धेरै भयो नबसेको । एक दिन बस्नुपर्छ है । म बोलाउँछु ।"

उनले एक दिन बोलाएका पनि थिए फोन गरेर । त्यस दिन म दिनभर अरु कार्यक्रमहरुमा व्यस्त भइ अबेर घर फर्केको थिएँ । त्यसैले उनीकहाँ जान पाइन । त्यसबेला मलाई के थाहा त्यो सोमको अन्तिम निम्तो थियो ।

आफ्नो दाजु गायक सरोज गोपालको पदचिन्ह पछ्याउदै सोमले नेपाली साङ्गीतिक क्षेत्रमा आफ्नो एक विशेष स्थान बनाइसकेका थिए । उनी पोखरेली युवा सांस्कृतिक परिवार बाहेक अन्य धेरै संघसंस्थामा पनि सक्रिय थिए । उनी धन र मन दुवैले सम्पन्न थिए । उनी आधुनिक गीत, लोकगीत र बुद्ध भजनहरुका सुप्रसिद्ध गायक थिए । पचासको दशकमा उनले मेरो एउटा गीत पनि गाएका थिए- हेर्दा राम्रो माछापुच्छ्रे मनमा फेवाताल । यो गीत गाएपछि उनले धेरैपल्ट अरु गीत पनि मागेका थिए तर दिन्छु भन्दाभन्दै त्यत्तिकै भयो ।

मैले चिनेको सोम जीवनलाई माया गर्ने सोम थियो । आफ्नो परिवार र साथीभाइलाई माया गर्ने सोम थियो । उनी मनोवैज्ञानिक रुपले आत्महत्या गर्ने प्रकृतिका व्यक्ति नै थिएनन् । त्यसैले अहिले पनि मलाई लागिरहेछ उनी जीवित नै छन्, आफ्नो कृतित्वहरुमा मात्र होइन शारीरिक रुपमै पनि । आत्महत्या गर्ने सोम अरु नै हुन उनी होइनन् ।

मलाई सम्झेर यी शब्दहरु लेख्दा म यही कामना गर्छु- अब उप्रान्त सोमहरुले कहिल्यै आत्महत्या नगरुन् । सोमको अवसान नेपाली साङ्गितिक क्षेत्र, विशेष गरी पोखरेली साङ्गीतिक क्षेत्रको लागि एक अपूरणीय क्षति हो । म उनलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

## भिक्षु श्रद्धानन्द

पोखरा मोहरिया टोल निवासी चन्द्रमान बज्राचार्यका कनिष्ठ सुपुत्र सोम बज्राचार्य बौद्ध भक्ति संगीतका लोकप्रिय गायकहरुमा एक प्रसिद्ध गायक थिए । जस्तो नाम सोम छ त्यस्तै सोमत र सोहवत युक्त छ । उनी शिष्ट, मिजासिला र हँसिला थिए । सुमधुर स्वरका धनी थिए सोम बज्राचार्य ।

ज्ञानमाला भजनलाई नेपाली भाषामा आधुनिक ढंगले प्रस्तुत गर्नुमा सोम बज्राचार्यको ठूलो योगदान छ, जसले गर्दा धर्मशीला बुद्ध विहार पोखराको ज्ञानमाला संघको अन्तर्राष्ट्रियमा समेत प्रचार भयो । अन्तर्राष्ट्रिय क्षेत्रमा यस बिहारको परिचय भयो र ज्ञानमाला संघको प्रसिद्धि पनि बढ्यो । यसको लागि ज्ञानमाला संघले उनी प्रति कृतज्ञभाव प्रकट गर्नुपर्दछ । उनको कृतज्ञगुण सम्झनु पर्छ ।

उनी ज्ञानमाला संघको अध्यक्ष भएको बेलामा ज्ञानमाला भजनहरु क्यासेटमा टेप गरी श्रोता समक्ष पुऱ्याएर अझ लोकप्रिय बनाएको छ । उनले अहिले सम्म पाँचवटा क्यासेटहरु निकालि सकेका छन् । ज्ञानमाला भजन क्यासेटमा भरि प्रसारण गर्ने काम सबभन्दा पहिले पोखराबाट भएको थियो । उनले रेकर्ड गरेका क्यासेटहरु रेडियो नेपाल र नेपाल टेलिभिजनले बराबर प्रसारण गर्दै आएका छन् ।

उनले पोखरेली युवा सांस्कृतिक परिवारलाई करीब दुई रोपनी जग्गा दान दिएर साहित्य संगीत र कलाको उत्थानमा महत्वपूर्ण योगदान गरेको छ । तर

विडम्बना उनी यस लोकबाट बिदा लिइ गए । अब यस लोकमा हामीसंग आधुनिक सगीतमा उनले गाएको ज्ञानमाला भजनको मधूर स्वर मात्र छ। जसरी उनले समर्पित भएर ज्ञानमाला क्यासेट निकालेर प्रसारण गरे त्यसरी नै ज्ञानमाला प्रसारमा लाग्न सके उनी प्रति सच्चा श्रद्धाञ्जली चढाएको हुनेछ । अतः उनको सुगति वा निर्वाण कामना गर्दै श्रद्धाञ्जली चढाउँदछु ।

### गीतकार श्री पुरुष ढकाल

सोम बज्राचार्यसंग मेरो भेट २०५५ सालमा भएको हो । पहिलो भेट देखिनै क्रमशः हामी नजीक हुँदै गयौं र धेरै नजीक भयौं । म उहाँसंग निकट हुनुको यौटा कारण छ- उहाँ भित्र रहेको कोमलता । उहाँ अत्यन्त कोमल हुनुहुन्थ्यो, दयालु हुनुहुन्थ्यो । विशेष गरि उहाँ साना बालकहरुलाई अत्यन्त प्रेम गर्नुहुन्थ्यो । मलाई साना बालकहरु असाध्यै मन पर्छन र साना बालकहरुलाई माया गर्नेहरु मलाई विशेष मन पर्छन् । यसैले पनि उहाँ मेरो सम्मानको पात्र हुनु भएको छ ।

म जहिले पनि उहाँलाई भन्ने गर्थें- सोम पोखराको मात्र होइन- सिंगो नेपालको हो । विश्वभरि का नेपालीहरुको हो । त्यसैले सोमले सांगीतिक यात्रामा अल्छी गर्नुहुदैन ।

उहाँ दिवंगत हुनुभन्दा करिब १ हप्ता अगाडि श्यामजीसँग सानेपास्थित मेरो घरमा आउनुभएको थियो । त्यतिबेला पनि उहाँसँग मैले मेरो यो गुनासो राखेको थिएँ । त्यस बखत उहाँले अब सक्रिय हुने वचन दिनु भएको थियो । तर दूर्भाग्य उहाँले हामीलाई छोडेर जानुभयो । तर पनि उहाँसँगको सामीप्यता अझै पनि संझना आइरहन्छ । उहाँको हँसिलो मुहार रमाइलो व्यवहार मैले मात्र होइन उहाँसँग सगत गर्ने कसैले पनि भुल्न सक्दैन । जे होस् सोम नेपाली सांगीतिक आकाशका सोम (चन्द्र) भएर रहेका छन् । सोम जस्तै चम्किरहनेछन् ।

### कवि मंजुल

पोखरा संझदा, पोखराको सुन्दर बजार संझदा, सेती नदी र त्यहाँका मिलनशील मानिसहरु संझदा, बाँस झाङ र माछापुच्छ्रे, अन्नपूर्ण संझदा, त्यहाँका डाँडाहरु, बाटाहरु, जंगलहरु संझदा, त्यहाँ लाग्ने इन्द्रेणी, बाटेलेचौर र झलकमानदाइलाई संझदा, धर्मराजदाइ, अलिमियाँदाइलाई संझदा, भूपीदाइ, सरुभक्त, तीर्थ श्रेष्ठ, उषा शेरचन, विनोद गौचनलाई संझदा, शान्तिस्तूप, चन्द्र भट्टचन, रमेश श्रेष्ठ, रोशन शेरचनलाई संझदा; कृष्णमोहन, प्रकट पगेनी शिवलाई संझदा; विश्व शाक्य र विजय बजिमयलाई संझदा; हेमराज पहारीलाई संझदा- म सधै संधै सोम बज्राचार्यलाई संझन्छु ।

खेत, खोला र बनभोजलाई संझदा; साहित्य, सगीत र कलालाई संझदा; साहित्यकार, सगीतकार, गायक, गायिका र कलाकारहरुलाई संझदा; दुर्गा बराल, अनूप बराल र सुन्दर अनुभूतिकी गायिका हरि देवी कोइरालालाई संझदा; म सोम बज्राचार्यलाइ संझन्छु ।

पोखरामा मसंग तीर्थ श्रेष्ठ हुनु, कृष्णमोहन हुनु तर साथमा सोम नहुनु खट्किन्छ । उसको अनुपस्थितिले म रुन्छु । रोइरहेछु ।

आमाहरुलाई संझदा; बहिनीहरु-छोरीहरुलाई संझदा, खाना खान लागेको बेला म संधै सोम बज्राचार्यलाई संझन्छु । मायाँले चस्स हुँदा म संधै सोमभाइलाई संझन्छु ।

अहिले, यतिबेला मेरो हृदयमा सबैभन्दा बढी बाँचेको मान्छेको नाम हो-सोम बज्राचार्य ।

### अनागरिका कर्मशीला

सोम बाबु आँखामा राखेपनि नबिझाउने व्यक्ति थिए । आफूभन्दा ठूला बडासँग उनले सधैं आदर सत्कार गर्दथे । सहयोग गर्दथे । उनले गाएको ज्ञानमाला भजनले जतातत्तै प्रशंसा पाएको देखेर हामीलाई गौरवको अनुभव हुन्छ । विहार बाहिर पनि उनको योगदान फैलिदै गएको सुन्थे र धेरै खुशी लाग्दथ्यो । आमाबाबुको नाममा स्थापित चन्द्रलक्ष्मी सिर्जनाग्राम- असल छोराले गर्ने एउटा काम हो । त्यस्तो काम र सहयोग उनले धेरै पटक धेरै ठाउँमा गरेको सुनेको छु । थोरै समयमा उनले धेरै काम गरे । उनले सबै राम्रा काम गरे तर आखिरमा जे जसरी मृत्यु वरण गरे

त्यही नराम्रो भयो । त्यसले हामी सबैलाई स्तब्ध पारेको छ दुखीत पारेको छ ।

**राघवलाल वैद्य, पुनरावेदन अदालत, विराटनगर**

"भाइ सोम बज्राचार्य अचानक जीवनको सपूर्ण मोह र वैभवलाई चटक्क छोडेर गएछन् । एक दिन पछि जब मैले थाहा पाएं, मैले आफूलाई सम्हाल्न नसक्नु स्वभाविकै थियो ।

परन्तु समय वलवान छ । ढिलो चांडो जीवन र मृत्यु यथार्थ सत्य रहेछ । जीवन चक्रको यो छोटो लौकिक बसाईमा उनले संगीत, गायकी, साहित्य र समाजसेवाको फराकिलो पटांगिनी मार्फत ज्यूँदाहरुका लागि बिर्सनै नसकिने योगदान पनि छोडेर गएका छन् ।

शालीन, सेवामुखी र उदार सोमको हंसिलो र उज्यालो भौतिक व्यक्तित्व पत्याउनै नसकिने गरि आफन्त र शुभचिन्तक सबैलाई धुरुक्क पारेर अस्ताएको छ । उनको परिवारजनमा पर्न गएको यो पीडाको क्षण धुप्रै पोखरेली साथमा छन् तर उनको अधुरो सपना र योगदानलाई चिरस्थाइ र बिस्तार गर्नु आवश्यक हुन्छ जस्तो लाग्छ ।

जे होस्, कुनै रुपमा हाम्रो सामाजिक मूल प्रवाहमा उनी हामी संगै रहने छन् । मेरा गीतहरु मार्फत मात्र नभै मैले सोमसंग उमेरको भेदलाई थाती राखेर असल मित्रका रुपमा बिताएका क्षणहरुको स्मृतिले यतिखेर फेरी अत्यन्त भावुक र मर्माहत तुल्याएको छ ।

अन्तमा, अन्तरमुखी कुलीनता भन्दा सामाजिक जीवनको मूल्य रोज्न सिपालु स्व. सोम बज्राचार्यको आत्माको चीर शान्तिको कामना सहित मेरो अन्तरदिल देखि उनका प्रति श्रद्धाञ्जली व्यक्त गर्दछु ।"

**प्रा. आशाराम शाक्य,**
**पूर्व सदस्य सचिव, लुम्बिनी विकास कोष**

सोम बज्राचार्यको निधनको समाचारले मलाई गहिरो चोट पुऱ्याएको छ । तैपनि अनिच्चावत संखारा..... यो संसार अनित्य छ भन्ने बुद्ध वाक्य सम्झेर हामी सबैले चित्त बुझाउनु परेको छ । यो जीवन झलक्क रामो देखिने कमलको फूल झैं हो । जुन कुरा सोमले गाएको ज्ञानमाला भजनबाट प्रष्ट छ ।

उनको सुमधुर स्वर अब क्यासेटबाट मात्र सुन्न पाइने भएको छ । उनले सांस्कृतिक उत्थान र विकासका लागि तन मन र धनले सेवा पुऱ्याएको प्रशंसनीय छ । त्यही कार्यले उनलाई अमर राख्ने छ भन्ने मेरो विचार छ । यी सबै पुण्यका कारण उनका सुखावती भुवनमा बास होस्, यही मेरो कामना छ ।

**कृष्णबहादुर गुरुङ**
**पूर्व सांसद तथा अध्यक्ष, विश्वशान्ति स्तूप समिति, पोखरा**

सोम बज्राचार्य मेरा नजिकका भाइ सरहका मित्र थिए । एक बौद्ध कार्यक्रममा भाग लिन हामी सगैं जापान गएका थियौं, जापान भ्रमणले हामीलाई अझ नजिक ल्यायो र हामी आत्मीय भयौं । विश्वशान्ति स्तूप र धर्मशीला बुद्ध बिहारमा आयोजित विविध कार्यक्रमले हाम्रो सम्बन्धलाई अरु नजिक ल्यायो । उनको ज्ञानमाला भजनको क्यासेट मैले पोखरा उद्योग वाणिज्य संघको सभा कक्षमा विमोचन गर्ने मौका पाएको थिएं । अहिले विगतका ती सबै घटनाहरुको रील मेरो अगाडि घुमिरहेछ र म उनलाई झल्झली संझीरहेछु । छोटकरीमा भन्ने हो भने उनले छोटो समयमा धेरै काम र योगदान गरेका छन् ।

**सुचित्रमान शाक्य**, महासचिव, धर्मोदय सभा, केन्द्रीय समिति

विज्जुवुब्बुलउस्साव, जलराजि परिब्खमं !
घाटकोव रिपूतस्स, सब्बथा पि अबारिमो !!

बिजुली चम्के जस्तै, पानीमा उठ्ने फोका जस्तै, दुबोको टुप्पामा रहेको पानीको थोपा जस्तै ,पानीमा कोरिएको धर्को जस्तै, तुरुन्तै बिलाएर जाने यो शरीर फेरी यो मृत्युलाई घाट गर्ने शत्रुलाई जस्तै कसैले छेक्न सक्ने होइन (मरणानुस्मृति) ।

हो, कसैको जीवनको एकपल पनि निश्चित छैन । कुनै पनि पल कसैको पनि जीवनलीला समाप्त हुनसक्छ । त्यसैले बुद्ध भन्नुहुन्थ्यो "भिक्षुहरु, पात्रको भोजन हातमा लिईसकेपछि त्यो गाँस मुखमा पुऱ्याउञ्जेल सम्म तिमी जीवितै होला भनी नठान्नु । त्यसकारण धर्म अभ्यास एकक्षण पनि नबिर्सनु ।"

सर्वज्ञ तथागतका यी बचनहरु सुनेर कसैलाई हुने कुनैपनि अप्रिय घटनामा के आश्चर्य हुनु । तर पनि जब घटना साँच्चै घट्छ, तब सबै कुरा थाहा पाएर पनि सहज स्वाभाविक ठान्नु अति कठीन हुंदो रहेछ । त्यस्तै भयो "पोखरा शाखाका सक्रिय सहयोगी श्री सोम बज्राचार्य अब हाम्रो माफ रहेन" भन्ने अपत्यारिलो खबर पनि । एकछिन त अक्मकिएँ, फेरि सम्फना आयो अति सुन्दर, शान्त हेर्दैमा भलाद्मी, विश्वासिलो, मिलनसार जवान व्यक्तित्व सोम बज्राचार्य कसरी यति चाँडै मर्न सक्छ ? फेरि याद आयो, नेपाल टेलिभिजनको धार्मिक कार्यक्रममा नेपाली भाषामा ज्ञानमाला गीत गाएर ज्ञानमालालाई राष्ट्रव्यापीरुपमा फैलाउन अग्रणी भूमिका खेलेका लोकप्रिय युवा गायक सोम बज्राचार्य । त्यतिबेला उहाँको ज्ञानमाला गीत सुनेर मलाई लागेको थियो, अब ज्ञानमाला गीत बुढाबुढीहरुले बिहारमा गाउने भजन मात्र नभई युवाहरुमा समेत बुद्ध बचनहरु प्रचार गर्ने सशक्त माध्यम हुने भयो । त्यस पछि धर्मोदय सभाको आजीवन सदस्य उहाँसँग पोखरामा भएको पाँचौ राष्ट्रिय बौद्ध सम्मेलनमा चिनजान र संगत गर्ने मौका प्राप्त भयो । उक्त सम्मेलनमा स्वागत गान तयार गर्ने देखि लिएर सम्मेलनको अन्य विविध कार्यमा समेत उहाँ निकै सक्रिय भई लाग्नु भएको थियो ।

यस्तो महत्वपूर्ण व्यक्तित्व सोम बज्राचार्यको असामयिक निधनमा गहिरो दुःख व्यक्त गर्दै वहाँको सुगति र निर्वाण कामना गर्दछु ।

**हनिफ मियाँ, अध्यक्ष अलिमियाँ लोक वाङमय प्रतिष्ठान**

यस प्रतिष्ठानको तर्फबाट प्रदान गरिएको २०६१ सालको अलिमियाँ लोक वाङमय प्रोत्साहन पुरस्कारबाट पुरस्कृत भएका गायक तथा संगीतकार सोम बज्राचार्यको २०६२-०८-२६ मा असामयिक निधन भएकोमा यो प्रतिष्ठान ज्यादै दुःखी भएको छ । कला, साहित्य र संस्कृतिका क्षेत्रमा उहाँले पुऱ्याउनु भएको योगदानको उल्लेख रहदा रहदै पनि विशेष नेपाली संगीत र भजन ज्ञानमाला गायन तथा आधुनिक गीत गायनका क्षेत्रमा उहाँले पुऱ्याउनु भएको योगदान विशेष महत्व छ । उहाँको निधनबाट यस क्षेत्रमा ठूलो घाटा पुगेको छ । उहाँको योगदानको प्रेरणाबाट संगीत र गायनमा संलग्न साधकहरुलाई प्रेरणा र प्रोत्साहन प्रदान गर्नेछ भन्ने आशा एवं विश्वास पनि यस प्रतिष्ठानले राखेको छ ।

**झलक थापा**

सालको पात बजाउदै तल फरेर्थ्यौ अनि बुद्ध भजनका साथै अन्य भजनहरु गाउँदै सुनाउदै फेरी फर्कियौ । तिमीलाई अवश्य थाहा थियो होला सिद्धार्थ गौतम जन्मदा प्रसव पीडाको बखत पनि उन्की आमा मायादेवीले सालकै हाँगाको सहारा लिनु भएको थियो । उता सालको बोट मुनी बुद्ध जन्मनु भयो । यता सालकै पात बजाउदै तिमी तल झऱ्यौ ।

बौद्धमार्गीको परिवारमा तिम्रो जन्म भएकै कारणले मात्र तिमी बुद्धको शरणमा, धर्मको शरणमा अनि संघको शरणमा गएका होइनौ भन्ने मेरो अड्कल रहेको छ । तिमीमा देखिएका विलक्षण स्वभावहरु पूर्वजन्म कै कारणले हो की भन्ने अर्को अड्कल गरेको छु ।

इन्चि टेपले नाप्न सकिने तिम्रो छाती भित्र नाप्नै नसकिने उदार मन थियो भन्ने हिसाब धेरैले गरेको हुनुपर्दछ । कुरा अब तिमीले के दियौ र कति दियौ भन्ने होइन, हामीले तिमीबाट कति लिन सक्यौं, कति लिन सक्यौं र अब तिमी फर्किसके पश्चात कति लिन सक्छौं र लिइरहन सक्छौं भन्ने हो ।

सालकै पात बजाउदै आयौ अनि बुद्ध भजन तथा अन्य भजनहरु गाउँदै सुनाउदै फर्कि सक्यौ तिमी । तिमी आएको कारण र तिमी फर्केको कारणहरु खोज्दै, बुझ्दै अनि नबुझ्नेकालाई बुझाउँदै बाँकी जीवन बिताउन पाए कति रमाइलो र सफल हुन्थ्यो जीवन ।

**बिलबहादुर गुरुङ अध्यक्ष, बुद्धजयन्ती समारोह समिति कास्की**

जुन बेला तिमीले संसारबाट बिदा लिने अठोट गरी अमूल्य जीवनलाई मृत्युको मुखमा होम्यौ, त्यसबेला म विदेशमा थिएँ । तिम्रो त्यो दुखद समाचार ले मलाई स्तब्ध पाऱ्यो । मलाई विश्वासै लागेन । के यस्तो पनि हुन सक्छ र भन्ने प्रश्न मनमा खेली रह्यो । तिम्रो त्यो सबैलाई आदरभाव गर्ने बानी चिटिक्क

परेको हँसिलो चेहरा, कसरी विर्सने ?

तिमीले समाजलाई धेरै दियौ । धार्मिक, सांस्कृतिक, कला, गला र सामाजिक सेवाको क्षेत्रमा सानो उमेरमा ठूलो योगदान दिएर गयौ । समाजमा त्यो योगदान अविस्मरणीय किसिमले रही रहनेछ ।

**प्रज्ञारत्न बज्राचार्य, गायक तथा संगीत प्रशिक्षक**

सोम बज्राचार्य संगीतको क्षेत्रमा समर्पित गायक थिए । गाउने भनेपछि हुरुक्कै हुन्थे । संगीत सिक्नमा उनको ठूलो रुचि थियो । प्रशिक्षणको बेलामा ठिक समयमा आउथे, नयाँ कुरा छिटो टिप्थे । उनमा प्रतिभा थियो । कला र गला दुवै थियो । ज्ञानमाला भजनमा उनले नाम कमाए । उनले लोक गीत गाए त्यसमा पनि नाम कमाए । उनले धेरै राम्रा राष्ट्रिय गीत गाएका छन । धार्मिक भजनहरु गाएका छन । सबै किसिमका गीतहरु उनले गाएका छन । उनले अझ धेरै नाम कमाउन सक्थे, तर असमयमै उनले जीवनसंग नाता तोडे । किन तोडे, त्यो रहस्यमय भएको छ ।

**श्यामलाल श्रेष्ठ प्रबन्ध निर्देशक, सप्तश्री संगीत प्रशिक्षण केन्द्र**

सोमसँग मैले संगीतको क्षेत्रमा धेरै काम गरेको छु । यता उता गएको छु । गाउने बजाउने भनेपछि सँधै तत्पर, समयको खुब ख्याल राख्ने, शरीर को ख्याल राख्ने, घर परिवारको ख्याल राख्ने, जहाँ पुगे पनि घरमा फोन गरी सूचना दिइरहने उनको बानी थियो । केही दिन पहिले मात्र हामी काठमाण्डौ गएका थियौं । अनेक कार्यक्रम बनाएर फर्केका थियौ, तर त्यस्तो कुनै संकेत उनले गरेन । उनले हामी सबैलाई छलेर गए, छाडेर गए, स्तब्ध पारेर गए ।

**अमृत गुरुङ गायक, नेपथ्य**

पापी मनले के देख्यो, खै के देख्यो,
बनावटी संसारबाट
जम्मै भ्रम मिथ्याहरु तोडेर,
अरुलाई दुःखी पारेर
आफू चाहिं खुशी भएर
विदा लिनु भयो सोम दाइले ।

**कुमार आले, फोटो कवि**

म स्रष्टाहरुलाई पछ्याउँदै उनीहरुलाई क्यामरामा कैद गर्ने अभियानमा हिंडेकै क्रममा सोमदाइलाई पोखरामा भेटेको हुँ । उहाँलाई भेट्दा यौटा असल मान्छे संग भेटिरहेको अनुभूति मलाई भएको थियो ।

सोमदाइ अत्यन्त मनकारी हुनुहुन्थ्यो भन्ने मलाई लाग्छ । धन हुनेको मन हुन्न, मन हुनेको धन हुन्न भन्ने लोकोक्तिको विपरीत सोमदाइसंग धन थियो र त्यो अनुरुपको मन पनि । त्यसैले उहाँले सिर्जनाग्राम निर्माण लगायतका काममा जुन उदारता देखाउनु भयो, त्यसको म सदा प्रशंसक रहेको छु ।

सोमदाइको अगाडि बसेर उहाँको गायकी सुन्ने अवसर पनि मैले पाएको छु । श्रुती मधुर स्वरका धनी सोमदाइलाई आफ्नो क्यामेरामा मैले कैद गरेको छु । उहाँको तस्वीर मेरो हृदयमा कैद छ । हार्दिक श्रद्धाञ्जली !

**सुरेन्द्र विजुक्छे, अध्यक्ष, संगीत प्रशिक्षण केन्द्र**

सोम बज्राचार्य यस केन्द्रका संस्थापक सदस्य एवं निवर्तमान अध्यक्षको रुपमा केन्द्रका सदस्यहरु सबैको हृदयमा अमिटरुपमा रहनुभएको छ ।

यस केन्द्रको स्थापना, संचालन र विकासमा उहाँले पुऱ्याउनु भएको योगदान अविस्मरणीय रहेको छ । संगीत प्रति उहाँको अगाध श्रद्धा थियो । एक संगीत साधक एवं प्रेमिका रुपमा, उहाँले नेपाली सांगीतिक वाङ्मयको विकासमा, पोखरेली भूमिमा रहेर महत्वपूर्ण योगदान दिनुभएको छ ।

उहाँको अकल्पनीय देहावशानले यस केन्द्रलाई अपूरणीय क्षति पुगेको छ । उहाँको अभावले जुन रिक्तता सिर्जना भएको छ- त्यो पीडादायी छ । यस केन्द्र उहाँ प्रति हार्दिक सम्मानका साथ श्रद्धाञ्जली अर्पण गर्दछ ।

**सुश्री सविता 'धाख्वा' शाक्य, नागवहाल ल.पु.**

बुद्धधर्मको ज्ञानमाला क्षेत्रमा बहुचर्चित व्यक्तित्व सोम बज्राचार्यको असामयिक निधनले ठूलो क्षति पुगेको महशुस भएको छ । उहाँले भावपूर्ण

सुमधुर स्वरमा गाउनु भएका ज्ञानमाला भजनहरु बौद्ध जनमानसमा अविस्मरणीय रहेकोछ ।

उहाँले ज्ञानमाला भजनका अतिरिक्त अन्य भजन, राष्ट्रिय गीत, लोक गीत, सुगम संगीत लगायत संगीतका धेरै क्षेत्रमा योगदान पुऱ्याउनु भएको छ । उहाँ पोखरादेखि बाहिर पनि उत्तिकै लोकप्रिय हुनुहुन्थ्यो । उहाँको निधनबाट यस क्षेत्रमा ठूलो क्षति भएको छ ।

पोखराले आफ्ना अग्रजहरुको राम्रो सम्मान गर्ने गरेको मैले पाएको छु । धर्मशीला बुद्ध बिहारले आफ्ना संस्थापिका धर्मशीला गुरुमाको नाममा बिहार को नाम धर्मशीला बुद्ध बिहार, प्रतिमा निर्माण, किताब प्रकाशन, विद्वत वृत्ति स्थापना गरेको छ भने अनागारिका सुधम्माको नाममा पुरस्कार स्थापना गरेको छ । त्यस्तै भिक्षु सुभद्रको नाममा पनि किताब प्रकाशित भएको छ । त्यहि क्रममा अहिले दिवगत सोम बज्राचार्यको नाममा धर्म चक्षु को स्मृति अंक प्रकाशित गर्न लागेकोमा बिहार परिवारलाई म साधुवाद टक्रयाउँछु ।

### आभास

पोखरासित मेरो मोह जत्तिको बलियो हुँदै थियो, त्यति नै मोह सोमदाइसित गहिरिँदै थियो । सङ्गीतको नशामा काठमाडौंबाट हार्मोनियम बोकेर पोखरा पुग्दा उनी हाम्रो जमघटमा विरलै छुट्थे । मैले तवला बेगर नै गाएको बखत सोमदाइ गीतको ताल सहजै पहिल्याउँथे- 'झप ताल है ?' म सोच्थेँ- अप्ठ्यारो काललाई पनि सहजै छुट्याउने यी मान्छे भित्रको कलाकार पक्कै पनि समझदार हुनुपर्छ । अहिले सम्झन्छु- 'संगीतको अप्ठ्यारो काललाई समेत सहज बुझ्ने त्यो कलाकारले जीवनको लय-समीकरण किन आफै बिगारेको होला ? मृत्यु त हरेक जीवनसित लयबद्ध ढंगले गाँसिएरै आएको थियो नि ! पर्खिदिएको भए हुन्थ्यो । कतै नयाँ मुर्च्छना गाँसिन पनि त सक्थ्यो ।' तर सोमदाइको सम्बन्धमा अब मेरो यो तर्कनाको अर्थ रहेन । हामी भन्ने गर्छौं नि- सायद उसको आयु यत्ति नै थियो । मसँग यतिबेला आफ्नो जीवन-लय कायमै भएकाहरुले जीवन-लय समाप्त भइसकेकालाई प्रयोग गर्दै आएको उही वाक्यांश मात्र छ- सोमदाइ । हार्दिक समवेदना ।

### गौतम विजुक्छे, सह-सचिव, झिगुमञ्च झिगु संस्कृति पुच

सोमदाइ संगीतको माध्यमबाट धर्म र संस्कृतिको संरक्षणमा दत्तचित्त हुनुहुन्थ्यो । ज्ञानमाला भजन र रामायण गायनलाई एकसाथ लिएर हिंड्ने सोमदाइलाई धार्मिक सद्भावका प्रतीकका रुपमा समेत मान्नुपर्दछ । नेवारी संस्कृतिप्रति गहिरो अभिरुचि राख्ने सोमदाइले नेवारी गीतहरु गाएर पोखरामा नेवारी सांस्कृतिक गतिविधिको उत्थानमा अत्यन्त महत्वपूर्ण योगदान दिनुभएको छ ।

आज सोमदाइ हुनुहुन्न । उहाँको अभाव धेरै काल पर्यन्तसम्म खटकिने छ । भौतिक रुपमा उहाँ नरहनुभए पनि उहाँको सिर्जना र योगदानका माध्यमबाट उहाँ सदा जीवित रहनुहुनेछ ।

### महेश कुमार पालिखे, नायो, पालिखे युवा पुच

सोमदाइको असामयिक निधनले यस पुचः अत्यन्त दुखित छ। मृत्युको पीडा स्वभाविक भए पनि उहाँले जुन ढंगले आफूलाई विसर्जित गर्नुभयो, त्यस्तो अवस्था कसैलाई नपरोस् । दुखको आवेशमा उहाँले जे जस्तो निर्णय लिनुभयो, त्यसबाट उहाँसंग परिचित सबैलाई स्तब्ध बनाएको छ । खुशीहरु बाँड्न सिपालु सोमदाइले दुख कहिल्यै बाँड्नुभएन ।

लोकगीत, आधुनिक गीत, बौद्ध भजन र रामायण गायनका माध्यमले पोखरेली संगीतको विकासमा उहाँले पुऱ्याउनु भएको योगदानको यस पुचः मुक्तकण्ठले प्रशंसा गर्दछ ।

हामी आदरणीय सोम बज्राचार्यका दिवंगत आत्माको चीरशान्तिको लागि हार्दिक प्रार्थना गर्दछौं ।

### चिजमान शाक्य

पोखराका चर्चित संगीतकार, कलाकार तथा गायक सोम बज्राचार्य प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै उहाँको निर्वाणको लागि कामना गर्दछु ।

उहाँसित सफाई जागरण अभियानको अध्यक्ष हुँदा म कोषाध्यक्ष भई काम गर्ने मौका पाएको थिएँ । सायद उहाँ दानवीर भएर होला, उहाँको पालामा

सफाई जागरण अभियानको लागि आर्थिक संकलन पनि राम्ररी नै (जुराउनु) भएको थियो । टोलका प्रत्येक कार्यक्रम गर्दा अर्थको कुरा आउँथ्यो, र आर्थिक संकलन गर्नु पर्ने हुन्थ्यो, हामी उहाँसित प्रस्ताव गर्थ्यौं । आर्थिक संकलनको लागि, हामीले जति सोचेर जान्थ्यौं उहाँ समक्ष, उहाँले हाम्रो सोचाई भन्दा बढि आर्थिक सहयोग गर्नु हुन्थ्यो । मलाई लाग्छ, पोखराको गीत/संगीत, धार्मिक, सामाजिक, आर्थिक क्षेत्रको नक्षत्रको अवसान भएको छ ।

**अलिमियाँ लोक वाङ्मय पुरस्कारबाट पुरस्कृत हुनु भएका गायक तथा संगीतकार सोम बज्राचार्यको असामयिक निधन भएकोमा यो प्रतिष्ठान ज्यादै दुखित भएको छ ।**

कला, साहित्य र संस्कृतिको क्षेत्रमा वहाँले पुऱ्याउनु भएको योगदान उल्लेखनीय छ । यस प्रतिष्ठान वहाँको दुखद निधनमा

गहिरो दुःख प्रकट गर्दै शोक संतप्त
वहाँको परिवार प्रति समवेदना प्रकट गर्दछौं ।



*हनिफ मियाँ*

अध्यक्ष

**तथा अलिमियाँ लोक वाङ्मय प्रतिष्ठान परिवार**

**पोखरा, कास्की**

अनुसन्धानले लम्ब्याइ दिएको एउटा लामो आयुलाई आफ्नै मनको विपालु सर्पले क्षणभरमै समाप्त पार्न सक्दो रहेछ । मनोवललाई उच्च राख्न नसक्ने हो र विपाक्त मनलाई निर्विपीकरण गर्न नसक्ने हो भने दुनिया भरका तमाम अथक प्रयत्नहरुले र उपलब्धीहरुले मानिसलाई सुस्वस्थ्य र दीर्घजीवी बनाउन सक्ने छैनन् । गीत-संगीत र अन्य मानवोपयोगी सीपहरुको साधनार त कलाकर्मीहरुले मनको सवलीकरण र निर्मलीकरण गर्ने कुरालाई पनि उत्तिकै ध्यान देऊन् ।

गृहत्याग गरेर गएको छोरालाई सम्झाई बुझाई फर्काउन सकिन्छ । देशत्याग गरेर विदेशिएका छोर लाई पनि रोई कराई फर्काउन सकिन्छ । तर देहत्याग गरेर गएका व्यक्तिहरुलाई केही गरे पनि फर्काउन सकिन्न । ती सबै नआउने गरी गएका हुन्छन् । हाम्रा सोम पनि यसरी नै गएका छन् । पोखराको प्राङ्गणमा नयाँ नयाँ सांगीतिक कोसेलीहरु लिएर अब उनी आउने छैनन् । उनका सुमधुर स्वरहरु र सम्झनाहरुमा आफूलाई हराउनु सिवाय अब हामीसंग अरु कुनै उपाय छैन ।

कुराले गाउँ जान नपाएकोमा वडो पछुतो अनुभव गरेको छु । हुनत नभएको कुरालाई सम्झेर दुख मान्ने मानवीय स्वभाव हो यो । सोमजीका लागि सारिएको दिन अब कहिल्यै नआउने गरी वहाँ हामी सबैलाई छलेर जानुभयो ।

अबका बसाईहरुमा स्मृतिको एउटा नाम थपिने भएको छ साथी सोमजी को यो सम्झदा दुख लाग्नु स्वभाविकै हो । सोमजी, तपाई सधै आफू हाँसेर अरुलाई समेत हँसाउने मान्छे किन, आज सबैलाई रुवाएर जानुभो ? यो प्रश्न सधै अनुत्तरित नै रहने भएको छ । तर तपाई जहाँ भएपनि जुन अवस्थामा भए पनि तपाईको आत्माले चिर शान्ति प्राप्त गरोस् भगवानसंग यिनै प्राथना सहित शब्द श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । अस्तु.................................।

◎

हाम्रा भूतपूर्व अध्यक्ष सोम बज्राचार्यको निधन भएकोमा हामीलाई गहिरो दुःख लागेको छ । हामी वहाँको निर्वाण लाभको कामना गरी शोक संतप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

पवनमान गुभाजू

अध्यक्ष

**सरसफाई जागरण अभियान**

उपल्लो क्षेत्र, मोहरिया टोल परिवार, पोखरा

**हाम्रा सहयोगी तथा सहकर्मी साथी चर्चित गीतकार तथा संगीतकार सोम बज्राचार्यको देहावसानले हामीलाई गहिरो चोट लागेको छ । हामी वहाँको निर्वाण लाभको कामना गरी शोक संतप्त परिवारप्रति समवेदना प्रकट गर्दछौं ।**

कृष्ण बहादुर श्रेष्ठ

अध्यक्ष

**तथा झिगु भाय झिगु संस्कृति परिवार, पोखरा**

पोखरेली युवा साँस्कृतिक परिवारका भूतपूर्व अध्यक्ष

तथा चन्द्र लक्ष्मी सिर्जना ग्रामका जगमाहाल

**गायक तथा संगीतकार सोम बज्राचार्यको**

असामयिक निधनबाट यस परिवारलाई गहिरो चोट लागेको छ ।

हामी वहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दैछौं र

वहाँको शोक संतप्त परिवार प्रति समवेदना व्यक्त गर्दछौं ।

*ईश्वरमणि अधिकारी*

अध्यक्ष

तथा पोखरेली युवा साँस्कृतिक परिवार, पोखरा

---

**हाम्रा सहयोगी ख्यातिप्राप्त गीतकार तथा संगीतकार**

**सोम बज्राचार्यको असामयिक निधनले हामीलाई स्तब्ध पारेको छ**

हामी वहाँलाई श्रद्धाञ्जली अर्पण गर्दै शोक संतप्त परिवारप्रति

हार्दिक समवेदना प्रकट गर्दछौं ।

*कुलमान बुद्धाचार्य*

अध्यक्ष

तथा सद्धर्म सभा, धर्मसंघ बुद्ध बिहार परिवार

मोहरिया टोल, पोखरा

---

## निर्वाण कामना

ज्ञानमाला संघका भूतपूर्व अध्यक्ष तथा दायक सभाका सहयोगी

**गीतकार तथा संगीतकार सोम बज्राचार्यको**

असामयिक देहावसानले हामीलाई दुःखित बनाएको छ ।

हामी वहाँलाई श्रद्धाञ्जली अर्पण गर्दै वहाँको निर्वाण कामना गर्दछौं ।

**दायक सभा**

धर्मशीला बुद्ध बिहार

धर्मशीला मार्ग , नदीपुर पोखरा

का.जि.द.नं.३३/०५३/०५४ - हु.द.नं: ०१/०५८/०५९

# निर्वाण कामना



गायन, सांगीतिक एवं रचनाको क्षेत्रमा साधनारत

**मेरा कान्छा सुपुत्र सोम बज्राचार्यको २०६२ मंसिर २६ गते अकल्पनीय**

देहावसान भएकोमा हामी सम्पूर्ण परिवार अत्यन्त दुःखित

एवं भावविह्वल भएका छौं ।

हामी उनको निर्वाणको कामना गर्दै

सुखावती लोक प्राप्त होस् भनी प्रार्थना गर्दछौं ।

यस दुखद घडीमा हामीप्रति सहानुभूति राखी

समवेदना प्रकट गर्नु हुने सम्पूर्ण

इष्टमित्र, नातेदार, शुभचिन्तक तथा संघ संस्थाहरूप्रति

हार्दिक आभार व्यक्त गर्दछौं ।

| | | | |
|---|---|---|---|
| पिता | :चन्द्रमान बज्राचार्य | छोरा | : नितिन बज्राचार्य |
| दिदी | :सुश्री सूर्यमाया बज्राचार्य | छोरी | : सञ्जीला बज्राचार्य |
| धर्मपत्नी | :श्रीमती शान्ति बज्राचार्य | छोरी | : श्रृँला बज्राचार्य |